# लेखापरीक्षण प्रतिवेदन

## ठोरी (सुवर्णपुर) गाउँपालिका, पर्सा

आर्थिक वर्ष २०८१/८२



**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

# ठोरी (सुवर्णपुर) गाउँपालिका, पर्सा

आर्थिक वर्ष २०८१/८२

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन
गर्ने विश्वसनीय सार्वजनिक संस्था

*(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय
लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide Independent and Quality Audit Service)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | *(Independence)* |
| निष्ठा | *(Integrity)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |
| व्यावसायिकता | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

**(तोयम राया)**

**२०८३ वैशाख** **महालेखापरीक्षक**

**महालेखापरीक्षकको कार्यालय**

**Office of the Auditor General**

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, मधेश प्रदेश**

**काठमाडौं**

प.सं.:2082/83 मिति : २०८३-१-३०

च.न :APPROVED/FAR/2081-82/LOC/748

"

श्रीमान्  अध्यक्षज्यू,

ठोरी (सुवर्णपुर) गाउँपालिका,

गाउँकार्यपालिकाको कार्यालय, पर्सा।

**विषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।**

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।०८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

( तारा प्रसाद पाण्डे )

नायब महालेखापरीक्षक

प.सं.:2082/83 मिति : २०८३-१-३०
च.न :APPROVED/FAR/2081-82/LOC/748

श्रीमान् अध्यक्षज्यू ,

ठोरी गाउँपालिका,गाउँकार्यपालिकाको कार्यालय

पर्सा।

**विषयः लेखापरीक्षण प्रतिवेदन।**

## १. कैफियत सहितको राय

हामीले त्यस ठोरी गाउँपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०८२ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरूसमावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

## २. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. महलेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजानिक लेखामानको ढाँचामा वित्तीय विवरण तयार गर्नुपर्नेमा यस पालिकाले तयार गरेको वित्तीय विवरणमा अन्तरसरकारी अख्तियारी , आन्तरिक आय, विविध कोष लगायतका कारोबार समावेश गरेको छैन ।

२.२. पालिकाको आय र व्ययतर्फ रु.९६ करोड ७६ लाख ७८ हजारको लेखापरीक्षणबाट रु.३ करोड २० लाख ५० हजार बेरुजू देखिएकोमा प्रतिक्रियाबाट रु.७ लाख ५३ हजार फस्योँट भई असुल गर्नुपर्ने रु.२८ लाख १० हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.१ करोड ८९ लाख १३ हजार, नियमित गर्नुपर्ने रु.९४ लाख ७५ हजार र पेश्की बाँकी रु.१ लाख गरी जम्मा रु.३ करोड १२ लाख ९७ हजार बाँकी रहेको छ । गत वर्षसम्म कायम बेरुजू रु.२९ करोड ४० लाख ५६ हजार मध्ये रु.० फस्योँट भई यसवर्षको थप समेत हालसम्म अद्यावधिक बेरुजू रु ३२ करोड ५३ लाख ५४ हजार बाकी रहेको छ । बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले गाउँपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौँ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**३. अन्य बेहोरा-** लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

## ४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। गाउँकार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

## ५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आकडा मानिएको छ ।

( तारा प्रसाद पाण्डे )
नायब महालेखापरीक्षक

## बेरुजु वर्गीकरण

### चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट सम्परीक्षण | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ८८ | ६९ | ३,२०,५०,१७३ | ० | १० | ७,५२,७९३ | ० | ८८ | ५९ | ३,१२,९७,३८० | २८,०९,६०५ | ९४,७५,००० | १,८९,१२,७७५ | ० | ० | २,८३,८७,७७५ | १,००,००० |

### अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| पर्सा | २९,४०,५६,१३६ | ० | ० | २९,४०,५६,१३६ | 0 | ३,१२,९७,३८० | ३२,५३,५३,५१६ |

### बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०८१/८२ | ५९.२ | सशर्त स्वास्थ्य तर्फ:- | ३,२३५ |
| २ | २०८१/८२ | ५७.३ | निशुल्क पाठ्यपुस्तक:- | ६,९४,६२८ |
| ३ | २०८१/८२ | ५६.३ | दिवा खाजा | ५४,९३० |
| जम्मा | | | | ७,५२,७९३ |

# ठोरी (सुवर्णपुर) गाउँपालिका, पर्सा

# ( ८०२२२५०५३०० )

# ठोरी गाउँपालिका , पर्सा

## परिचय

१

**(क) कार्यालय परिचय :**-स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ५ वटा वडा रहेको छ भने क्षेत्रफल १२८.६७ वर्ग कि.मी. तथा जनसंख्या २०,२९६ रहेको छ।

**(ख) लेखापरीक्षणको उद्देश्य :**- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :**- यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।१०।११ देखि २०८२।१०।१३ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :**- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :**- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :**- कार्यालयको आय – व्ययतर्फ रु.९६७६७७९१७। को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय विवरण**

स्थानीय सरकार संचालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शिर्षक सम्वन्धी व्यवस्था अवलम्वन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखापरीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले महालेखापरीक्षकबाट मिति २०७६।२।१९ मा स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलब्ध गराएको स्थानीय सरकारको कोष प्राप्ती र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन अनुसार मिति २०८२।१०।१२ मा तयार पारेको एकिकृत आर्थिक विवरण देहायानुसार रहेको छ ।

| प्राप्ति | | भुक्तानी | |
|---|---|---|---|
| विवरण | रकम | विवरण | रकम |
| सुरु मौज्दात | | चालु खर्च | २७०७२६२५९ |
| १. संचित कोष | २१०५६१०४ | पुँजीगत खर्च | १०३५७४२४७ |
| २.धरौटी | ३६४१८१५ | अन्तर सरकारी अख्तियारी (संघ) | |
| 3. अन्य कोष | ० | क) सामाजिक सुरक्षा | ९५०८२६४९ |
| यस वर्षको आय | | ख) धरौटी फिर्ता तथा सदर स्याहा | २५०१९८६ |
| १.आन्तरिक आय | ४२६७३९३ | ग) कार्यसञ्चालन कोषबाट भएको खर्च | |
| २. वित्तीय हस्तान्तरण (संघ) | | घ) राष्ट्रपती शैक्षिक सुधार कार्यक्रम | ६००००० |
| क) समानीकरण अनुदान | ८३७७६८८० | अनुदान फिर्ता | |
| ख) सशर्त अनुदान | १८५७०३००० | क)सामाजिक सुरक्षा फिर्ता | ० |
| ग)विशेष अनुदान | ४२००००० | ख) सशर्त अनुदान (संघ) | ११२५७२५७ |
| घ) राजस्व बाँडफाँड | ८३७९९८०४ | ग) सशर्त अनुदान (प्रदेश) | १०८८३९० |
| ३. वित्तीय हस्तान्तरण (प्रदेश) | | | |
| क) समानीकरण अनुदान | ६२९५००० | | |
| ख) सशर्त अनुदान | ६८००००० | | |
| ग) समपुरक अनुदान | ० | अन्तिम मौज्दात | |
| घ) विशेष अनुदान | ० | क) संचित कोषको मौज्दात | १८७१९१२१ |
| ङ) राजस्व बाँडफाँट | ६८५१३७५ | ख) धरौटी | ३८८५५१४ |
| ४. अन्तर सरकारी अख्तियारी | | ग) आन्तरिक राजस्व खाता | १०९६२६ |
| क) सामाजिक सुरक्षा | ९५०८२६४९ | | |
| ख) राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम | ६००००० | | |
| ५. धरौटी आय | २४७१०२९ | | |
| ६. कार्यसञ्चालन कोष | ३०००००० | | |
| ७. अन्य कोषको आय | ० | | |
| जम्मा | ५०७५४५०४९ | जम्मा | ५०७५४५०४९ |

३ **अनुदान प्राप्तीको अवस्था**

नेपालको संविधानको धारा ६० मा संघ, प्रदेश र स्थानीय तहबीच राजस्व बाँडफाँट तथा वित्तीय समानीकरण, सशर्त, विशेष र समपूरक अनुदान दिने व्यवस्था गरिएको छ। संघ र प्रदेशलाई स्थानीय तहलाई अनुदान प्रदान गर्ने संवैधानिक आधार बमोजिम पालिकालाई देहायानुसार सशर्त, विशेष, समपुर र समानीकरण अनुदान प्राप्त भएको छ । पालिकालाई यस वर्ष प्राप्त कुल अनुदान रु २७ करोड ४४ लाख ३६ हजार मध्ये रु १ करोड २३ लाख ४५ हजार फिर्ता गरेको छ । पालिकाले संघीय सरकारबाट रु २८ करोड ३० लाख ३ हजार र प्रदेश सरकारबाट रु १ करोड ९२ लाख ९५ हजार गरी कुल ३० करोड २२ लाख ९८ हजार स्रोत अनुमान गरेकोमा संघीय

सरकारबाट ७.२७ प्रतिशत न्यून रु २६ करोड २४ लाख २२ हजार र प्रदेशबाट ३७.७४ प्रतिशत न्यून रु १ करोड २० लाख १३ हजार समेत जम्मा ९.२१ प्रतिशत न्यून रु २७ करोड ४४ लाख ३६ हजार प्राप्त भएको देखियो । यस्तो प्राप्त हुने अनुदान गत वर्ष रु २८ करोड २१ लाख ८५ हजार प्राप्त भएको देखिन्छ । पालिकालाई प्राप्त हुने अनुदान देहायानुसार विगत वर्षको भन्दा यस आर्थिक वर्षमा २.७४ प्रतिशत अर्थात रु ७७ लाख ४९ हजार कम प्राप्त भएको छ ।

**(विस्तृत विवरण बेरूजु दफा ३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

४ **वित्तीय विवरणको यथार्थता**

पालिकाको आर्थिक कार्यप्रणाली लेखाङ्कन गर्न स्थानीय संचित कोष व्यवस्थापन प्रणाली प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोबारको लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ती र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन ( म.ले.प.फा.नं. २७०) तयार गर्नुपर्दछ । पालकिाले सामाजिक सुरक्षा तर्फको रु ९५०८२६४९।र राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम रु ६०००००। सहित रु ९५६८२६४९। को सुत्रमा लेखाङ्कन गरेको देखिएन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरण समेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था हुनुपर्दछ ।

५ **समपुरक अनुदान**

समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०७५ को दफा ७ मा सङ्घीय सरकार र स्थानीय तहले आयोजनाको कुल लागतको ५०:५० प्रतिशतका दरले बराबर अंश व्यहोर्नुपर्ने व्यवस्था छ । पालिकाले Construction of Thori Park को लागि हिरण्य वालकृष्ण इन्जिनियरिङ कन्सल्टेन्सी प्रा लिसँग भ्याट र पिएस सहित रु ६८१०१५२। मा सम्झौता गरी भ्याट र पिएस सहित रु ६७७५७४२। मा कार्यसम्पन्न गर्दा आर्थिक वर्ष २०८०/८१ मा मिति २०८१।२।२२ मा पेश्की रु ११५००००।, मिति २०८१।३।२२ मा पहिलो रनिङ विलबाट रु ४९७२९१८। सहित जम्मा रु ६१२२९१८। संघीय सरकारबाट र यस आर्थि वर्षमा पालिकाले रु ६५२८२४। भुक्तानी गर्दा समपुरक अनुदान सम्वन्धी कार्यविधि २०७५ को पालना भएको देखिएन । सम्पन्न कार्य रु ६७७५७४२। को पचास प्रतिशतले हुने रु ३३८७८७१। पालिकालेको अंश हुनुपर्नेमा रु २७३५०४७। कम रु ६१२२९१८। भएकोले कार्यविधि बमोजिम ५० प्रतिशत अंश भन्दा संघीय सरकारको बढी खर्च भएको रकम संघीय संचित कोषमा दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २७,३५,०४७ |

६ **बैंक हिसाव विवरण:**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शिर्षकको वर्गीकरण अनुसार लेखाङ्कन र बैंक हिसाव मिलान विवरण ( म.ले.प.फा.नं. २१२) तयार गरी हिसाव भिडान गर्नुपर्ने उल्लेख छ । पालिकाले बैंक हिसाव मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैंक मौज्दात देहायानुसार रहेको छ ।

| खाताको प्रकार | श्रेस्ता अनुसार बाकी रु | बैंक अनुसार बाकी रु |
|---|---|---|
| ग १.१, आन्तरिक राजस्व खाता | (२९,१०,१५२.७२) | ० |
| ग २.३, विविध खर्च खाता | ७,७३,६४२.०० | ० |
| ग २.७, विविध खर्च खाता | (७,५७,०८८.००) | ० |
| ग ३.१, स्थानीय तह धरौटी खाता | ३८,८५,५१४.०५ | ३८,८५,५१४.०५ |
| ग ४.१, स्थानीय तह सञ्चित कोष खाता | १,६०,३४,०३२.७६ | १,८७,१९,१२१.४९ |
| ग ७.२, स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | ४,३६,५१६.५८ | ० |
| जम्मा | १,७४,६२,४६४.६७ | २,२६,०४,६३५.५४ |

उपरोक्त विवरण अनुसार श्रेस्ता भन्दा बैंक विविध खर्च खातामा रु ७७३६४२। र स्थानीय तह प्रकोप व्यवस्थापन खातामा रु ४३६५१६।५८ सहित रु १२१०१५८।५८ कम देखिएको छ । पालिकाले हिसाव मिलान विवरण तयार गरी पेश गरेको छैन । बैंक

भन्दा श्रेस्ता बढी देखिएकोले हिसाव मिलान विवरण तयार गरी पेश गर्नुपर्दछ ।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १२,१०,१५८ |

७ **दायित्व बाँकी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २५ मा राजस्व असुल गर्ने र दाखिला गर्ने सम्बन्धी प्रावधान रहेको छ । उक्त दफामा कुनै पनि सरकारी कार्यालय वा अधिकारीले असुल गरेको राजस्व वा कर सोही आर्थिक वर्षमा तोकिएको समयभित्र सरकारी सञ्चित कोषमा दाखिला गर्नुपर्ने कानुनी दायित्व निर्धारण गरेको छ। पालिकाले यस आर्थिक वर्षमा देहायानुसार दायित्व बाँकी रहेको देखिएकोले सम्वन्धीत शिर्षकमा दाखिला गरी प्रमाण पेश गर्नुपर्ने देखिएको रु

| क्र स | विवरण | रकम रु |
|---|---|---|
| १ | वहाल कर (प्रदेश पूजिगत शिर्षक) | ७००० |
| २ | दैवी प्रकोप कोष कट्टी | १६०१ |
| ३ | अग्रिम कर | ५९९ |
| | जम्मा | ९२०० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९,२०० |

८ **संगठन तथा कर्मचारी व्यवस्थापन**

८.१ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन**– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ६९ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशासकीय अधिकृत स्वास्थ्थ वडाहरु सहित १० जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत, इन्जीनियर, जनस्वास्थ्य अधिकृत सहित ५९ पदहरु रिक्त रहेका छन् । सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

८.२ क)स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । पालिकाले स्वास्थ्य सेवा तथा नगरपालिका अन्तर्गत ९९ कर्मचारीहरु करारमा राखि तलब भत्ता बापत रु.२०८१२९२९.१५ भुक्तानी गरेको छ ।

ख)सोही ऐनको दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, प्लम्बर इलेक्ट्रीसियन चौकीदार माली बगैँचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिनेमा उल्लेखित पद बाहेकको इन्जिनियर २, सव इन्जिनियर १,कम्प्यूटर अपरेटर १, कार्यालय सहयोगी वडा र स्वास्थ्य संस्थामा ६३ जना करार नियुक्ति भई कार्यरत रहेको देखिन्छ । ऐन बमोजिम करारमा राख्न नपाउने उक्त पदहरुमा पालिकाले करारमा राखी तलब भत्तामा रु.१३२४४४९२।खर्च गरेको छ । O&M बमोजिम कर्मचारी नियुक्त गरेको पालिकाको भनाई रहेको छ ।

८.३ **दैनिक तथा मासिक ज्यालादारी खर्चः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था बमोजिम दरवन्दी स्वीकृत र पदपूर्ति हुनुपर्ने व्यवस्था छ ।

पालिकाले मासिक तथा दैनिक ज्यालादारी तर्फ पालिका केन्द्र, वडा कार्यालय र स्वास्थ्य तर्फ गरि सहायक कम्प्युटर अपरेटर १, कार्यालय सहयोगी १, सरसफाई कर्मचारी १ र अन्य ५ समेत ८ कर्मचारी राखि रु.२१५१४६०। खर्च गरेकोमा पालो पहरा खर्च, स्वीकृत दरबन्दीलाई नजर अन्दाज गरि नियमित र टुक्रे ज्यालादारीमा समेत थप नियुक्त गरको छ । पालिकामा डोर हाजिरी कर्मचारीको कामको अभिलेख नराखी अर्थात ३० दिनको डोर हाजिरी पेश गरी भुक्तानी भएकोमा डोर हाजिरी प्रमाणित गर्ने र सुपरभाईज गर्ने कार्यमा एकरुपता नदेखिएको हुँदा दैनिक ज्यालादारीमा भुक्तानी भएको रकम यथार्थपरक नहुन सक्ने, दैनिक रुपमा कार्य नगरी डोर हाजिरीको आधारमा भुक्तानी हुनसक्ने र यस्ता जोखिम रोक्नको लागि पालिकाले आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी बनाउनु पर्दछ । पालिकाले काम, कर्तव्य, अधिकार सहितको कार्यविवरण वेगर वडाबाट सम्झौता गरी नियुक्ति दिई खर्च लेख्ने कार्य नियमसम्मत देखिएन। यस्तो कार्यमा सुधार गर्नुपर्दछ ।

८.४ **तलवी प्रतिवेदनः-** निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई संघीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ ७ कर्मचारीहरुको रु.५९४३०००। र पालिकाका ६ कर्मचारीको रु.५०४१०००। समेत रु.१०९८४०००। खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता तथा ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

८.५ **कर्मचारी कल्याणकोष**: स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले योगदानमा आधारित उपदान वा निवृत्तभरण, औषधि उपचार लगायतका सुविधा उपलब्ध गराउनको लागि खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी अवकाश कोषमा जम्मा गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले २०७६ श्रावण पछि नियुक्त कर्मचारीको हकमा निजको तलबबाट ६ प्रतिशत कट्टा र सोही बराबर थप गरी योगदानमा आधारित निवृत्तिभरण कोषमा जम्मा गरे तापनि अन्य कर्मचारीको हकमा ऐन बमोजिमको रकम कट्टा गरी अवकास कोषमा जम्मा गर्ने गरेको पाइएन । पालिकाले कर्मचारी कल्याणकोषको व्यवस्था गर्नुपर्दछ ।

## ९ बजेट तथा कार्यक्रम

९.१ **क.बजेट तथा कार्यक्रम तर्जुमा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

**ख.बजेट सीमा निर्धारण समिति** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले बैशाख १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

९.२

**रकमान्तर**- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७९ मा कार्यपालिकाको निर्णयवाट कुनै शीर्षकमा विनियोजित बजेटबाट पूंजिगत शीर्षकमा बढीमा २५% सम्म रकमान्तर गर्न सकिने व्यवस्था छ । साथै पालिकाको विनियोजन ऐन, २०८१ को दफा ३ (२) मा कार्यपालिकाले एक शीर्षकबाट अर्को शीर्षकमा बढीमा १०% सम्म रकमान्तर गर्न सक्ने तर पुँजीगत तथा वित्तीय व्यवस्थाका लागि विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा वाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बितीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ विनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा वाहेक अन्यमा सार्न नसकिने व्यवस्था छ । पालिकाले यस आर्थिक वर्षमा गा पा को लागि ग्रेडर खरिद आंशिक रकम, भैपरी आउने पूजीगत खर्च लगायतका ३५ योजना तथा कार्यक्रमबाट रु.१ करोड ७२ लाख घटाएको तथा भैपरी आउने पूजीगत खर्च, ठोरी गा पा स्तरीय १५ शैयाको अस्पताल निर्माण समेत ४९ योजना तथा कार्यक्रमबाट रु.२ करोड २७ लाख ७० हजार बजेट थप गरिएकोमा संघिय तर्फको थप रकम समेत थप भएको जनाएको छ । यसरी बजेट रकमान्तर गरिएको अंक सुरुवाती बजेटको तुलनामा प्रतिशत हुने देखिन्छ । रकम थप गरिएका योजना तथा कार्यक्रमहरुमा कतिपय चालु प्रकृतिका खर्चहरु रहेको देखिन्छ । कानूनले तोकेको भन्दा बढी मात्रामा रकमान्तर गर्दा योजना तथा कार्यक्रम अनुसार खर्च नभएको तथा बजेट खर्च लेख्दा तोकीएको खर्च शीर्षकभन्दा अन्य खर्च शीर्षकबाट भुक्तानी लेखिएको देखिन्छ । वर्षान्तमा ठुलो मात्रामा रकमान्तर गर्दा आर्थिक अनुशासन कमजोर हुन सक्ने हुदाँ बजेट बनाउदा कार्यन्वयन योग्य योजनाको छनौट गरी सोही अनुसार बजेट खर्च लेख्ने तथा कानूनले तोकेअनुसार मात्र रकमान्तर गर्नुपर्दछ ।

९.३ **क्षेत्रगत बजेट र खर्च:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) बमोजिम बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था रहेको छ।

| क्र.सं. | क्षेत्र/उप क्षेत्र | विनियोजन | खर्च | खर्च (%) | मौज्दात |
|---|---|---|---|---|---|
| १ | आर्थिक विकास | २३२७७०००. | १८८७६५१३.६ | ८१.०९ | ४४००४८६.४ |
| २ | सामाजिक विकास | १०५०७०३८८. | ८७५७५३०५. | ८३.३५ | १७४९५०८३. |
| ३ | पूर्वाधार विकास | ६२६८२६१२. | ४७७४६७५३.६ | ७६.१७ | १४९३५८५८.४ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | १४७८२०००. | १३८०३७०५. | ९३.३८ | ९७८२९५. |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | २२०९१३१५९. | २०६२९८२२८.३५ | ९३.३८ | १४६१४९३०.६५ |
| कुल जम्मा | | ४२६७२५१५९. | ३७४३००५०५.५५ | ८७.७१ | ५२४२४६५३.४५ |

तालिका अनुसार सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र मा सवैभन्दा बढी ९३.३८ प्रतिशत र पुर्वाधार विकास क्षेत्रमा सवैभन्दा न्युन ७६.१७ प्रतिशत खर्च भएको देखिन्छ । पुर्वाधार विकास क्षेत्रको बजेट लगायत पुँजीगत काममा विनियोजित बजेटबाट चेतनामुलक तालिम कार्यक्रमजस्ता कार्यक्रम भएको देखिन्छ । पालिकाले उल्लिखित बजेट क्षेत्र अनुसार विनियोजित बजेटलाई सम्बन्धित क्षेत्रमा मात्र खर्च नगरेकोले उल्लिखित खर्च प्रतिशत वास्तविक भएको भनी विश्वस्त हुन सकीएन । पालिकाले आवश्यकता विष्लेषण गरी बजेट विनियोजन गर्ने र सोहीअनुसार खर्च गर्ने गर्नुपर्दछ ।

९.४ **योजना तथा वजेट कार्यान्वयन** - यस योजना तथा बजेटमा देखिएका प्रमुख व्यहोराहरु निम्नानुसार रहेका छन:

**क.**अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा पालिकाले मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको छैन । साथै दीगो विकासको लक्ष्यलाई स्थानीय तहमा आन्तरिकीकरण गर्न आवधिक योजना तयार गरी लागू गरेको पाइएन ।

**ख.**सार्वजनिक खरिद ऐन, २०६३ अनुसार रु.१० करोड भन्दा बढी रकमको वस्तु, निर्माण, परामर्श लगायत खरिद गर्दाखरिद गुरुयोजना तयार गर्नुपर्नेमा पालिकाले रु.१३ करोड ६४ लाखको खरिद गरेकोमा खरिद गुरुयोजना तयार गरेको पाइएन ।

**ग.त्रैमासिक खर्चः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व नियमावली, २०७७ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक खर्चको स्थिति देहाय बमोजिम छ ।

| शिर्षक | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक | चौथो त्रैमासिक | आषाढ | बजेट | खर्च | खर्च(%) |
|---|---|---|---|---|---|---|---|---|
| चालु | ५८४८४ | ६३४३५ | ५९२८४ | ८९५२१ | ६२१३७ | २९०९२५ | २७०७२६ | ९३.०५ |
| पूंजीगत | ६९४९ | १८९६७ | ३४७०५ | ४२९५१ | २७८४७ | १३५८०० | १०३५७४ | ७६.२६ |
| जम्मा | ६५४३३ | ८२४०२ | ९३९९० | १३२४७३ | ८९९८४ | ४२६७२५ | ३७४३०० | ८७.७१ |

पालिकामा रु.३७ करोड ४३ लाख खर्च भएकोमा प्रथम त्रैमासिकमा रु.६ करोड ४३ लाख ३३ हजार, दोश्रो त्रैमासिकमा रु.८ करोड २४ लाख २ हजार, तेश्रो त्रैमासिकमा रु.९ करोड ३९ लाख ९० हजार, चौथो त्रैमासिकमा रु.१३ करोड २४ लाख ७३ हजार खर्च गरेको र आषाढ महिनामा रु.८ करोड ९९ लाख ८४ हजार मात्र २५ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेकोले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । खर्चको प्रवृत्ति असार महिनामा २५ प्रतिशत खर्च भएको देखिएकोले वर्षान्तको अन्तमा खर्च गर्ने परिपाटीमा सुधार भएको देखिदैन । खर्च गर्ने अख्तियारी समयमा नै प्राप्त हुदाँ समेत वर्षको अन्त्यमा मात्र खर्च गर्ने परिपाटीलाई सुधार गर्नुपर्दछ।

९.५ **योजनाको प्राथमिकीरण-** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकिकरणका आधारहरू गरिवी निवारण, उत्पानदमुलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दीगो र वातावरणीय संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना प्राथमिकताआधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिका पालिकाले आर्थिक वर्ष २०८१।८२ मा वडागत र पालिकास्तरका योजनामा वजेट विनियोजनको विवरण माग गरिएकोमा लेखापरीक्षणका क्रममा पेश भएन । विवरण पेश नगर्नेलाइ जिम्मेबार बनाउनुपर्दछ ।

९.६ **एकमुष्ट बजेट:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा एकमुष्ट बजेट नराखी आय–व्ययको अनुमान पेस गर्नु पर्ने व्यवस्था छ। यस पालिकाले यो वर्ष रु.५० लाख एकमुष्ट बजेट व्यवस्था गरी कार्यपालिकाको विभिन्न मितिमा रकमान्तर गरी ७ योजनामा रु.४९ लाख ४८ हजार कार्यपालिकाको निर्णय बाट खर्च गर्ने गरेको देखिन्छ । जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम नभएकोले बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ ।

९.७ **गत विगतको भुक्तानी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले नियमित र चालु प्रकृतिका खर्चको गत विगतको भुक्तानी दिन बाँकी दायित्व बजेटमा समावेश गरी रु.४४ लाख ९९ हजार भुक्तानी दिएको छ। ऐनको प्रावधान अनुरुप बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमात्र गत विगतको भुक्तानी दिने गरी बजेट निर्माण गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

९.८ **बजेट पेश, पारित र अख्तियारी** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री

गोकुली कुमारी रेग्मी ले मिति २०८१।३।९ गते रु.४२ करोड ७ लाख २६ हजार को बजेट सभा समक्ष पेश गरेकोमा मिति २०८१।३।१३ मा पारित भएको छ । यसैगरी पालिकाका प्रमुखले मिति २०८१।०४।२ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी पारित गर्ने र अख्तियारी दिनेतर्फ ध्यान दिनुपर्दछ ।

१० **आन्तरिक नियन्त्रण प्रणाली:**

१०.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले २०७८।१।३ मा आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा दिग्दर्शन, २०७८ (नमुना सहित) पालिकाहरूलाई तर्जुमा गरी कार्यान्वयन गर्न परिपत्र गरेकोमा सो बमोजिमको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गरेको पाइएन । ऐनले तोके बमोजिमको आन्तरिक नियन्त्रण प्रणाली निर्माण गरी कार्यान्वयन गर्नु पर्दछ । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन:

•पालिका क्षेत्र भित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेखाङ्कन र व्यवस्थापन गरेको पाइएन,

•पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको वार्षिक प्रतिवेदन तयार गरेको पाइएन,

•पालिकाले आफ्नो क्षेत्रमा कार्यान्वियन हुने आयोजनाको विश्लेषण गरी सम्भाव्य आयोजनाको बैंक खडा गरेको पाइएन,

•वातावरण संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको पाइएन,

•शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला व्यवस्थापन स्थल पहिचान एवं कार्ययोजना तयार गरेको पाइएन,

•दीगो विकासका लक्ष्य पुरा गर्न लक्ष्यलाई आन्तरिकीकरण गरी एकिकृत दिर्घकालिन योजना तयार गरेको पाइएन,

•मध्यकालिन खर्च संरचना तयार गरेको पाइएन।

•पालिकाले सार्वजनिक खरिद नियमावली तर्जुमा गर्न सक्ने व्यवस्था रहेकोमा सो अनुसार पालिकाले नियमावली तर्जुमा गरेको पाइएन,

•पालिकाले न्यूनतम दररेट निर्धारण व्यवस्था अनुरुप स्थानीय निर्माण सामाग्री-ढुङ्गा, वालुवा, गिटी, माटो लगायत र वनजन्य विभिन्न काठ दाउरा सामाग्रीको दररेट पुनरावलोकन गरेको पाइएन,

•लागत अनुमान तयार गर्दा साविकको स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग, सडक विभाग तथा भवन विभागको नर्म्स प्रयोग गरेकोमा कार्यपालिकावाट एकरुपता र मितव्ययी हुने गरी आधिकारिक नर्म्सको स्वीकृति र प्रयोग गरेको पाइएन,

•पालिकाले वार्षिक खरिदको गुरु योजना र खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाइएन,

•यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गरेको पाइएन,

•उपभोक्ता समितिबाट सम्झौता बमोजिमको समय, लागत र गुणस्तरमा कार्य सम्पन्न हुन नसकेमा सो को मुल्याकंन गरेको पाइएन,

•पालिकाले विस्तृत परियोजना प्रतिवेदन तयार गरी योजनाहरुको कार्यान्वियन अवस्था खुल्ने गरी एकिकृत रुपमा नापी किताव तयार गरेको पाइएन,

•पालिकाले शिक्षकको नियुक्ती लगायत अभिलेख अद्याबधिक गरि राख्नुपर्नेमा राखेको पाइएन,

•एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) मा प्रविष्ट तथ्याङ्कलाई कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गरी शिक्षा अधिकृतबाट प्रमाणित गरी निकासा गर्नुपर्नेमा निकासा गरेको पाइएन,

•विद्यालय अनुगमन गरेकोमा शैक्षिक गुणस्तर सुधार हुने गरी मापदण्ड तयार गरी अनुगमन प्रतिवेदन गर्ने गरेको पाइएन,

•संस्थागत विद्यालयहरूको दर्ता, नविकरण, शुल्क निर्धारण, अनिवार्य निशुल्क छात्रवृत्ति र अभिलेख व्यवस्थित रहेको पाइएन, विविध तर्फ

•ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी आ.रा.कालाई भुक्तानी समयमा दिएको पाइएन,

•कार्यालयले जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख राखेको पाइएन,

•नागरिक वडापत्रका सेवाहरुको कार्यान्वियन स्थिती अनुगमन संयन्त्र तय गरेको पाईएन,

•हरेक भुक्तानीमा भुक्तानी भएको जनाउने छाप लगाई दस्तखत गरी प्रमाणित गरेको पाइएन,

•विविध खर्चमा होटलका विल पेश भएता पनि कतिपय खर्चको पुष्टि हुने स्पष्ट उद्देश्य र यथार्थता प्रमाणित हुने प्रमाण संलग्न गरेको पाइएन,

•विषयगत क्षेत्रमा सञ्चालन हुने कार्यक्रमको मापदण्ड तयार गरेको पाइएन,

•बेरुजु लगत म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मका फाराम तयार गरी सो अनुरुप बेरुजुको अभिलेख राखेको पाइएन,

•पालिकामा समाहित साविक गाउँविकास समितिको पेश्की तथा बेरुजुको अभिलेख कायम गरी असुल फस्यौट तथा सम्परीक्षण गरेको पाईएन,

•निजामती सेवा ऐन, २०४९ को दफा ५ (क) वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागू गरेको पाइएन,

•म.ले.प. फाराम ९०५ बमोजिम सवारी साधन सञ्चालन लगबुक राखेपनि सवारी साधन अनुरुप प्रयोग खुल्ने गरी पाम्समार्फत वितरण गर्नुपर्नेमा गरेको पाइएन,

•म.ले.प. फाराम ९१४र ९१५ बमोजिम मर्मत आदेश स्वीकृत रअभिलेख राखेको पाइएन,

उपरोक्त अनुसार पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई नियमित, मितव्ययी र प्रभावकारी बनाउन उल्लेखित व्यहोरा सुधार हुने गरी ऐनले तोकेबमोजिमको आन्तरिक नियन्त्रण प्रणाली बनाई कार्यान्वियन गर्नु पर्दछ ।

१०.२ **आन्तरिक लेखापरीक्षणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले कानुन वमोजिम आफ्नो आय र व्ययको आन्तरिक लेखापरीक्षण गराउनु पर्ने व्यवस्था छ । पालिकामा आन्तरिक लेखापरिक्षणको पदमा व्यक्तिभए पनि सम्वन्धित काममा लगाएको पाइएन। पालिकामा आन्तरिक लेखापरीक्षण गर्ने जनशक्ति उपलब्ध नभएको अवस्थामा सम्बन्धित जिल्लाको कोष तथा लेखा नियन्त्रक कार्यालयमा अनुरोध गरी आन्तरिक लेखापरीक्षण गराउनुपर्नेमा कोष तथा लेखा नियन्त्रक कार्यालयलाई अनुरोध गरेको देखिएन । सिमित समय र जनशक्तिको आधारमा अन्तिम लेखापरीक्षणबाट सवै कारोवारको परीक्षण गर्न सम्भव हुने स्थिती छैन । कतिपय कारोवार आन्तरिक लेखापरीक्षणलाई आधार लिई अन्तिम लेखापरिक्षणमा परीक्षण नगरिने मान्यता र प्रचलन समेत रहेको छ । यस्तो अवस्थामा पालिकाले आन्तरिक लेखापरीक्षण गराउने प्रयास समेत नगरेको उपयुक्त देखिएन । अन्तिम लेखापरीक्षण गर्दा पालिकाको कार्यालयको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको देखिएको छ । यस्तो अवस्थामा आन्तरिक लेखापरीक्षण नगराउनेलाई जिम्मेवार वनाउनु पर्दछ ।

१०.३ **सार्वजनिक परीक्षण:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन। तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नु पर्दछ ।

११ **कर्मचारी प्रोत्साहन भत्ता-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन, सञ्चालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, सञ्चालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । स्थानीय तहले कानुन र कार्यविधि नबनाई ७ जना कर्मचारीले लिजामा उत्कृष्ट कार्य गरेको भनि १ महिनाको तलव रु.१ लाख ४७ हजार प्रोत्साहन भत्ता खर्च गरेको कारण आर्थिक व्ययभार बढ्न गएको छ । पालिकाको आन्तरिक आयलाई समेत विचार गरी कानुन बमोजिम खर्च लेख्नुपर्दछ ।

१२ **खर्च बिश्लेषणः**

पालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रु.१२७५२४०, राजस्व बाँडफाँट रु.९०६५११७९.१२। र अनुदानबाट रु.२८६७७४८८०.००। समेत रु.३७८७०१३००।आम्दानी भएकोमा चालु तर्फ रु.२७०७२६२५८.९५। र पूँजिगत तर्फ रु.१०३५७४२४६.६०। समेत रु.३७४३००५०५.५५। खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ०.३४ प्रतिशत रहेको

छ । यसबर्ष पदाधिकारी सुबिधामा रु.६८ लाख ७७ हजार खर्च भएको छ जुन आन्तरिक आयको तुलनामा ५४१ प्रतिशत बढी रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँटको रकमबाट ७२.३२ प्रतिशत चालु र २७.६८ प्रतिशतमात्र पूँजीगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण कार्यक्रम संचालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ ।प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँटको रकम अधिकरुपमा बिकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

## १३ कानून निर्माण एवं कार्यान्वयन

१३.१ **कानून कार्यान्वयन स्थिति**– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ५२ नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ९ वटा ऐन, ६ वटा नियमावली, ९ कार्यविधि, १ मापदण्ड, २ निर्देशिका, १ आचारसहिता १ रणनीति लगायत २९ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ ।पालिकाले ३ वटा कानूनहरु निर्माण गरी सभाबाट स्वीकृत गरेतापनि उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरेको छैन । तसर्थ उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वियनमा ल्याउनु पर्दछ ।

१३.२ न्यायीक समिति– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये झैझगडा सम्वन्ध विच्छेद अन्सबन्डाको मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी ७ वटा र यो बर्ष थप भएको ३५ गरी कुल ४२ विवाद दर्ता भएकोमा ३० वटा मात्र फछ्र्यौट भई १२ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

१३.३ **आवधिक योजना** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागु गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

## १४ सहकारी संस्थाहरुको सुपरिवेक्षण, निरीक्षण तथा अनुगमन

१४.१ **सहकारी नियमन**- सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र २९ वटा सहकारी संस्था रहेका छन् । पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण २० वटा दाखिला गरेको पाइयो । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत १२ लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

१४.२ **सहकारी बचत तथा कर्जा सुरक्षण कोषः** सहकारी ऐन, २०७४ को परिच्छेद १७ दफा १०१ मा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले सहकारी संस्थाहरुको सहभागितामा संस्था हरुले परिचालन गर्ने बचत र प्रदान गर्ने कर्जा सुरक्षण व्यवस्थाको लागि एक सहकारी बचत तथा कर्जा सुरक्षण कोष खडा गर्नुपर्ने व्यावस्था रहेको छ । पालिकाभित्रका सहकारीहरुको सहभागितामा सहकारी बचत

तथा कर्जा सुरक्षण कोष खडा गरि नागरिकहरुको बचत र कर्जा प्रवाहलाई प्रभावकारी हुने गरि कार्य गरेको पाईएन । तसर्थ कानुनले निर्देशन गरेको व्यवस्था कार्यान्वयनमा ल्याउनुपर्दछ।

१४.३ **सार्वजनिक परीक्षण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नु पर्दछ।

## १५ सम्पत्ति उपयोग र संरक्षण

१५.१ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७को परिच्छेद ११ नियम ९९, ९४, ९५ र ९६ अनुसार जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनको सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाई २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । पालिकाले जिन्सी निरीक्षण गरेको पाइएन । यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छः

• पुराना मालसामान तथा उपकरणहरुको अवस्था यकिन गरी लिलाम विक्री तथा मर्मत गरेको पाइएन,

• पालिकाले सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली V1 र जिन्सी रजिष्ट्रमा रहेका मोटरसाइकल, डेक्सटप र प्रिन्टर लगायत अन्य सामान समेत सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली दोश्रो भर्जनमा स्थानान्तरण गरेको पाइएन ।

•पालिकाले गत विगत वर्षको मौज्दात र यस वर्ष खरिद भएका सामानहरुको (PAMS) मा प्रविष्टी गर्नुपर्नेमा वडाका सामान दाखिला गरेको पाइएन,

•पालिकाले एकै किसिमको मालसामानको गत बर्ष खपत भएको परिमाण र चालु बर्षमा खरिद भएको मालसामानको तुलनात्मक विवरण विवरण तयार गरेको पाइएन,

•पालिकाले प्रत्येक कार्यकक्षमा रहेका कार्यालय सञ्चालनसंग सम्वन्धित सामानको विवरण तयार गरि कार्यकक्षमा टाँस गरेको पाइएन,

•पालिका अन्तर्गतको सरकारी घर, जग्गाको लगत किताव (म.ले.प.फा.नं. ४१७) महालेखापरीक्षकवाट स्वीकृत ढाँचामा राख्नु पर्ने र सो ढाँचामा जग्गा धनि पूर्जा प्राप्त भए नभएको व्यहोरा खुलाइ यस्तो विवरण जिल्ला प्रशासन, कोलेनिका र मन्त्रालयमा पठाउनु पर्नेमा पठाएको पाइएन,

•स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४मा पुराना चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुनुपर्नेमा साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण भएका र पालिका स्वास्थ्य चौकीहरुमा रहेका कोष तथा गाउँपालिका खाताको मौज्दात एकीकृत गरी अभिलेख अद्यावधिक गरेको पाइएन,

•पालिकामा मूल्य नखुलेका सम्पत्ति तथा जिन्सी मालसामान कार्यालय प्रमुखले नियमावली प्रारम्भ भएको एक वर्ष भित्र मूल्य कायम गरि सम्पत्ति तथा जिन्सी सामानको श्रेस्ता अध्यावधिक गर्नु पर्नेमा गरेको पाइएन,

•वर्ष भरिका मर्मत गरेका सम्पत्तिको विवरण अध्यावधिक गरेको पाइएन,

• मुल्य नखुलेको सामानको जिन्सी निरीक्षण गरी मुल्य खुलाएको पाइएन,

•स्वास्थ्य शाखा तथा स्वास्थ्य केन्द्रहरुमा हालसम्म स्वास्थ्य मन्त्रालयद्वारा प्रतिपादित Electronic Logistic Management Information system (ELMIS) अन्तर्गत जिन्सी दाखिला गरेको पाईएन,

•पालिकाले गत वर्षको जिन्सी निरीक्षण प्रतिवेदन अनुसारका सरसामान रहेकोमा यस आर्थिक वर्षमा PAMS v2 मा सारेको पाइएन, पालिकाले जिन्सी निरीक्षण गराई पाम्समा जिम्मेबारी नसार्ने कर्मचारी र पदाधिकारीलाई जिम्मेबार बनाउनुपर्ने देखिन्छ ।

१५.२ **जिन्सी अध्यावधिक:** पालिकाबाट खरिद भएका खर्च नहुने सामानहरु वडा कार्यालय तथा विषयगत शाखाहरुलाई हस्तान्तरण गरेको भनि मुल जिन्सी खाताबाट खर्च जनाउने गरेकोले सामानहरुको विवरण सम्बन्धित वडा कार्यालय र विषयगत शाखाहरुबाट प्राप्त गरी मुल जिन्सी खातामा जिन्सी आम्दानी जनाउनुपर्ने भनि विगतको लेखापरीक्षण प्रतिवेदनमा औल्याइएकोमा सुधार भएको पाइएन । पालिकाले खरिद गरी वडा कार्यालय, विद्यालयमा सामान खरिद गरी हस्तान्तरण गरेको भएतापनि वडा र विद्यालयबाट आम्दानी जनाएको प्रमाण संलग्न राखेको, खर्च भएर जाने तथा खर्च भएर नजाने सामान कति निकासी भएको हो पालिकाको मुल जिन्सीमा रेकर्ड नराखेको, वडा कार्यालय, विषयगत शाखाहरु र कर्मचारीले प्राप्त गरेका खर्च नहुने प्रकृतिका सामानहरुको सहायक जिन्सी खाता राखी आन्तरिक नियन्त्रण प्रणाली सुदृढ गर्नुपर्दछ । प्रत्येक वर्षका जिन्सी खातालाई एकिकृत गरी जिन्सी खाता अद्यावधिक गर्नुपर्ने देखिएको छ ।

१६ **अनुत्पादक र धार्मिक सास्कृतिक मेला महोत्सव खर्चः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष फाईदा तथा योगदान पुग्ने, उत्पादकत्व वृद्धी सहित रोजगारी सृजना गर्ने, स्थानीय स्रोत साधन र सिपको उपयोग सहित महिला बालबालिका तथा पिछडिएको वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने दिगो विकासमा आधारित कार्यक्रम छनौट गरी कार्यान्वियन गर्नुपर्ने व्यवस्था छ । पालिका स्थानीय सरकार भएको हैसियतले स्थानीय धार्मिक, सांस्कृतिक पर्व, मेला महोत्सवहरुलाई संरक्षण गर्ने, पर्वर्द्वन गर्ने जिम्मेवारी समेत रहेको भएता पनि मेला महोत्सवको नाममा स्टेज व्यवस्थापन, मुर्ति निर्माण, साउण्ड सिस्टम, माला, गम्छाको अतिरिक्त खाना, खाजा तथा दाल, चामल, मासु, फलफुल खरिद लगायतमा खर्च भएको देखाई भक्तालु, श्रद्धालु तथा अन्य विभीन्न संघ सस्थाबाट प्राप्त भएको भेटिघाटी, आर्थिक चन्दा सहितको कुल खर्चको सार्वजनिक परिक्षण नगरी विल पेशको आधारमा सोधभर्ना दिएको देखिंदा खर्चको यथार्थता र पारदर्शितामा कमजोर देखिएको छ । यो बर्ष पालिका तथा वडास्तरमा पुजा, पर्व तथा मेला महोत्सव शीर्षकको परीक्षण गरिएको भौचरमा रु.१५ लाख ९९ हजार खर्च भएको देखिन्छ । कतिपय वडाहरुमा वडास्तरको योजना तथा कार्यक्रममै बजेट विनियोजन गरि खर्च गरेको हुँदा उल्लेखित शीर्षकमा थप खर्च भएको अवस्था छ । पालिकाले सार्वजनिक कोषबाट खर्च गर्दा मितव्ययी तथा पारदर्शि ढङ्गबाट खर्च गर्नुपर्दछ । केही उदाहरणः

| क्र.सं. | मिति | भौ. नं. | विवरण | खर्च |
|---|---|---|---|---|
| १ | ०६/२१/२०८१ | २१ | दुर्गा पूजा तथा राष्ट्रिय स्तरका कलाकारको साथमा कार्यक्रम खर्च- | ७५,०००.०० |
| २ | ०६/२२/२०८१ | ४७ | सामाजिक सुरक्षा नविकरण सम्बन्धि कार्यक्रम संचालन- | १०००००. |
| ३ | ०६/२३/२०८१ | ५० | विविध सास्कृतिक तथा खेलकुद कार्यक्रममा अध्ययक्ष होम बहादुर श्रेष्ठ, हलुका सवारी चालक | १६७०००. |
| ४ | ०६/२३/२०८१ | ५१ | विविध सास्कृतिक तथा खेलकुद कार्यक्रममा अध्ययक्ष ज्यूले हस्तान्तरण- प्रेम कुमार श्रेष्ठ | १५००००. |
| ५ | ०७/०८/२०८१ | ५६ | गा पा प्रमुखको नेतृत्वमा प्रतिनिधि तथा कर्मचारीको डेलिगेसन खर्च भुक्तानी । - | १७३४५०. |
| ६ | ०७/१५/२०८१ | ९९ | नेवा देव बु को ५ वटै वडाको रकम निकासा । - | १३४०००. |
| ७ | ०७/१६/२०८१ | १९८ | वडा न १ को दिपावली तथा हरीतालिका तिजको खर्च- दिपेन्द्र शर्मा र खेलकुद खर्च | २००००० |
| | | ३७७ | भुपाल कुमार जोशी-राष्ट्रपति रनिङ्गशिल कार्यक्रम | ५९९००० |
| जम्मा | | | | १५९८४५०. |

१७ **कर्मचारी प्रोत्साहन र पुरस्कार:**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवा गठन, सञ्चालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानून बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, सञ्चालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधासम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानून बमोजिम हुने व्यवस्था छ । साथै नेपाल सरकार कार्य संचालन निर्देशिका, २०७७ को ७.१.५ मा सार्वजनिक निकायमा कार्यरत कर्मचारीलाई साविकमा प्रदान गरिदै

आएको पोषाक खर्च, महँगी भत्ता र स्थानीय भत्ता बाहेकका कुनै प्रकारको भत्ता प्रदान गरिने छैन भन्ने व्यवस्था गरेको छ। यो वर्ष पालिकाले कार्यालयमा कार्यरत ५ स्थायी कर्मचारीलाई अतिरिक्त समय तथा फिल्ड भत्ता उपलव्ध गराउने निर्णयबाट कानून नबनाई कर्मचारी प्रोत्साहन भत्तामा रू. २ लाख ६६ हजार खर्च गरेको नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | २,६६,००० |

१८ **पेश्की बाँकी:**

पेश्की बाँकी: आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ मा पेश्की दिने र फस्र्यौट गर्ने व्यवस्था रहेको छ । पालिकाको चालु आर्थिक वर्षमा सुवर्णपुर स्वास्थ्य चौकीको आमा सुरक्षा कार्यक्रम बापत रु.१०००००। पेश्की बाँकी रहेको देखिन्छ । कानुन बमोजिम समयमा पेश्की फस्यौट गर्नुपर्ने देखिन्छ ।

| | |
|---|---|
| पेश्की | १,००,००० |

१९ **आर्थिक सहायता**

पालिकाले आर्थिक सहायताको लागि स्पष्ट मापदण्ड र कार्यविधि तयार गरेको देखिएन । पालिकाले यस वर्ष रु.८ लाख ९६ हजारको वितरण गरेकोमा आन्तरिक आय रु.१२ लाख ७५ हजारको ३०.८७प्रतिशत हुन जाने देखिन्छ । ७० व्यक्ति वा संस्थालाई प्रति सहयोग रु.५००० देखी रु.१ लाख सम्म दिएको छ । पालिकावाट प्रदान गरिने आर्थिक सहायतामा ५ वडाको सिफारिश संलग्न नराखी दिने गरेको, दोहोरो नपर्नको लागि उपयुक्त विधि अवलम्वन नगरेको, स्वास्थ्य उपचार सहयोग, दैवि प्रकोप, चाडपर्व, दुर्घटना सहयोग, छट सहयोग लगायतमा गरिव घर परीवार परिचयपत्र वितरण आधार लिएको देखिएन। स्पष्ट मापदण्ड र कार्यविधि तयार नगरेको, गरिव घर परिवार परिचयपत्रलाई आधार नलिएकोले दोहोरो पर्न सक्ने संभावना रहेकाले पारदर्शि रहेको छ भन्न सकिने आधार देखिएन । यस्तो कार्यमा नियमसमत मान्न सकिएन यस्तो कार्यमा सुधार गर्नुपर्दछ ।

२० **लेखापरीक्षणका क्रममा माग गरिएको विवरण:**

स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ७७ मा पालिकाले आफ्नो आय तथा व्ययको अन्तिम लेखापरीक्षण महालेखापरीक्षकबाट गराउनुपर्ने व्यवस्था छ । अन्तिम लेखापरीक्षण गर्दा आन्तिरक लेखापरीक्षणलाई आधार लिनुपर्ने कानूनमा व्यवस्था भएकोमा आन्तरिक लेखापरीक्षण नगराएको कारण उक्त प्रतिवेदन पेश हुने सकेन। अन्तिम लेखापरीक्षण गर्दा विस्तृत परीक्षण नगरी नमुना छनौट गरी गर्ने प्रचलन रहेको छ । पालिकासँग सम्बन्धित विवरण पालिकासँग इमेल र मौखिक रुपमा विवरण माग गरिएकोमा विवरण आंशिक मात्र प्राप्त भएको छ । माग गरेका विवरण अनुसार, वेरुजू फस्यौटको विवरण, शिर्षकगत रकम विनियोजन तथा खर्च, सभा वाहेक कार्यकारी निर्णयबाट भएका योजनाको नाम र खर्च रकम, वजेट रकमान्तरको विवरण, सेवा करार लिएको विवरण, भुक्तानी दिन बाँकीको विवरण, खाना तथा विविध खर्च विवरण, विभिन्न संस्थालाई दिएको अनुदान, सेवा प्रवाहको स्थिती, सफ्टवेयर खरिदको विवरण, सवारीसाधनको अवस्था, घर नक्सा र निर्माण कार्य सम्वन्धी विवरण, आन्तरिक आम्दानीको ठेक्का फायल मुअकरको विवरण, कर दस्तुर र सेवाशुल्क सम्वन्धि विवरण प्रदेशलाई पठाएको रकम, आन्तरिक आय असुल गर्न बाँकीको विवरण, सवारी कर व्यवसाय कर, ट्याक्ट्रबाट आम्दानीको विवरण, न्यायिक समिति र न्याय सम्पादको विवरण, कानून निर्माणको स्थिती, शिक्षक दरवन्दी र पदपूर्ती, सामाजिक सुरक्षा खर्चको एकिकृत विवरण, विपद व्यवस्थापन कोषको विवरण, मलेप फारम नं. ५०७, उपभोक्ता सम्वन्धि विवरण लगायतका माग भएका विवरण पेश भएन । पेश भएका विवरणको आधारमा यस प्रतिवेदन तयार गरिएको छ । कानुनमा व्यवस्था भए बमोजिम अन्तिम लेखापरीक्षणमा माग गरेका विवरणहरु पेश गर्नुपर्दछ ।

२१ **धरौटी**

२१.१ आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६४ मा धरौटी खातामा जम्मा गरेको धरौटी रकमको गोश्वारा धरौटी खाता र व्यक्तिगत धरौटी खाता अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ । त्यस कार्यालयबाट प्राप्त धरौटीको आर्थिक विवरण अनुसार गत आ.व.को जिम्मेवारी सरेको रू. ३६,४१,८१५.०० र यो वर्ष प्राप्त रु. २४,७१,०२९.०५ समेत जम्मा धरौटी रु. ६१,१२,८४४.०५ मध्ये रु. २५,०१,९८६.०० फिर्ता भै जम्मा रु. ३८,८५,५१४.०५ बाँकी रहेको उल्लेख छ। आर्थिक कार्याविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६७ मा धरौटी फिर्ता लिन नआएमा त्यस्तो रकम राजश्व खातामा जम्मा गर्ने

सम्बन्धी व्यवस्था छ । त्यस कार्यालयमा रहेको धरौटी बाँकी रु. ३८,८५,५१४.०५ को कस्ले के प्रयोजनको लागि धरौटी राखेको हो छानविन गरी प्रयोजन समाप्त भएका धरौटीहरु सो नियमको प्रकृया पुरा गरी स्थानीय संचित कोष दाखिला गर्न कारबाही गर्नुपर्ने देखिएको छ।

२१.२ धरौटी फिर्ताको अभिलेखः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(४) बमोजिम कट्टा भएको धरौटी रकम त्रुटी सच्याउने अवधि समाप्त भई सकेपछि फिर्ता गर्दा कार्यालयले दिएको कार्यसम्पन्न प्रतिवेदन, कर चुक्ता र कर समायोजन पत्र सहित पेश भएको निवेदनको आधारमा त्रुटी सच्याउने अवधि समाप्त भए पश्चात मात्र धरौटी रकम फिर्ता गर्नुपर्ने व्यवस्था छ। कार्यालयले धरौटी रकम रु २५०१९८६।०० फिर्ता गर्दा कार्यसम्पन्न प्रतिवेदन राख्ने गरेको छैन, यसरी कार्यसम्पन्न प्रतिवेदन संलग्न नगर्दा योजनाको त्रुटी सच्याउने अवधि समाप्त भए नभएको एकीन हुन सकिएन । कार्यालयले प्रत्येक योजनाको कार्य सम्पन्न प्रतिवेदन र कर चुक्ता प्रमाण पत्रको साथै मु.अ.कर समायोजन राखि त्रुटी सच्याउने अवधि समाप्त भए पश्चात मात्र धरौटी फिर्ता गर्ने व्यवस्था गर्नु पर्दछ।

बैंक नगदी किताव अनुसार रु ५५८९२४२।०५ मौज्दात हुनुपर्नेमा गो भौ नं ७३।२०८२।३।३२ बाट Bank Balance Adjustment as per bank statement भनि रु १७०३७२८।०० घटाई रु ३८८५५१४।०५ मौज्दात कायम गरी हिसाव मिलान गरेको जनाएकोमा सुत्रबाट प्राप्त विवरण अनुसार रु १७०३७२८।०० फरक मौज्दात हिसाव मिलान भनि समायोजन भौचर एकिन गर्नुपर्ने देखिन्छ ।

## २२ आन्तरिक आय

२२.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८१/८२ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रिय अनुदानबाट खर्च (अन्तर सरकारी अख्तियारी वाहेक) | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ३७,४३,००,५०५।५५ | ४२,६७,३९२.९७ | १.१४ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १.१४ प्रतिशत मात्र रहेको छ। त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

आन्तरिक आयको गत वर्षको मौज्दात रु ५,९३,९२४.८५ समेत यस वर्षको जम्मा आम्दानी रु ४२,६७,३९२.९७ भएकोमा रु ३९,४८,०८२.४७ सञ्चित कोषमा ट्रान्सफर गरी रु २,७९,४४०.३४ मौज्दात रहेको देखिएकोले आर्थिक वर्ष भित्रै सञ्चित कोषमा ट्रान्सफर गर्नुपर्नेमा नगरेको रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,७९,४४०.३४ |

२२.२ **कर तथा शुल्क असुली:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । साथै, पालिकाले राजस्वका श्रोत विश्लेषण गरी तथ्यपरक र अनुमानयोग्य हुने किसिमका आम्दानीका श्रोत पहिचान गरी लक्ष्य निर्धारण गर्ने तथा लक्ष्य बमोजिम राजस्व संकलनमा क्रियाशिल रहनुपर्नेमा पालिकाको वार्षिक अनुमान र श्रोत संकलनको अवस्था निम्नानुसार रहेको छ साथै यस पालिकामा राजस्वका श्रोतका रूपमा पहिचान भएका राजस्वका सबै श्रोतहरू उचित तरीकाले सम्बन्धित शिर्षकमा लेखाङ्कन हुन सकेको छैन। पालिकाले वडागत रुपमा संकलन भएको राजस्व दाखिला समयमा गर्ने, सम्बन्धित शिर्षकमा गर्ने, कर तथा शुल्कको प्रक्षेपणलाई मूल्यांकन एवं विश्लेषण गर्ने गर्नुपर्दछ। साथै, राजस्व अनुमानलाई वस्तुगत बनाई आय संकलनका लागि थप श्रोत व्यवस्था गर्न स्थानीय तह थप क्रियाशिल हुनुपर्ने देखिएको छ । पालिकाको आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| क्र.सं. | संकेत | राजस्व शीर्षक | अनुमान | असुली | फरक रकम |
|---|---|---|---|---|---|
| १ | ११३१३ | सम्पती कर | १७४१.४ | १७४१.४ | ० |
| २ | ११३१४ | भुमिकर/मालपोत | ८,९२,९४६.४८ | ८,९२,९४६.४८ | ० |
| ३ | ११३१७ | वहाल कर | ६,४३,६१४.८५ | ६,४३,६१४.८५ | ० |
| ४ | ११४५१ | सवारी साधन कर (साना सवारी) | १००. | १००. | ० |
| ५ | ११६३१ | कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | ७७६००. | ७७६००. | ० |
| ६ | ११६९१ | अन्य कर | ३,१३,८३८.०० | ३,१३,८३८.०० | ० |
| ७ | १४२१८ | विद्युत सेवा शुल्क | १००. | १००. | ० |
| ८ | १४२१९ | अन्य सेवा शुल्क तथा बिक्री | ७६७००. | ७६७००. | ० |
| ९ | १४२२४ | परीक्षा शुल्क | ४७५००. | ४७५००. | ० |
| १० | १४२२५ | यातायात क्षेत्रको आम्दानी | ७९९.२४ | ७९९.२४ | ० |
| ११ | १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | ४,९४,०८४.०० | ४,९४,०८४.०० | ० |
| १२ | १४२४२ | नक्सापास दस्तुर | २३२०२.६ | २३२०२.६ | ० |
| १३ | १४२४३ | सिफारिश दस्तुर | ३,६४,२३६.०० | ३,६४,२३६.०० | ० |
| १४ | १४२४४ | व्यक्तिगत घटना दर्ता दस्तुर | ४६८००. | ४६८००. | ० |
| १५ | १४२४५ | नाता प्रमाणित दस्तुर | १८५००. | १८५००. | ० |
| १६ | १४२४९ | अन्य दस्तुर | ६९३००. | ६९३००. | ० |
| १७ | १४२५३ | व्यावसाय रजिष्ट्रेशन दस्तुर | ३९५००. | ३९५००. | ० |
| १८ | १४२६२ | विद्युत सम्बन्धी दस्तुर | ३००. | ३००. | ० |
| १९ | १४५२९ | अन्य राजस्व | ७,४८,२२५.४० | ७,४८,२२५.४० | ० |
| २० | १४६११ | व्यवसाय कर | ४,०८,३०५.०० | ४,०८,३०५.०० | ० |
| २१ | ३२१२२ | बैंक मौज्दात | | | ० |
| जम्मा | | | ४,२६७,३९२.०० | ४,२६७,३९२.०० | |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन। तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५८ को उपनियम १० देखि १४ सम्म राजस्व संकलन तथा संकलनमा तोकिएका विवरण संशोधन गर्न सक्ने व्यवस्था गरेको छ । सोही अनुसार महालेखा नियन्त्रक कार्यलयले विकास गरेको स्थानीय तह सञ्चितकोष व्यवस्थापन प्रणाली(सूत्र)मा पालिकाको सबै प्रकारका आन्तरिक आम्दानी लेखांकन गर्ने सकिने तथा आन्तरिक आम्दानी खाता र विभाज्य कोष खातामा दाखिला हुने रकमको हिसाब समायोजन गर्न सकिने व्यवस्था छ । पालिकाले लेखापरीक्षणको क्रममा पेश गरेको बैंक स्टेटमेन्ट अनुसार कुल राजस्व रु. ४२,६२,८३२.९७ देखिएकोमा स्रेस्ता अनुसार रु. ४२,६७,३९२.९७ देखिन्छ । जसबाट स्रेस्ता भन्दा बैकमा रु. ४५६०।०० बढी राजस्व देखिएको छ । तसर्थ पालिकाले बढी रकम यकिन गरी हिसाब भिडान गरेको प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,५६० |

२२.३ **राजस्वको अभिलेख:**आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५९ मा कार्यालयले राजस्वको आम्दानी जनाउँदा जुनसुकै माध्यमबाट राजस्व प्राप्त गरेको भएतापनि त्यस्तो राजस्व स्वीकृत राजस्व बर्गिकरण र व्याख्या बमोजिम लगती राजस्व तथा हसवली राजस्व आम्दानी दाखिला गरी गोश्वारा भौचर तयार गरी दोहोरो लेखा प्रणालीको सिद्दान्त अनुरूप राजस्व लेखा आद्यावधिक गर्नुपर्दछ ।पालिकाको राजस्व अभिलेख व्यवस्थित गर्न आवश्यक महालेखापरीक्षकको कार्यालयबाट स्वीकृत म.ले.प. फारमहरू अद्यावधिक गरी राजस्वको हिसाब राख्नु पर्नेमा दैनिक राजस्व आम्दानी किताब म.ले.प.फा.नं. १०२, १०६ क, १०७, राजस्व प्राप्तीको बैंक नगदि किताब म.ले.प.फा.नं.१०८, राजस्व आम्दानीको मासिक फाँटवारी म.ले.प.फा.नं ११० लगायतका राजस्वको श्रेस्ताहरू अभिलेख राखेको पाइएन । आन्तरीक आय रू ४२,६७,३९२.९७ प्राप्त भएकोमा प्राप्त राजस्व र प्राप्त हुनुपर्ने राजस्व सम्बन्धमा परीक्षण भिडान गर्ने आन्तरिक नियन्त्रण पद्धति नभएकोले प्राप्त हुनुपर्ने राजस्व सम्बन्धमा यकिन गर्न सकिएन । पालिकाले राजस्व आम्दानीलाई पारदर्शी बनाउन सम्बन्धित कर्मचारीलाई जिम्मेवार बनाई नियमानुसार राख्नु पर्ने खाता, अभिलेख अद्यावधिक गर्नुपर्दछ ।

**राजस्व दाखिला:** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २७(१) मा राजस्व दाखिला र राजस्वको लेखा प्रचलित कानून बमोजिम सरकारलाई प्राप्त हुने राजस्व तथा सरकारी रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन र सोही दिन सम्भव नभए सोको भोलिपल्ट जिम्मेवार व्यक्तिले तोकिए बमोजिमको ढाँचामा राजस्वको लेखा राखि बैङ्क दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले आन्तरीक राजस्व व्यवस्थापनका लागि सुत्रको प्रयोग गरी असुल गरेको देखिन्छ भने असुली गरेको रकम असुली गरेको भोलिपल्ट दाखिला गर्नुपर्ने राजस्व रकम १५ दिन दिन/ १ महिना अवधि पश्चात मात्र एकमुष्ठ रुपमा राजस्व दाखिला गर्ने गरेको देखियो। ऐनको व्यवस्था अनुसार राजस्व समयमै दाखिला गर्ने गराउने तर्फ पालिकाको ध्यान जानुपर्दछ ।

**राजस्व असुली:** पालिकाको आर्थिक ऐन, २०८१ मा सवारी साधन कर, व्यवसायकर, मनोरन्जन कर, विज्ञापन कर, पार्किङ शुल्क, प्राकृतिक स्रोत शुल्क प्रदुषण नियन्त्रण तथा फोहोरमैला व्यवस्थापन शुल्क लगायतका कर तथा शुल्क असुल गरिने उल्लेख भएकोमा कुनै शिर्षकमा कर तथा शुल्क असुल भएको देखिएन भने कुनै शिर्षकमा न्यून मात्र असुल भएको देखियो । पालिकाले आर्थिक ऐनमा उल्लेख भए बमोजिमका कर तथा शुल्क असुल गरि आन्तरिक राजस्व बृद्धी गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

**राजस्व आम्दानीको लेखा:** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५८ मा राजस्व आम्दानी गर्ने प्रत्येक सार्वजनिक निकायले करदातावाट बैंकमा जम्मा हुन आएको बैंक भौचर र नगद प्राप्त भएको आम्दानी रकमको विवरण छुट्टा छट्टै खातामा प्रविष्टी गरी महालेखापरीक्षकवाट स्वीकृत ढाँचामा लेखा राख्नु पर्ने उल्लेख छ । त्यस्तै नियमावलीको नियम ५९ मा कार्यालयले नियम ५८ बमोजिम राजस्वको आम्दानी जनाउदा जुनसूकै माध्यमवाट प्राप्त भएतापनी त्यस्तो राजस्व आम्दानी र दाखिला गरी गोश्वरा भौचर तयार गरी दोहोरो लेखा प्रणालीको सिद्धान्त अनुसार राजस्व लेखा अद्यावधिक गर्नुपर्ने उल्लेख छ । पालिकाले वडा कार्यालय र पालिकावाट नगद र वैंक मार्फत राजस्व प्राप्त गर्ने गरेकोमा ऐन नियममा भएको व्यवस्था बमोजिम सेवाग्राहिले बैक दाखिला गरेको रकमको बैंक भौचर र सेवा ग्राहिबाट नगद प्राप्त गरेको रकम बैंक दाखिला गरेको बैंक भौचर गोश्वरा भौचरसाथ संलग्न गरी राख्नु पर्नेमा गोश्वरा भौचर तयारी गरी गोश्वरा भौचर साथ सवै दाखिला भौचर संलग्न गरी राखेको देखिएन । जसबाट पालिकाले प्राप्त गरेको सम्पुर्ण राजस्व रकम दाखिला भए नभएको, प्राप्त हुनुपर्ने राजस्व प्राप्त भए नभएको र पालिकाले आम्दानी देखाएको राजस्व रकम के वापत कसले बुझाएको हो भनेर एकिन गर्न सकिने अवस्था देखिएन । अत पालिकाले जुनसूकै माध्यमवाट प्राप्त भएको राजस्व आम्दानी र दाखिलाको गोश्वरा भौचर तयार गरी दोहोरो लेखा प्रणालीको सिद्धान्त अनुसार राजस्वको लेखा अद्यावधिक गर्नुपर्दछ ।

२२.४ **वहाल विटौरी कर:** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५९ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेको ह्याट वजार वा पसल वा सरकारी जग्गामा वनेका संरचनाको उपयोग वापत बाहल विटौरी शुल्क लगाउने व्यवस्था छ । आर्थिक बर्ष २०८१।८२ मा गाउँपालिकाले कुनैपनि बाहल विटौरी कर संकलन गरेको पाइएन । यस पालिकाले आफ्नो क्षेत्रभित्र उठ्नुपर्ने बाहल विटौरी कर एकिन गरी असुल गर्नुपर्दछ ।

**व्यवसाय कर:**स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा गाउँपालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनु पर्ने व्यवस्था रहेको छ । गाउँपालिकाले व्यवसायीहरुको लगत राखी राजस्व असुल गर्नुपर्नेमा व्यवसायीहरुको लगत मात्र राखेको कर रकम संकलन गरेको पाईएन । पालिकाको आर्थिक ऐन, २०८१ मा गाँउपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोकारका आधारमा अनुसूचि (४) बमोजिम व्यवसाय कर लगाइने र असुल गर्ने व्यवस्था छ । पालिका व्यवसाय कर अनुमान अनुसार संकलन गर्न सफल भएको देखिदैन । व्यवसाय कर आर्थिक वृद्धि विकासको सुचक पनि हो तसर्थ पालिकाले गाँउपालिकामा व्यवसायकि क्रियाकलाप जोड एंव व्यवसायलाई प्रोत्साहन दिदै व्यवसायिक वातावरणको निर्माण गरी व्यवसायिक कर अधिकंम पार्ने लक्ष्य राख्नुपर्दछ । पालिकाले आफ्ना पालिकाभित्र व्यवसायिक पूर्वधार र वातारवरण निर्माण गर्न आफ्नो लक्ष्य, कार्य र खर्चलाई त्यस तर्फ जोड दिनुपर्दछ तसर्थ व्यवसायिक क्रियाकलाप वृद्धि भई व्यवसायिक कर लगायत समान्तर रुपमा सम्पत्ति कर र घरवहाल कर पनि वृद्धि हुने सम्भावना रहन्छ । गाउँपालिकाले व्यक्तिगत स्वघोषणाका आधारमा मात्र व्यवसाय दर्ता र नविकरण गर्ने गरेको तथा व्यवसाय दर्ता नभएका व्यवसायहरुको अनुगमन गरेको पाईएन । पालिका क्षेत्र भित्रका व्यवसायीको अभिलेख अध्यावधिक गरी करको दायराभित्र ल्याउनु पर्दछ ।

२२.५ **यन्त्र उपकरण सञ्चालन:** यन्त्र उपकरण सञ्चालन पालिकामा रहेका यन्त्र उपकरण सञ्चालन उल्लेख गरी पालिकाले इन्धन, चालक पारिश्रमिक, मर्मत वापत गरेको खर्च र सञ्चालन वापतको आय निम्नानुसार रहेको छ । पालिकाले उक्त उपकरण सञ्चालनको लगसिट राखेको छैन भने अर्कोतर्फ लगानी र आय विष्लेषण समेत गरेको पाइएन । उपकरण पालिका आफैले तथा भाडामा सञ्चालन सम्बन्धी कुनै कार्यविधि तयार नगरेको कारण पालिकाका पदाधिकारीहरुको मौखिक निर्देशनमा सञ्चालन हुने गरेको पाइयो । यसरी सञ्चालन हुँदा यन्त्र उपकरण सञ्चालन व्यवस्थित सकेको छैन भने प्राप्त आय प्रति विश्वस्त हुन सक्ने अवस्था रहेको छैन । पालिकाको उपकरणहरु मार्फत प्रदान गरिने सेवा वा सञ्चालनको आय र व्यय व्यवस्थित रुपमा पारदर्शी तवरले अभिलेख राख्नु पर्दछ । यस्ता उपकरण सञ्चालन गर्दा लागत लाभ विश्लेषण समेत गर्नुपर्दछ ।

## २३ अनुगमन, मूल्यांकन र भ्रमण खर्च परीक्षण

भ्रमण खर्च नियमावली, २०६४को नियम १८,२१ र २३ मा भ्रमण प्रारम्भ गरेपछि सम्बन्धित कार्यालयले भ्रमण अभिलेख राख्नुपर्ने, भ्रमण खर्चको बिल भरी भ्रमण प्रतिवेदन साथ आवश्यक विल भरपाई पेश गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकामा पदाधिकारी तथा कर्मचारी तर्फ रु.१८ लाख ८८ हजार, अनुगमन, मूल्यांकन खर्च रु. ८ लाख ३८ हजार र सशर्त अनुदानको कार्यक्रम खर्चमा समेत दैनिक भ्रमण भत्तामा उल्लेखितको अतिरिक्त थप खर्च भएकोमा देखिएका व्यहोरा निम्न छन:

१.भ्रमण खर्च भुक्तानी गर्दा भ्रमण खर्च नियमावलीले व्यवस्था गरे बमोजिम भ्रमणको प्रयोजन र उद्देश्य उल्लेख गरेको पाइएन,

२.भ्रमण प्रतिवेदन र भ्रमण काजमा गएको पुष्टी हुने थप प्रमाण कागजात, फोटो पेश गरी भुक्तानी गरेको पाइएन,

३.पदाधिकारी तथा कर्मचारीहरु कार्यालयको कामको सिलसिलामा भ्रमण गएको हो भन्ने पुष्ट्याई हुने पार्याप्त आधार पेश गरेको पाइएन,

४.एकै दिन गएर फर्कन सक्ने (जनकपुर, विरगन्ज,वर्दिवास) लगायतका स्थानमा जादा दैनिक भ्रमण भत्ताको २५ प्रतिशत मात्र रकम भुक्तानी गरेको पाइएन,

५.पालिकामा हाजिरी व्यवस्थापनका लागि डिजिटल हाजिरी प्रयोग नगरेको तथा भ्रमण अभिलेख खाता (म.ले.प. फा.नं. ९०८) तयार गरेको पाइएन,

६.पदाधिकारीहरुलाई दोहोरो पर्ने गरि विभिन्न बैठक तथा कार्यक्रममा उपस्थित भएको दिनको समेत भ्रमण खर्च भुक्तानी गरेको यकिन गरेको पाइएन,

७.पदाधिकारी र कर्मचारीहरुको भ्रमणको वास्तविक भ्रमण प्रतिवेदन राखेको पाइएन,

८.भ्रमणको उदेश्यमा कार्यालयको कामकाज लेखिएकोमा के काम काज भन्ने खुलाएको पाइएन,

९.पदाधिकारीहरु तथा कर्मचारीहरुको भ्रमण आदेश अधिकारप्राप्त अधिकारी बाट स्वीकृत गरी कार्यपालिकाबाट अनुमोदन गरेको पाइएन,

उद्देश्य र प्रयोजन सहित कार्यालयको कामको सिलसिलामा हुने भ्रमणको मात्र पदाधिकारी तथा सदस्यलाई भ्रमण प्रतिवेदन सहित खर्च भुक्तानी गर्नुपर्दछ ।

२४ **इन्धन खर्च:**

एकिकृत आर्थिक संकेत तथा वर्गिकरण र व्याख्या २०७६ (चौथौ संशोधन) को खर्च संकेत २२२१२ मा इन्धन कार्यालय प्रयोजन रहेको छ । खर्च संकेत २२२१२ मा कार्यालय प्रयोजनका लागि प्रयोग हुने सवारी साधनको निमित्त चाहिने इन्धन, लुब्रिकेन्टसको खर्च यस शिर्षकबाट गरिन्छ । पालिकाले यस वर्ष इन्धन कार्यालय प्रयोजनको लागि रु.२४ लाख ६६ हजार र वडा भरीको ग्रामिण सडक स्तरोन्नती गर्न इन्धन खर्च तथा निकुन्जको राजश्व सहित शिर्षक र तटबन्ध तथा बाँधनिर्माण , ३११५४ शिर्षकबाट समेत रु ८५३५१२४।०० समेत इन्धन खर्च वापत जम्मा रु १०८०११२४।०० नेवा आयल ट्रेडर्स पान नं ६०४८००५२५ लाई भुक्तानी गरेको छ । १ वटा ट्याक्टर, १ वटा 62.5 KVA जेनेरेटर, ३ वटा ट्रिपर/ट्रक, ४ वटा पिकअप/जिप, २ वटा डोजर JCB, मिनि ट्रक १ र १३ वटा मोटरसाइकल/स्कुटर रहेको विवरण पेश भएको छ । पालिकाले इन्धन खर्च गर्ने सम्बन्धमा प्रति सवारी साधन मासिक इन्धन परिमाण सम्बन्धमा कुनै मापदण्ड तर्जुमा गरेको छैन । इन्धनको मापदण्ड बनाएर खर्च नगरी अनियन्त्रित रुपम खर्च गरेको तथा तटबन्ध तथा बाँधनिर्माण, तथा वडा भरीको ग्रामिण सडक स्तरोन्नती गर्न इन्धन खर्च तथा निकुन्जको राजश्व सहित खर्च शिर्षकबाट रु ८५३५१२४।०० भुक्तानी गरेकोमा कुन कुन योजनाको लगि के कति प्रयोजनमा खर्च गर्ने सम्वन्धमा कार्यपालिकाबाट बजेट विनियोजन तथा निर्णय नगरी इन्धन विलको आधारमा खर्च गरेको नियम सम्मत देखिएन । यस्तो कार्यमा सुधार हुनुपर्दछ ।

२५ **अनुगमन भत्ता:**

प्रचलित कानुन बमोजिम स्थानीय तहका कर्मचारीहरुलाई अनुगमन भत्ता उपलब्ध गराउने व्यस्था देखिदैन । पालिका क्षेत्रभित्रका ५३ वटा योजना अनुगमन गरेको उल्लेख गरी रु.६ लाख ७८ हजार भुक्तानी गरेको छ । विद्यमान कानुन अनुसार भुक्तानी दिन मिल्ने आधार नदेखिएकोले पालिकाले यस्ता खर्चमा नियन्त्रण गरी मितव्यायिता कायम गर्नुपर्दछ ।

२६ **पदाधिकारी सुविधा:**

पदाधिकारी सुविधा: मधेश प्रदेशले बनाएको स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधाको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन,२०७५ को दफा ३ मा स्थानीय तहको आन्तरिक स्रोत समेतको आधारमा सम्बन्धित सभाले पारित गरेको सुविधा तथा भत्ता पाउने व्यवस्था छ ।पालिकाले पदाधिकारी सुविधा शीर्षकमा एकमुष्ट रु.७१ लाख ७० हजार बजेट विनियोजन गरेकोमा रु.६८ लाख ८७ हजार खर्च गरेको छ । जुन यस वर्षको आन्तरिक आम्दानी को ५४२ प्रतिशत हुन्छ । उक्त कानूनले आन्तरिक स्रोत समेतको आधारमा सुविधा पाउने व्यवस्था गरेतापनि पालिकाले राजश्व बाँडफाँडबाट मात्र खर्च व्यहोरेको देखिन्छ । तसर्थ पालिकाले आन्तरिक आय बढाई यस्तो खर्चलाई आन्तरिक आयको निर्दिष्ट सिमाभित्र राख्नुपर्दछ ।

२७ **बैठक भत्ता:**

प्रचलित कानुन बमोजिम स्थानीय तहका कर्मचारीहरुलाई एकै निकायका कर्मचारी बैठक बसेमा भत्ता उपलब्ध गराउने व्यस्था देखिदैन । पालिकामा ठेक्का व्यवस्थापन कार्यको लागि मुल्याङ्कन समिति लगायत बैठक भत्ता रु.१३ लाख ८४ हजार भुक्तानी गरेको छ । विद्यमान कानुन अनुसार भुक्तानी दिन नमिल्ने तथा ठेक्का व्यवस्थापनको लागि बैठक संख्या र भत्ता आपसमा मेल नखाने देखिएकोले यस्ता मुल्याङ्कन समिति लगायतको बैठक भत्ता नियमसम्मत देखिएन । पालिकाले यस्ता खर्चमा मितव्यायिता कायम गर्नुपर्दछ ।

२८ **सवारी साधन मर्मत:**

नेपालको सरकारी लेखा फारम (म.ले.प.फारम) ४१४ मा मर्मत आवेदन तथा आदेश फारम ४१४ क मा मर्मत सम्पन्न फारम तथा ४१५ मा मर्मत अभिलेख खाता फारमको व्यवस्था गरेको छ । कुनै सवारी साधन वा अन्य सम्पत्ती मर्मत गर्नुपूर्व मर्मत आवेदन तथा आदेश फारम भरी यसभन्दा अघि भएको मर्मत खर्च, बजेटको उपलब्धता विश्लेषण गरि स्विकृत गराएर मात्र मर्मत आदेश दिनुपर्ने र स्वीकृत भएपछि सो बमोजिम भएको मर्मत कार्यको जाँच गरी भुक्तानी गर्न तथा मर्मत खर्च अभिलेख राख्न मर्मत सम्पन्न फारम भर्नुपर्दछ । मर्मत सम्पन्न भएका सम्पत्तीहरुको अभिलेख मर्मत सम्पन्न फारम अनुसार छुट्टाछुट्टै राख्नु पर्दछ । यस पालिकामा गाडी २ भाडामा समेत, टिपर १, एक्साभेटर १, लोडर 1, JCB 2, टिपर २, ट्याक्टर १, बाइक १३ वटा सवारी साधन रहेको जानकारी प्राप्त भएको छ । कार्यालयमा रहेका अन्य सवारी साधन, स्थिर सम्पत्तीको अभिलेख पालिकाले उपलब्ध गराएको छैन । जिन्सी निरीक्षण प्रतिवेदन

लेखापरीक्षण क्रममा माग गर्दा पेश हुन आएन । पालिकाले यस वर्ष सवारीसाधन मर्मत खर्च शिर्षक २२२१३, मेसिनरी औजार मर्मत सम्भार २२२१, निर्मित मर्मत बापत गरी रु.३९ लाख ९७ हजार खर्च गरेको छ । यस सम्वन्धमा देखिएका व्यहोराहरु देहायानुसार छनः,

भौचर नं.१३२बाट रु.४ लाख ३९ हजार R. K. AUTO SERVICING CENTER सहित ३, भौचर नं.२५ मा सवारी साधन मर्मत वापत MANSOOR CAR DECORATION AND WORKSHOPलाई रु.२ लाख ३० हजार, भौचर नं.३९३बाट एम्बुलेन्स मर्मत वापत रु.२ लाख १४ हजार R. K. AUTO SERVICING CENTER र भौचर नं.३०३बाट रु.१ लाख ९७ हजार R. K. AUTO SERVICING CENTER भुक्तानी भएकोमा मर्मत अभिलेख राख्नुपर्ने सम्पत्तीको इन्जिन नं., मर्मत गर्ने सम्पत्तीको स्पेशिफिकेशन, मर्मत आवेदनकर्ताको नाम, यस अगाडी गरिएको मर्मत मिति लगायतका विषयहरु समावेश गरी भुक्तानी माग भएको पाइएन,

परीक्षण गरेको उक्त भौचरमा मर्मत खर्च पूर्व तथा मर्मत सम्पन्न पश्चात गर्नुपर्ने कार्यहरु नगरेको अन्य भौचरमा पनि गरेको छ भन्ने सकिने आधार देखिदैन । यसबाट कार्यालयको सम्पत्ती नै मर्मत गरेको/नगरेको , आर्थिक वर्षको अन्तमा खरिद भएर पुन आर्थिक वर्षको सुरुवातमा खरिद नभएको, वास्तविक मर्मत भएको/नभएको, सम्पत्तीको समयमा मर्मत गरी प्रभावकारी प्रयोगमा ल्याएको/नल्याएको, मर्मत सम्पन्न भएपश्चात मर्मत कार्यको जाँच गरी भुक्तानी भएको/नभएको जस्ता पक्षहरु स्पष्ट भई खर्च प्रभावकारी भएको छ भन्न सकिने अवस्था देखिएन । नेपालको सरकारी लेखा फारम बमोजिम मर्मत आवेदन तथा आदेश फारम ४१४, मर्मत सम्पन्न फारम ४१४क र मर्मत अभिलेख फारम ४१५ नगरी कार्यालय बाहेकका निजी सवारी साधन समेत मर्मत गरेको नगरेको एकिन गर्न सकिएन । पालिकाले ध्यान दिनुपर्दछ ।

२९ **सुचना प्रकाशन र विज्ञापन शुल्क**

यस वर्ष यस शिर्षकमा रु.१२ लाख ६४ हजार खर्च भएकोमा देखिएका व्यहोरा निम्न छन;

२९.१ **एकै प्रकृतीको सुचना प्रकाशन--** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३मा खरिदको आवश्यकता पहिचान, विगतको अभ्यास, खरिद योजना तथा लागत अनुमान तयार, स्रोत निर्धारण खरिद विधिको छनौट गर्नु पर्ने, नियम ८मा वार्षिक रु.१० लाख भन्दा बढीको खरिदमा खरिद योजना तयार गरी वोलपत्रको माध्यमद्वारा खरिद गर्नु पर्ने व्यवस्था छ । पालिकाको आन्तरिक स्रोत, पत्र पत्रिकामा जनताको पहुँच, उपलव्धता र पत्रपत्रिकाको जनतासम्म पहुँच र उपलव्धता जस्ता विज्ञापनको आवश्यकता हुने पक्षको अध्ययन नगरी एकै प्रकृतीको जनहितका सुचना फरक फरक मितिमा प्रकाशन गर्ने गरेको, सडक क्षेत्र खुला गर्ने, डेंगु नियन्त्रण, लागु औषध नियन्त्रण, शित लहरबाट जोगिने, किसानहरुलाई आग्रह गर्ने, छुट, दिपावली, सामाजिक सुरक्षा भत्ता वितरण गर्ने, शित लहरबाट जोगिने जस्ता सुचना प्रकाशन गरी रु.१२ लाख ६४ हजार खर्च गरेको छ । सुचना प्रकाशनको आधार स्पष्ट नगरी विलका आधारमा भुक्तानी दिनेलाई जिम्मेवार बनाई कार्यादेश, सम्झौता र स्वीकृति, सुनिश्चितता बेगर एउटै प्रकृतिका सुचना प्रकाशन भुक्तानी गरेको नियमसम्मत देखिएन । पालिकाले एकै प्रकृतिका सुचना प्रकाशन गर्दा आवश्यक्ताको आधारमा मितव्ययी रुपमा खर्च गर्नुपर्दछ ।

२९.२ **विज्ञापन शुल्क-** विज्ञापन (नियमन गर्ने) ऐन, २०७६ को दफा २१ को उपदफा २ ख र विज्ञापन नियमन गर्ने (पहिलो संशोधन) नियामावली, २०७७ को नियम ६ मा संचारमाध्यम वा विज्ञापन एजेन्सीलाई रकम भुक्तानी गर्नुअघि कट्टा गर्नुपर्ने र कट्टा गरीएको ३ प्रतिशत रकम बोर्डको कोषमा जम्मा जानकारी बोर्डलाई दिनुपर्ने, विज्ञापन नियमन गर्ने (पहिलो संशोधन) नियामावली, २०८०को नियम ५मा सरकारी निकायले विज्ञापन वा सूचना प्रकाशन तथा प्रशारण गर्दा बिज्ञापन बोर्ड मार्फत गर्नुपर्ने व्यवस्था छ । पालिकाले सूचना प्रकाशनमा भएको खर्च बराबरको कार्य विज्ञापन (नियमन गर्ने) ऐन बमोजिम बिज्ञापन बोर्डमार्फत गराएको देखिएन । उक्त रकमको विज्ञापन नियमन गर्ने (पहिलो संशोधन) नियामावली बमोजिम ३ प्रतिशतले हुने रकम रु.३३५५७ बोर्डको कोषमा जम्मा हुने गरेको देखिएन । पालिकाले कानूनमा उल्लेख भए बमोजिम विज्ञापन वा सूचना प्रकाशन तथा प्रशारण गर्दा विज्ञापन बोर्ड मार्फत गर्नुपर्दछ ।

२९.३ **बृत्त चित्र प्रकाशन:** चालु ३११- २०८१।१२।२९ पालिकाले पव्लिक ईन्ट्रेष्ट मेडिया प्रा ली (६०९७०२०८६) लाई गा पा को वृतचित्र निर्माणको लागि रु४,९७,०००.०० भुक्तानी गरेको छ । पालिकाले सार्वजनिक खरिद ऐन, २०६४ को दफा ५ बमोजिम लागत अनुमान

तयार नगरी फर्मले पेश गरेको मुल्यलाई आधार लिई कार्य गराएको देखियो । बृतचित्र बनाउदा आवश्यक पर्ने क्यामरा मेन, voice over गर्ने जनशक्ती, प्रसारण गर्ने संचार माध्यम तथा आधिकारिक सामाजिक संजालमा राख्ने लगायतका विषयहरु एकिन नगरी सम्झौता गरेको देखियो । सम्झौतामा उल्लेख भएका शर्तअनुसार कार्य भए नभएको पालिकाले परीक्षण गरी भुक्तानी गरेको देखिएन । उक्त वृतचित्र सोसल साईट तथा पालिकाको वेभसाईटमा राखेको देखिएन । लागत अनुमान तयार नगरी, फर्मले पेश गरेको मुल्यसूचिको आधारमा सम्झौता गरी भुक्तानी गर्नु, कार्य सम्पन्न पश्चात प्रचार प्रसार भएको नदेखिनुले उक्त खर्च उपदेयता भएको छ भन्न सकिने आधार देखिएन । यस्तो कार्यमा सुधार गरी विद्यमान नर्म्स तथा पालिकाको आवश्यकता बमोजिम कार्य भएको छ भन्ने सुनिश्चित हुनुपर्ने देखिएको रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,९७,००० |

३० **तालिम गोष्ठी खर्चमा नर्म्सको पालनाः**

पालिकाबाट संचालित तालिम गोष्ठि, सेमिनारहरु खर्चको मापदण्ड अनुसारनै खर्चको गर्नुपर्नेमा गरेको पाइएन । पालिका तथा वडास्तरबाट संचालन भएको कतिपय तालिम गोष्ठीहरुमा उल्लेखित कार्यविधिको पालना नगरको, संचालित तालिम, गोष्ठी, सेमिनारको स्रेस्ता परिक्षण गर्दा स्रोत व्यक्ति वा प्रशिक्षक भत्ता, सहभागी स्टेशनरी खर्च, सहभागी खाजा खर्च, प्रतिवेदन खर्च लगायतको शीर्षकमा कार्यविधिले तोकेको भन्दा बढी दरमा भूक्तानी गरी थप व्ययभार पारेको देखिन्छ । पालिकाले खरिद नियमावली बमोजिम लागत अनुमान तयार गरी नम्सको पालना गर्नेगरी प्रतिष्पर्धात्मक तरिकाले कार्यक्रम संचालन गर्नुपर्ने देखिन्छ । मधेश प्रदेश खर्च मापदण्ड निर्देशिका, २०८१ माप्रदेश अन्तर्गतका कार्यालयहरुले निर्देशिकाले तोकेको दर अनुसार खर्च लेख्न सकिने तथा पालिकाहरुले आफ्नो खर्च मापदण्ड बनाउँदा सम्बन्धित संघ र प्रदेशको खर्च मापदण्डलाई आधार लिई खर्च मापदण्ड बनाउन सक्ने व्यवस्था छ । प्रदेश खर्च मापदण्ड र अर्थ मन्त्रालय कार्यसञ्चालन निर्देशिका अनुसार तुलना गर्दा देखिएका व्यहोरा निम्न छन्:

| खर्च शिर्षक | प्रदेश खर्च मापदण्ड, २०८१ | अर्थ मन्त्रालय कार्यसंचालन निर्देशिका२०८१ |
|---|---|---|
| कार्यक्रम संयोजक | ४०० | ४०० |
| प्रशिक्षक (कार्यपत्र समेत) | १००० | १३०० |
| सहयोगी कर्मचारी (प्रतिदिन) | २५० | २५० |
| सहजकर्ता/ बाह्य(प्रतिदिन) | १००० | ९०० |
| खाजा | २५० | ३०० |
| खाना | ४०० (आवासिय तालिममा) | ४०० (आवासिय तालिममा) |
| स्टेशनरी (प्रति व्याक्ति) | १५० | १०० |
| तालिम सामग्री (प्रति तालिम) | प्रचलित बजारदर | प्रचलित बजारदर |
| सहभागी यातायात खर्च | नभएको | एकमुष्ठ २०० वा ५०० |

पालिकाले संघीय र प्रदेश कानुनसँग एकरुपता कायम हुनेगरी दररेट निर्धारण गरी कार्यक्रम संचालन गर्नुपर्दछ।

३१ **कार्यालय सामान खरिद तथा प्रयोग:**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३ मा बार्षिक खरिद योजना तयार गर्नुपर्ने र खरिद आवश्यकता पहिचान, खरिद विवरण, परिमाण र क्षेत्र यकिन गरि खरिद योजना तयार गर्ने तथा खरिद लागत तयार गर्नुपर्ने व्यवस्था छ । एकिकृत आर्थिक संकेत तथा वर्गीकरण र ब्याख्याको खर्च संकेत २२३११ को खर्च शिर्षक मसलन्द तथा कार्यालय सामाग्रीमा यस वर्ष रु.४२लाख बजेट व्यवस्था गरी रु.४१ लाख ३७ हजार खर्च गरेको देखियो । सार्वजनिक खरिद कानून विपरित खरिद योजना नबनाइ पटक पटक र कर्मचारीहरुले आफुअनुकुल बजारमा गई समानहरु खरिद गर्ने गरेकोमा बोलपत्रको माध्यमबाट खरिद नगरी पटक पटक सोझै खरिद गर्ने गरेको देखिन्छ । सामान खरिद गरी ल्याएपछि नापजाँच गरी जिन्सी खातामा आम्दानी जनाई

ति सामान प्रयोगकर्ता कर्मचारीहरुको माग फारामको आधारमा जिन्सी खाताबाट खर्च जनाउनुपर्नेमा कतिपय सामानहरु जिन्सी आम्दानी नजनाउने, माग फाराम स्विकृत नगर्ने, माग फारामहरु व्यवस्थित नराख्ने, जिन्सीबाट माग फारामको आधारमा खर्च नघटाई जिन्सी खातामा पुरै मौज्दात देखाउने, बर्षान्तमा खर्च नभएको सामानको मौज्दात विवरण तयार नगर्ने, जिन्सी निरीक्षण तथा मौज्दात परीक्षण नगरेको स्थिति देखियो । यस सम्वन्धमा देखिएका व्यहोराहरु देहायानुसार छनः

भौचर नं.२१८ बाट एन एस टेडर्यलाई रु.९ लाख ७८ हजार भुक्तानी गरेकोमा ४५ आईटम खरिद गरि भुक्तानी गरेकोमा A4 साईज कम्प्युटर पेपर २७० रिम ग्लुस्टिक ६०० पिस, हार्पिक र फिनेल १२० पिस लगायत खरिद गरेको, सार्वजनिक खरिद नियमावली,२०६४ को निमय ८५ अनुसार लागत अनुमान रु.१० लाख सम्मको निर्माण कार्य वा मालसामान र ५ लाख सम्मको परामर्श सेवा वा अन्य सेवा सोझै खरिद गर्न सकिने, १० लाख भन्दा बढीको सामान खरिद गर्दा पालिकालाई वर्षभरमा आवश्यक पर्ने सामानको एकमुष्ठ विवरण बनाई सार्वजनिक खरिद ऐन तथा नियमावलीको प्रावधान वमोजिम खरिद योजना बनाई प्रतिस्पर्धात्मक तवरले खरिद गर्नुपर्नेमा पालिकाले देहायअनुसार मसलन्द सामग्री पटक पटक गरी सोझै खरिद गरी रु.४१ लाख ३७ हजार खर्च गरेको नियमसम्मत देखिएन,

खरिद गरेका सामानहरुको भण्डारण तथा व्यवस्थापन पालिकाको स्थान अभावले कमजोर देखिन्छ । प्रिन्टर टोनर फोटोकपी पेपर लगायतका आइटमहरु धेरै संख्या खरिद गरेकोमा जिन्सी निरीक्षण प्रतिवेदन पेश नभएकोले बाँकी मौज्दात भिडान गर्न सकिने अवस्था रहेन । कतिपय सामानहरु भ्रमण अभिलेख प्याड, जिन्सी रजिष्टर, रजिष्टर, चलानी रजिष्टर, कम्प्युटर पेपर, ग्लुस्टिक,कार्टीज लगायतका सामानहरु अस्वभाविक देखिने भएकोले कार्यालयले यस सम्वन्धमा आवश्यक परीक्षण गरी खर्च यथार्थता एकिन गर्नुपर्ने देखिन्छ ।

३२ **सभा संचालन खर्च:**

सभा संचालन खर्च: स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधि भित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष सभा सञ्चालनमा रु.३ लाख बजेट विनियोजन गरेकोमा रु.२ लाख ९८ हजार सभा सञ्चालनमा खर्च गरेको छ । सभा सञ्चालनमा भत्ता वितरण, खाना, खाजा, चिया, नास्ता, दोसल्ला, व्याग लगायतका शिर्षकमा खर्च गरेको छ । यस्तो खर्चमा मितव्ययीता कायम गर्नु पर्दछ ।

३३ **किसानको सूचीकरणः-**

३३.१ किसानको सूचीकरण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७ को दफा ८ मा निर्देशिकाको दफा ७ बमोजिम प्रमाणीकरण हुन योग्य आवेदकको सम्बन्धित पालिकाले नाम नामेसी सहितको प्रारम्भिक सूची हरेक महिना सार्वजनिक रुपमा प्रकाशित गर्नु पर्ने उल्लेख छ। सोही कार्यविधिको उपदफा (२) उपदफा (१) बमोजिमको सूची उपर कोही कसैलाई चित्त नबुझेमा १५ दिन भित्र कारण सहित वडा समिति समक्ष उजुरी दिन सक्नेछन् । पालिकाले किसान सूचिकरणका लागि संघीय चालु गो. भौ. नं. ३४४ - २०८२।०३।२४ बाट रु. ९४०४५। मो कमलेश गुप्ताको पेश्की फर्स्यौट गरी भुक्तानी दिएको छ। उक्त सूचिकरण कार्यक्रम अनुसार सूचिकृत गरेको किसानहरुको नामावली वडा कार्यालय मार्फत सार्वजनिक नगरेको, कुन वडामा कति किसान सूचिकृत भएको हो सो स्पष्ट देखिनेगरी प्रतिवेदन र सोको सफ्ट कपि पालिकामा पेश नगरेको र किसानहरुको विवरण अनलाईन प्रविष्टि गरेको नदेखिएकोले पालिकाले भुक्तानी गरेको रकमको उपयोगिताको सम्बन्धमा सुनिश्चित हुन सकिएन। सूचिकृत गरेको किसानहरुको नामावली वडा कार्यालय मार्फत सार्वजनिक गरेको प्रमाण, कुन वडामा कति किसान सूचिकृत भएको हो सो स्पष्ट देखिनेगरी वार्षिक प्रतिवेदन र सोको सफ्ट कपि र किसानहरुको विवरण अनलाईन प्रविष्टि गरेको पुष्ट्याई समेतको प्रमाण पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९४,०४५ |

३३.२ **कार्यक्रमको अनुगमन-** पालिकाले किसान सूचिकरण कार्यक्रममा जनप्रतिनिधि तथा कर्मचारीहरुलाई अनुगमन भत्ता शिर्षकमा रू ५०००।०० खर्च लेखेकोमा त्यस्तो अनुगमन भत्ता बुझिलिने पदाधिकारी तथा कर्मचारीको नाम समेत उल्लेख गरी एकमुष्ट भुक्तानी भएको देखिन्छ । अनुगमनकर्ताहरुले कार्यक्रम अनुगमन पश्चात कुनै प्रकारको प्रतिवेदन अथवा सुझाव उपलब्ध गराएको देखिएन ।

पालिकाले अनुगमन भत्ता भुक्तानी लिने अनुगमनकर्ताहरू यकिन गरी तालिम कार्यक्रमको अनुगमन प्रतिवेशन पेश गराउनुपर्ने अन्यथा असुल गर्नुपर्ने रू

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,००० |

३४ **विविध खर्चः**

यस आर्थिक वर्षमा विविध खर्च (वडा संचालन समेत) रु.४९ लाख ५१ हजार खर्च भएकोमा आन्तरिक आय रु.१२ लाख ७३ हजार (३८९ प्रतिशत) देखिन्छ । यसमा देखिएका व्यहोरा निम्न छन:

३४.१ एकिकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या,२०७४ अनुसार खर्च संकेत नं.२२७११ विविध खर्च शिर्षकबाट बार्षिक कार्यक्रममा स्वीकृत भएका मनोरञ्जन, प्रदर्शन, चियापान र भोजहरु सम्बन्धी खर्च, कार्यालय सुरक्षा सम्बन्धी आवश्यक खर्च, प्रतिनिधि मण्डलको स्वागत खर्च र अतिथि सत्कार खर्च र अन्य कुनै खर्च शिर्षकमा नपरेका नियमानुसार गर्नुपर्ने विविध खर्च भुक्तानी गर्ने व्यवस्था छ । पालिकाले विविध शिर्षकमा ४६ लाख ७० हजार बजेट व्यवस्था गरी ७७ भौचर मार्फत रु.४६ लाख ५३ हजार, सभा संचालन तर्फ रु.२ लाख ९८ हजार गरी रु.४९ लाख ५१ हजार खर्च गरेकोमा अधिकाशं खर्च होटलको बिल पेश हुने गरेको मासु चिउरा, पानी, कफि नास्ता लगायत खाजा खाना लगायतको बिल पेश हुने गरेको, खर्च संकेतको वर्गीकरणमा उल्लेख भए अनुसार पुष्टि हुने प्रमाण कागजात संलग्न नगरी होटल बिलमात्र पेश हुने गरेको, खर्चका प्रत्येक बिलमा के कुन कार्यक्रम वा समारोहमा खर्च भएको हो पुष्टि हुने औचित्य पुष्टि हुने प्रमाण कागजात पेश गरि खर्चमा नियन्त्रण तथा मितव्ययिता ल्याउनुपर्दछ ।

**(विस्तृत विवरण बेरूजु दफा ३४.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

३४.२ **वडा संचालन खर्चः** यस वर्ष वडा संचालन खर्च बापत विभिन्न शीर्षकहरु जस्तै खाजा,नास्ता, इन्धन, मसलन्द तथा कार्यालय सामाग्री, मर्मत तथा सम्भार र विविध जस्ता शिर्षकमा रु.२५ लाख ८० हजार बजेट व्यवस्था गरी १९ लाख २९ हजार खर्च गरेकोमा विभिन्न कर्मचारीहरुले बील पेश गरेकै आधारमा उनीहरुको नाममा भुक्तानी गरेको, खरिद मसलन्द सामग्रीहरु जिन्सी दाखिला नगरेको, वडाहरुमा शीर्षक अनुसार बजेट विनियोजन नगरी एकमुष्ट विविध,वडा संचालन जस्ता शीर्षकबाट गर्ने गरेको, कुन शिर्षकमा कति र स्वीकृत बजेटको सीमा भित्र रहेर खर्च भयो कि भएन भनेर यथार्थ मूल्याकंन गर्न सकिएन । वडा कार्यालय सञ्चालनमा स्पष्ट मापदण्ड बेगर अधिकांश खाना, खाजा, चिया, नास्ता, पानी र ईन्धन लगायतका खर्च गरेको, सामग्री खरिद गरी पाम्समा नगरेको, इन्धन खर्चको लगबुक नभएको, खर्चमा एकरुपता नभएको, एक काममा दोहोरो खर्च हुन सक्ने देखिन्छ । पालिकाले बजेट विनियोजन, खर्च गर्दा एकिकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्याको पालना, खरिदको एकमुष्ट अनुमान गरी खुल्ला प्रतिस्पर्धाको माध्यमबाट गर्ने र सामग्रीहरुलाई PAMS प्रविष्ट गरी प्रत्येक वडाहरुमा हस्तान्तरण गर्नुपर्दछ ।

**(विस्तृत विवरण बेरूजु दफा ३४.२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

३५ **खेलकुद कार्यक्रम**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) मा जिम्मेवार व्यक्तिले कार्यालयले स्वीकृत बजेट खर्च गर्दा खर्चलाई पुष्ट्याई गर्ने प्रमाण कागजात संलग्न गरेर मात्र खर्च लेख्नु पर्दछ । पालिकाले देहाय अनुसार विभिन्न खेलकुद कार्यक्रम सञ्चालन गर्न निम्नानुसारका क्लब, संस्था, व्यक्ती तथा खेलकुद विकास समितिलाई रु.११ लाख ९५ हजार भुक्तानी दिएको छ ।(रु. हजार)

| कार्यक्रम | विनियोजन | खर्च |
|---|---|---|
| खेलकुद सामाग्री खरिद-PARASNATH CONSTRUCTION AND SUPPLIERS PVT. LTD. | १०,०० | ९,९५ |
| दिपावलीको अवसरमा खेलकुद कार्यक्रम -दिपेन्द्र शर्मा | १,०० | १,०० |
| दिपावलीको अवसरमा खेलकुद कार्यक्रम -दिपेन्द्र शर्मा | १,०० | १,०० |

भौ.नं.४८४ मा फुटवल वल २५८, जाली १२, भलिवल १२, भलिवल ५० लगायत खरिद गरेकोमा कुन अवस्थामा रहेको, खेलकुद कार्यक्रम खर्चलाई मितव्ययी बनाउन खर्च गर्ने आधार तथा नर्म्स तयार गरेको,बैठक भत्ता, सहभागी भत्ता, स्वयंसेवक भत्ता, खाना खाजा तथा होटल बास लगायत खर्च अत्याधिक रकेकोमा मितव्यायी रहेको,•कार्यक्रममा भएको खर्च प्रमाणित गरी सार्वजनिकिकरण गरेको,कार्यक्रममा खरिद भएका सामाग्रीहरुको जिन्सी दाखिला तथा वितरण र खर्चको अभिलेखांकन समेत गरेको,माग फाराम तथा आवश्यकता पहिचान नगरी खेलकुद सामाग्री खरिद गरी वितरण गरेको पाइएन। पालिकाले यस प्रकृतीको खर्चलाई निश्चित कार्यविधि तथा खर्चको नर्म्स बनाई मितव्ययी बनाउनुपर्दछ ।

३६ **माग गरिएका विवरण पेश नभएको:**

स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ७७ मा पालिकाले आफ्नो आय तथा व्ययको अन्तिम लेखापरीक्षण महालेखापरीक्षकबाट गराउनुपर्ने व्यवस्था छ । अन्तिम लेखापरीक्षण गर्दा आन्तिरक लेखापरीक्षणलाई आधार लिनुपर्ने कानूनमा व्यवस्था भएकोमा आन्तरिक लेखापरीक्षण नगराएको कारण उक्त प्रतिवेदन पेश हुने संभावना रहेन । अन्तिम लेखापरीक्षण गर्दा विस्तृत परीक्षण नगरी नमुना छनौट गरी गर्ने प्रचलन रहेको छ ।महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना बमोजिम लेखापरीक्षणको क्रममा पालिकासँग इमेल र मौखिक रुपमा माग गरिएका विवरण भरी लेखापरीक्षण टोलीलाई उपलब्ध गराउनुपर्नेमा आंशिक मात्र प्राप्त भएको छ । माग गरेका विवरण अनुसार कर्मचारी दरबन्दी र पदपुर्तीको विवरण,करार र ज्यालादारी कर्मचारीको विवरण, सेवा करार लिएको विवरण, भुक्तानी दिन बाँकीको विवरण, विभिन्न संस्थालाई दिएको अनुदान, सेवा प्रवाहको स्थिती, सफ्टवेयर खरिदको विवरण, सवारीसाधनको अवस्था, घर नक्सा र निर्माण कार्य सम्वन्धी विवरण,योजना प्राथमिकिकरणको विवरण, विपद व्यवस्थापन कोषको विवरण,स्तरवृद्वीको विवरण, मलेप फारम नं. ५०७, उपभोक्ता सम्वन्धि विवरण लगायतका माग भएका विवरण पेश भएन । पेश भएका विवरणको आधारमा यस प्रतिवेदन तयार गरिएको छ । कानूनमा भएको व्यवस्था बमोजिम माग गरिएका विवरणहरु अन्तिम लेखापरीक्षणलाई पेश नगर्नेलाई जिम्मेबार बनाउनपर्दछ ।

३७ **होमस्टे तालिम कार्यक्रमको प्रभावकारिता**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(४) मा सार्वजनिक निकायले एक लाख रुपैयाँभन्दा बढी रकमको सोझै खरिद गर्दा मौजुदा सूचीमा रहेका कम्तीमा तीन वटा आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता वा सेवाप्रदायकबाट लिखित रुपमा दरभाउपत्र वा प्रस्ताव माग गरी खरिद गर्नु पर्दछ भन्ने व्यवस्था छ । पालिकाले गो.भौ.नं. ५।०८२।०३।१८ बाट हेम कृष्ण चापागाई, वित्तीय सहजकर्तालाई पर्यटन वोर्डसंगको साझेदारीमा होमस्टे तालिम संचालन गरेवापत पर्यटन वोर्डको तर्फबाट प्राप्त रकम रू. ५०००० भुक्तानी गरेको छ । पालिकाले कार्यक्रम सञ्चालन गर्दा दरभाउपत्र, कार्यादेश, सम्झौता समावेश गरेको पाइएन । साझेदारीमा भनिएतापनि पालिकाको साझेदारी अंश रकम समावेश गरेको देखिएन । गत वर्ष समेत पर्यटन प्रवर्द्धन तथा होमस्टे संचालकलाई क्षमता विकास तालिम प्रदान गरेकोमा होमस्टे संचालकलाई आर्थिक ऐन २०८१ ले तोकेको दस्तुर लिई पालिकामा दर्ता तथा नविकरण गरेको अभिलेख पेश भएन । पालिकामा दर्ता भई सञ्चालन नरहेका होमस्टे संचालकलाई पर्यटन वोर्डसंगको साझेदारीमा होमस्टे तालिम तथा क्षमता विकास तालिम कार्यक्रम उपलव्धिमुलक देखिएन । होमस्टे दर्ता तथा नविकरण गरी पालिकाको साझेदारी अंश रकम समावेशगरी तालिम सञ्चालन भएको खर्च पुष्ट्याई हुने बिल भरपाई तथा कागजात पेश गर्नुपर्ने रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,००,००० |

३८ **वितरणमुखी तथा अनुत्पादक खर्च**

३८.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वियन गर्नुपर्ने र दफा ७३(६) मा प्रमुख प्रशासकिय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता मितव्ययिता कार्यदक्षता प्रभावकारीता र औचित्य कायम गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ । सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने सम्बन्धी मापदण्डमा सार्वजनिक निकाय तथा सार्वजनिक पद धारण गरेको व्यक्तिले खर्चमा मितव्ययिता कायम हुने गरी खर्च गर्नुपर्ने सोहि ऐनको दफा १०२ मा स्थानीय तहले सार्वजनिक खर्चलाई थप मितव्ययी र नतिजामुखी बनाउन मितव्ययिता सम्बन्धी मापदण्ड तर्जुमा गरी लागु गर्नसक्ने व्यवस्था छ । पालिकाले मितव्ययिता सम्बन्धि मापदण्ड तर्जुमा गरी लागु गरेको छैन । पालिकाले विभिन्न सप्लायर्स वाट समाग्री वितरण लगायत विभिन्न कार्यक्रम राखी निम्न अनुसार खर्च गरेको छ । सार्वजनिक श्रोतको उपयोग गर्दा

अधिकतम प्रतिफल सुनिश्चित हुने गरी अनुत्पादक तथा प्रतिफल बिहिन खर्चमा नियन्त्रण गर्नुपर्दछ । जसको केहि उदाहरण निम्न बमोजिम रहेको छ ।

| गौ भौ न र मिती | भुक्तानी पाउनेको नाम | प्रयोजन | रकम | कैफियत |
|---|---|---|---|---|
| ७१।२०८१।०७।१२ | ए एण्ड ब्रदर्श सप्लायर्स | गा पा भरी बति जडान गरेवापत भुक्तानी । | ९९९९२८ | उज्यालो ठोरी कार्यक्रममा खर्च गरेकोमा वडा र पालिकाबाट जडान भएका कार्य र पोल तथा बत्तीको अभिलेख जिन्सी खातामा नराखेको । |
| ४४१। २०८२।०३। १२ | दिपक कुमार बस्नेत, सहायक | कृषि अध्ययन अवलोकन भ्रमण वापत | १६०००० | प्रयोजन तथा कार्यक्रम र उदेश्य नखुलाई वडा न ५ बाट कृषि अध्ययन अवलोकन भ्रमणमा खर्च गरेकोमा कृषि तर्फ अन्य कार्यक्रम नै नरहेको । |
| ५०९। २०८२।३। २५ | एस.बि.ह्याण्डीक्राफ्ट प्रा.लि. | गुम्बामा मुर्ती खरिद | ३००००० | वडा मा ठोरी ५ गुम्बामा मुर्ति स्थापना तथा पुजा कार्यक्रम अन्तर्गत गुम्बामा मुर्ती खरिद |
| ९९।२०८१। ७।१५ | नेवा देव बु | विविध कार्यक्रम खर्च धर्म संस्कृती जगेर्ना | २००००० | नेवा देव बु को ५ वटै वडाको रकम निकासा गरेकोमा संस्था दर्ता तथा उदेश्य अनुसार सञ्चालन गर्ने कार्यक्रमको प्रस्तावना पेश नगरेको । |

३८.२ **उपचार खर्च**

३९०।२०८२।२।१७ नागरिक राहत, क्षतिपूर्ति तथा आर्थिक सहायतासम्बन्धी कार्यविधि, २०६८ मा क्यान्सर, हृदयरोग, अल्जाइमर, पार्किन्सन्स वा मृगौला आदि जस्ता कडा रोग लागि आर्थिक अवस्था कमजोर भई आफैं उपचार गराउन नसक्ने अवस्था भएमा स्वदेशमा वा विदेशमा गई उपचार गराउँदा मेडिकल बोर्डको सिफारिस बमोजिम नगर प्रमुख तथा गाँउपालिका प्रमुख लगायत राष्ट्रिय जीवनका अन्य क्षेत्रमा उल्लेख्य योगदान पुर्‍याएका महत्त्वपूर्ण व्यक्तिलाई रोगको प्रकृति हेरी उपचार खर्चको विल भर्पाई तथा डाक्टरको सिफारिसको आधारमा रु. ५ लाखसम्म र विपन्न नागरिकलाई रु.१ लाखसम्म सम्बन्धित अस्पतालको नाममा सोझै उपलब्ध गराउने उल्लेख छ । पालिकाबाट असाध्य तथा गंभिर रोग लागेका पदाधिकारी तथा कर्मचारीको औषधीउपचार खर्च शिर्षकबाट गा पा अध्यक्ष लाल बहादुर श्रेष्ठलाई रु ४९००००।०० लिलाराज घिमिरेलाई रु ९५०००।०० र सुजता श्रेष्ठलाई रु ९५०००।०० समेत जम्मा रु ६८००००।०० भुक्तानी गरेकोमा माथि उल्लेखित प्रकिया नपुर्याई सभामा निर्णय नगरी सम्वन्धित अस्पताललाई भुक्तानी नगरी व्यक्तिलाई भुक्तानी गरी खर्च लेखेको नियमसम्मत नदेखिएको रु

| | |
|---|---|
| अनियमित भएको | ६,८०,००० |

३९ **खर्च समर्थन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६५ देखि ७१ सम्म बजेट तथा कार्यक्रम तर्जुमाका प्रक्रिया र दफा ७१ मा कार्यपालिकाले वार्षिक बजेट र कार्यक्रम सभामा पेश गर्नुपर्ने र त्यसमा स्पष्ट रूपमा आय-व्ययको विवरण, उद्देश्य र लक्ष्य खुलाउनुपर्ने व्यवस्था छ। यसैगरी, अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४: यस ऐनको दफा २१ मा स्थानीय तहले असार १० गतेभित्र आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान (बजेट) सभामा पेश गर्दा खर्च हुने शीर्षक र कार्यक्रम स्पष्ट हुनुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष गाउँपालिकाको ग्रामिण बाटो स्तरोन्नतीको लागि इन्धन तथा निकुञ्जको राजस्व तथा अन्य इन्धन खर्च उल्लेख गरी रु ७३५६७७८। वजेट व्यस्थापन गरी विनियोजित रकम सवै खर्च गरेको देखियो । ११ वटा भौचरबाट खर्च भएको उक्त रकममा इन्धनको विल भुक्तानी गरेको विजक संलग्न छन भने भएको निर्माण कार्यको प्राविधिक विल उठान गरी पेश भएको देखिएन । पालिकासँग रहेका जेसिवीहरुबाट उक्त खर्च भएको पालिकाले जनाएको छ । वजेट तथा कार्यक्रममा स्पष्ट नगरी ठूलो रकम विभिन्न योजनामा खर्च भएको विवरण सभाबाट कार्यक्रम अनुमोदन नगरी खर्च गर्दा बजेट सिद्धान्त विपरीत भएको देखिएकोले निर्दिष्ट कार्यक्रममा बजेट व्यवस्थापन गर्नुपर्ने देखिन्छ । गाउँसभालाई जानकारी नहुने गरी गरिएका यस्ता कार्यहरु सभाबाट अनुमोदन नभएको रु

| | |
|---|---|
| अनियमित भएको | ७३,५६,७७८ |

४० **स्थानीयको साझेदारीमा विद्यालय भवन निर्माण**

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गत शिक्षा तथा मानव स्रोत विकास केन्द्रले प्रकाशित गरेको कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१/८२ को क्रियाकलाप नं. ११.१.२.२९८६ मा स्थानीयको साझेदारीमा विद्यालय भवन निर्माण गर्दा स्थानीय तहले निर्माण समय

तालिका अनुसार निर्माण कार्य गर्न लगाई विद्यालयले आर्थिक वर्षको जेठ मसान्तसम्ममा कार्य सम्पन्न गरी सोको जानकारी स्थानीय तहलाई र शिक्षा विकास तथा समन्वय इकाईलाई दिनुपर्ने व्यवस्था छ । त्यसैगरी चालु आर्थिक वर्षमा विनियोजित रकम क्रमागत आयोजना अन्तर्गत नरहेकोले चालु आर्थिक वर्षभित्रै निर्माण कार्य अनिवार्य रुपमा सम्पन्न गर्नु पर्ने व्यवस्था छ । शिकारीवास स्कुलको चार कोठे भवन निर्माण निर्माणको लागी पालिकाले रु. ५५,००,०००/०० विभिन्न किस्तामा निकासा गरेकोमा स्थानीयको साझेदारीमा विद्यालय भवन निर्माण गरेको कार्य सम्पन्न प्रतिवेदन पेश गरेको छैन । उक्त निर्माण कार्यको नियमानुसार कार्य भएको देखिने नापी, ठेक्का विल तथा कार्य स्वीकार प्रतिवेदन पेश नभएकोले पेश गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५५,००,००० |

४१ **ठुट्टेखोला तटवन्ध उपभोक्ता समिति** (7-2081-07-22):

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ । ठुट्टेखोला तटवन्धन उपभोक्ता समिति उपभोक्ता समिति ठोरी २ लाई भुक्तानी गर्दा आइटम नं ८ मा Machine Made Gabion box size 2*1*1 को ८ वटा दिएकोमा प्याकेजिङ र फिलीङको लागि २४ घनमिटरको रु २७३०। को दरले दिएको छ । Gabion box size 2*1*1 मा १६ घनमिटर मात्र ढुङ्गा भर्न सकिनेमा थप ८ घनमिटर बढी नापी भएको देखिएको प्राविधिकबाट एकिन गराई बढी भुक्तानी भएको रु २१८४०। असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | २१,८४० |

४२ **गोकर्णेश्वर मन्दिरमा शिवलिङ्ग र शिवको मूर्ती खरिद** (8-2081-07-09):

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ मा लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । त्यसैगरी सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार मन्दिरमा प्रयोग हुने मूर्ति खरिद गर्दा यथार्थ र औचित्यपूर्ण लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले गोकर्णेश्वर मन्दिरमा शिवलिङ्ग र शिवको ठूलो मूर्ती बनाउने कार्यको लागि रु ९५८२३७। भुक्तानी गरेको छ । मूर्ति कलात्मक तथा विशेष प्रकृतिको वस्तु भएकाले यसको लागत अनुमान तयार गर्दा स्पष्ट प्राविधिक विवरणलाई आधार लिई मूर्तिको उचाइ, चौडाइ, तौल, प्रयोग हुने सामग्री (ढुङ्गा, पित्तल, अष्टधातु, मार्बल आदि), डिजाइनको जटिलता, Level of Craving, फिनिसिङ, स्थापना सहित वा बिना स्थापना भन्ने कुरा स्पष्ट रूपमा उल्लेख गर्नुपर्नेमा गरेको देखिएन । आवश्यकता अनुसार मूर्तिकला विशेषज्ञ, पुरातत्वविद् वा सांस्कृतिक विज्ञको परामर्श नलिई खरिद गर्दा शास्त्रीय आयाम (प्रमाण) नमिल्नने, प्राणप्रतिष्ठा विधिमा असर पर्ने, पूजा–आराधनाको धार्मिक मान्यता कमजोर हुने, परम्परागत मान्यता अनुसार अनुपयुक्त मूर्ति वा दोषयुक्त प्रतिमा स्थापना गर्दा मन्दिरको आध्यात्मिक ऊर्जा सन्तुलित नहुने भएकोले खरिद गरेका मूर्ती परम्पारगत मान्यता अनुसार भएको छ भन्न सकिने आधार देखिदैन । यस्तो कार्यमा सुधार हुनुपर्दछ ।

४३ **Construction of Thori Hospital (15 Bed) TRM/NCB/01-077/78**

पालिका र राजेन्द्र निर्माण सेवा प्रा लि बिच २०७९।११।३ मा सम्पन्न गर्ने गरी मिति २०७८।१।२१ मा भ्याट र पिएस सहित रु १७४२३६८८४।मा सम्झौता गरेकोमा देखिएका व्यहोराहरु देहायानुसार छनः

४३.१ **कार्य प्रगतीः** उक्त निर्माण कार्यको हालसम्म ९ वटा रनिङ विलबाट मूल्य समायोजन भ्याट वाहेक रु ४०३९४२८८, पिएस आइटम रु ९७५०००।समेत भ्याट सहित रु २००९५५८८०। को विल उठान भई भ्याट सहित रु १७५१७३५७५। भुक्तानी भएको देखियो ।

| रनिङ विल | विल रकम | भ्याट | मूल्य समायोजन भ्याट वाहेक | पिएस आइटम | जम्मा | हालसम्म भुक्तानी |
|---|---|---|---|---|---|---|
| १ | ७६०४८७४.२ | ९८८६३३.६ | ०.० | ०.० | ८५९३५०७.८ | ८५९३५०७.० |
| २ | १२०९७८४२.८ | १५७२७१९.६ | ०.० | ५०००००.० | १४१७०५६२.४ | १४१७०५६२.० |
| ३ | ५१९६५६५.७ | ६७५५५३.५ | ४८७६२८८.८ | ०.० | १०७४८४०८.० | १०४१३८३४.० |
| ४ | १७६२४९५६.९ | २२९१२४४.४ | ४४११३५७.५ | ०.० | २४३२७५५८.८ | २४१३६०११.० |
| ५ | ७९५०७७२.१ | १०३३६००.४ | १९९०००१.९ | ०.० | १०९७४३७४.४ | ९५०००००.० |
| ६ | १७४४२२८३.३ | २२६७४९६.८ | ४३६५६३६.१ | ०.० | २४०७५४१६.३ | २४०७५४१६.० |
| ७ | ४५७१५४०१.४ | ५९४३००२.२ | १७५६३८५७.२ | ०.० | ६९२२२२६०.८ | ६९२२२२६०.० |
| ८ | २४९३६७४.८ | ३२४१७७.७ | ०.० | ०.० | २८१७८५२.५ | २८१७८५२.० |
| ९ | २५१००७०१.० | ३२६३०९१.१ | ७१८७१४७.२ | ४७५०००.० | ३६०२५९३९.३ | १२२४४१३३.६ |
| जम्मा | १४१२२७०७२.२ | १८३५९५१९.४ | ४०३९४२८८.८ | ९७५०००.० | २००९५५८८०.३ | १७५१७३५७५.६ |

४३.२ **मूल्य समायोजनः** सम्झौताको विशेष सर्त GCC 53.7 मा The Price Adjustment amount shall be limited to a maximum 25 percent of the initial contract price उल्लेख छ । सुरु सम्झौता रकम भ्याट सहित रु १७२३०४८४१। रहेको छ । उक्त रकमको २५ प्रतिशतले हुने भ्याट सहित रु ४३०७६२१०। मूल्य समायोजन बापत भुक्तानी हुनुपर्नेमा भ्याट सहित रु ४५६४५५४५। भुक्तानी भएको देखिएकोले वढी भएको रु २५६९३३५। असुल गर्नुपर्ने देखिएको रु

पालिकाले प्राविधिक विलबाट रु २००९५५८८०।भुक्तानी सिफारिश भएकोमा रु १७५१७३५७५। भुक्तानी गरेको भएतापनि पिएस वापत, मूल्य समायोजन वापत र सम्झौताको विओक्यु बमोजिम भुक्तानी गर्नुपर्ने रकम छुट्याई भुक्तानी नगरेकोले एकिन हुन नसकेको छ ।

| | |
|---|---|
| असुल गर्नुपर्ने | २५,६९,३३५ |

४३.३ **म्याद थपः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा खरिद संझौता बमोजिमको काम संझौताको अवधिभित्र पूरा गर्न नसकेमा निर्माण व्यवसायीले सम्बन्धित सार्वजनिक निकायमा निवेदन दिनुपर्ने र कार्यालयले सो निवेदन उपर आवश्यक जाँचबुझ गरी गराई कारण उचित लागेमा म्याद थप गर्न सक्ने प्रावधान छ । यस निर्माण कार्यको पहिलो पटक मिति २०८०।११।२१ सम्म र दोश्रो पटक मिति २०८२।११।२१ सम्म म्याद थप भएको छ ।

**विमाः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियमा ११२ मा निर्माण कार्य गर्ने निर्माण व्यवसायीले विमा गराउनुपर्ने र यस्तो विमाको अवधि त्रुटि सच्याउने अवधिसम्म हुनुपर्ने व्यवस्था छ । यस निर्माण कार्यको विमा गरेको देखिएन । सम्झौताको विशेष शर्तमा विमाको प्रावधान उल्लेख गरेको भएतापनि विमा गरेको देखिएन । काम गर्ने सिलसिलामा आइपर्ने जोखिम न्यूनिकरणको लागि विमा गर्नुपर्ने व्यवस्था बमोजिम विमा गर्नुपर्दछ ।

**पिएस आइटमः** पिएस आइटमको बुदा नं २ मा Bank Guarantee commission for Advance payment Guarantee and Performance Guarantee को लागि रु ५०००००। भुक्तानी भएकोमा विजक पेश नभएकोले विजक पेश गर्नुपर्ने देखिएको रु

सम्झौता तथा खरिद कानुन बमोजिम निर्माण कार्य गरी गराई समयमा कार्यसम्पन्न गर्नुपर्दछ ।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,००,००० |

४४ **कार्यस्विकार प्रतिवेदनः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ मा खरिद सम्झौता अन्त्य गर्न सकिने अवस्थाहरुको व्यवस्था गरेको छ भने सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ मा निर्माण कार्य कम्तीमा ९० प्रतिशत भौतिक प्रगती भएको र आयोजनाको उद्देश्य अनुरुप सो निर्माण कार्य सामान्य प्रयोग वा सञ्चालनमा आएको अवस्था भएमा र सम्बन्धित निर्माण व्यवसायीले अनुरोध गरेमा कार्यस्विकार प्रतिवेदन तयार गर्नु सकिने व्यवस्था छ । पालिकाले सौर्य सिँचाई जडँन वडा नं. ५ उपभोक्ता समितिसँग रु ७३२८९६६। मा सम्झौता गरेकोमा सम्झौता भन्दा १५.९९ प्रतिशत कम रु ६१५६७४३। को कार्य गरेकोमा कार्यस्विकार प्रतिवेदन जारी गरेको देखियो । कम कार्य हुदा पनि पालिकाले कार्यस्विकार प्रतिवेदन जारी गर्नु कानुन सम्मत देखिदैन । निर्माण व्यवसायिले सम्झौता बमोजिम कार्य नगरेमा सम्झौताको उल्लङ्घन हुने र सार्वजनिक खरिद नियमावलीको नियम १२८ मा खरिद सम्झौता उल्लङ्घन गरेमा सार्वजनिक निकायले त्रुटिपूर्ण कार्य अस्विकार गर्ने, समयमा कार्य सम्पन्न हुन नसके वापतको पूर्व निर्धारित क्षतिपूर्ती प्राप्त गर्ने, आनुषाङ्गिक क्षतिपूर्ती भराउने व्यस्था रहेकोमा सो बमोजिम पालिकाले नगरेको देखिएको रु

| | |
|---|---|
| अनियमित भएको | ११,७२,२२२ |

४५ **संघीय सशर्तबाट भुकतानीः-**

अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ (२) मा सशर्त अनुदान प्रदान गर्दा योजना कार्यान्वयन गर्ने सम्बन्धमा आवश्यक शर्त तोक्नेछ र खर्च गर्दा त्यस्तो शर्तको पालना गर्नु पर्ने तथा महालेखा नियन्त्रकको कार्यालयले तयार गरेको आर्थिक संकेत बर्गीकरण तथा व्याख्या, २०७४ ले निर्देशन गरेको ढाँचा अनुसार खर्च लेख्नुपर्ने व्यवस्था छ । नमुना परीक्षण गर्दा पालिकाले देहायाबमोजिमको कार्यक्रम वापत रु. २१०११०१।०० खर्च संघीय सशर्तबाट भुक्तानी दिएकोले उक्त रकम संघीय संञ्चित कोषमा दाखिुला गरेको प्रमाण पेश गर्नुपर्ने रु.

| क्र.स. | गो.भौ. नं./ मिति | विवरण | भुक्तानी पाउने | रकम रु. |
|---|---|---|---|---|
| १ | ९२- ०८१।१०।०६ | कृषि उपज तथा पर्यटकिय स्थलहरुको बारेमा जानाकारीमुलक प्रदर्शनी कार्य | हेमाकृष्ण चापागाई | १४५००० |
| २ | ३५- ०८१।०७।१३ | मायाको चिनो र फोटो फ्रेमको विल | मिडिया क्रियशन | ७४३०३ |
| ३ | ३७- ०८१।०७।१३ | विद्युतिय सामाग्री खरिद | बुढाथोकी इलेक्ट्रोनिक्स | ३६०५१ |
| ४ | ४८- ०८१।०८।०६ | कार्यालय सामाग्री | कुशल हेण्डि क्याफ्ट र परफेक्ट कम्प्युटर | ३७६०० |
| ५ | ४९- ०८१।०८।०६ | मायाको चिनो र फोटो फ्रेमको विल | चापागाई डिजिटल स्टुडियो | ३५५५८ |
| ६ | ५३- ०८१।०८।१३ | मृत्त आत्माको संझनामा दियो बाल्ने कार्यक्रम | Connect kishan pvt ltd, Esterb research institute of positive science pvt.ltd | २३३९०० |
| ७ | ५८- ०८१।०८।२७ | निर्मलवस्ती नेट जडान | पि.डि.एस. सर्भर नेटवर्क | २२०००० |
| ८ | १०९- ०८१।१०।२९ | फ्लेक्स प्रिन्ट | मिडिया क्रियशन | ४५३१५ |
| ९ | १७५- ०८१।१२।१७ | सिमरा गोल्डकप खेल | नव जन जागृति युवा क्लव | ३०००० |
| १० | २०६- ०८२।०१।२७ | आर्थिक सहयोग | गोविन्दे दमै | २०००० |
| ११ | २१२- ०८२।०२।०३ | IT सामाग्री खरिद | ॐ शान्ति जयसवाल ट्रेडर्स | ९२०९१ |
| १२ | २१५- ०८२।२।०७ | आल्मुनियम पाट्रिसन सामाग्री | ॐ शान्ति जयसवाल ट्रेडर्स | ९२०९१ |
| १३ | २३८- ०८२।२।२७ | मेलामा साउण्ड सिस्टम | जगदिश साउण्ड तथा टेन्ट सेवा | १४२८३१ |
| १४ | ३२२- ०८२।३।२३ | प्लाई तथा अफिस टेवल खरिद | साङ्घीवारी ईन्टरनेशनल प्रा.लि. | ८९६३६१ |
| | | | जम्मा | २१०११०१ |
| | | | प्रमाण पेश नगरेको | २१,०१,१०१ |

४६ **सशर्त कृषि तथा पशुः-**

यस वर्ष पालिकाले कृषि तथा पशु विकास तर्फ तर्फ रु. २८ लाख ७७ हजार बजेट बिनियोजन भएकोमा रु. २२ लाख ३३ हजार (९७.२० प्रतिशत) का कार्यक्रम कार्यान्वियन भएको छ । पालिकाले ८ कार्यक्रम २ वटा पुर्ण र ५ वटामा आंशिक रुपमा सम्पन्न भएको देखिन्छ । पकेट विकास कार्यक्रम, उन्नत धान, गहुँको मकैको विउ वितरण लगायतका कार्यक्रम भएकोमा पालिका चालु तर्फको कार्यक्रम

केही मात्र गरेको छ । सशर्त तर्फका अधिकांश कार्यक्रम भएपनि पालिका तर्फका कृषि बजार निर्माण, माछा वितरण लगायतका अधिकाशं कार्यक्रम संचालन भएको छैन । यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन। यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन:

४६.१ **पकेट कार्यक्रम:** प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना व्यवस्थापनइकाई खुमलटार, ललितपुरले प्रकाशन गरेको प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन म्यानुवल, २०७९को ४.१.५ मा कार्यक्रम संचालन अवधि तथा पकेट संख्या अन्तरगत स्थानीय तहको प्रत्येक वडामा कम्तिमा २ वटा पकेट छनौट गरी परियोजनाको आर्थिक सहयोगमा कार्यक्रम संचालन गरिने उल्लेख छ । यसैगरी परियोजना कार्यान्वयन म्यानुवल, २०७७को ४.१.९.२ (क)मा पकेट निर्धारणकोलागी तालिका नं. १ मा उल्लेख भए बमोजिमको आधार पुरा भएको पकेटमा उत्पादन र उत्पादकत्व बृद्धिका कार्यक्रमहरु प्रथमिकताका साथ संचालन गर्नुपर्नेर (ग) मा स्थानीय तहको स्वीकृत लाभान्वीत वर्गको सहभागीतामा प्रविधिक समितिले तालिका नं २ मा उल्लेख भएका क्रियाकलापको सुचीमध्येवाट लाभान्वीत वर्गको आवश्यकता र प्रविधिकदृष्टिकोणले उपयुक्त क्रियाकलापहरुको छनौट गरी स्थानीयदररेटको आधारमा लागत अनुमान तथा कार्ययोजना तयार गर्नुपर्ने उल्लेख छ। पालिकाले भैंसी, बाख्रा र धान पकेट विकास कार्यक्रम अन्तरगत अनुदानमा निम्न अनुसारको कार्यक्रम पकेट संचालन गरी रु. ३१ लाख ५ हजार अनुदान वापत भुक्तानी दिएको छ ।यस सम्बन्धमा देखिएको व्यहोराहरु निम्नानुसार छन्।

| सि.नं. | सहकारी संस्था | क्रियाकलाप | लागत | | | लाभग्राही |
|---|---|---|---|---|---|---|
| | | | नगरपालिकाले व्यहोर्ने | कृषि सहकारी/ समुह | कुल | |
| १ | हाम्रो सृजन सिल कृषक समुह ठोरी 3 ( भैंसि पकेट कार्याक्रम) | कृषि ब्यवसाय सेवापुर्वधार ( गोठ तथा भकारो सुधार ) | ४२५००० | १००००० | ५२५००० | १५ कृषक |
| | | कृषि उत्पादन सामाग्री ( घास बिउ बेर्ना बितरण) | २०५००० | २०५००० | ४१०००० | ३६ जना |
| | | कृषि औजार तथा उपकरण ( च्याफ कटर वितरण | २००००० | २००००० | ४००००० | १० जना |
| | | प्रिँधिक सहयोग ( तालिम तथा मिनरल बल्क , मिनरल मिक्सर सहयोग) | ३००००० | ० | ३००००० | ३६ जना |
| | | जम्मा | ११३०००० | ५०५००० | १६३५००० | |
| | हाम्रो सृजन सिल कृषि सहकारी संस्था लि. ठोरी 5 ( बाख्रा पकेट कार्याक्रम) | कृषि ब्यवसाय सेवापुर्वधार ( गोठ तथा भकारो सुधार ) | १७०००० | ३४००० | २०४००० | १२ जना |
| | | कृषि उत्पादन सामाग्री ( घास बिउ बेर्ना बितरण) | १५०००० | १५०००० | ३००००० | ३१ |
| | | कृषि औजार तथा उपकरण ( च्याफ कटर वितरण) | १५६००० | १५६००० | ३१२००० | ८ |
| | | नश्ल शुधार (प्रजनन् बोका बितरण) | ३५५००० | ३५५००० | ७१०००० | ११ |
| | | प्रिँधिक सहयोग ( तालिम तथा मिनरल बल्क , मिनरल मिक्सर सहयोग) | ३०००० | ० | ३००००० | ३० |
| | | जम्मा | ८६१००० | ६९५००० | १८२६००० | |
| ३ | श्री तिनघरे कृषक समुह | स्प्रे ईलेक्ट्रिक ट्याङ्की, त्रिपाल , उन्नत विउ बर्षे धान , बालीको रोग किरा नियन्त्रणको लागि विषादी , जिङ्क र जाईम र तालिम | १११४००० | ९६४००० | २०७८००० | कृषक परिवार संख्या-200 जनसंख्या - ३५० |

१. पालिकाले कार्ययोजना तयार नगरेको, लाभग्राही छनौटको स्पष्ट आधार पेश नभएको र अघिल्ला आर्थिक बर्षहरुमा अनुदान दिएकोमा

उक्त पहिले नै प्राप्त गरेका लाभग्राहीहरु दोहोरिन गए नगएको अभिलेख समेत नराखेकोले यकिन गर्न समेत सकियन।

२. यस वर्ष मा भैँसी पकेट विकास कार्यक्रम अन्तर्गत गोठ तथा भकारो सुधार, घाँसको विउ वेर्ना वितरण, चाफ कटर वितरण र तालिम तथा मिनलर ब्लक सहयोगको लागि माथि उल्लिखित हाम्रो सृजन सिल कृषि सहकारी मार्फत रु. ५ लाख ०५ हजार र बाख्रा पकेट विकास कार्यक्रम अन्तर्गत गोठ तथा भकारो सुधार, घाँसको विउ वेर्ना वितरण, चाफ कटर वितरण र तालिम तथा मिनलर ब्लक सहयोग र नश्ल वोका बितरण कार्यको लागि हाम्रो सृजन सिल कृषि सहकारी मार्फत रु. ६ लाख ९५ हजार अनुदान निकासा गरेको छ ।

३. धान पकेट विकास कार्यक्रम अन्तर्गत उन्नत धानको विउ वितरण, स्प्रे ट्याङ्की वितरण, बालि रोग किरा नियन्त्रणको लागि विषादी, जिङ्क र जाइम तथा तालिमको मार्मत रु. ९ लाख ६४ हजार अनुदान निकासा गरेको छ।

४. पालिकाले भैसी तथा बोका पकेट विकास कार्यक्रमबाट पालिकाको कृषि उत्पादन र उत्पादकत्व तथा सोको बजारीकरणको अवस्था, लाभग्राहीको जिवनस्तरमा भएको परिवर्तनको अवस्था र अनुदान उपयोगको अवस्था सुनिश्चित भएको सम्बन्धमा आश्वस्त हुन अनुगमन गरी प्रतिवेदन तयार गरेको छैन।

तसर्थ कार्ययोजना, लाभग्राही छनौटको आधार, गत वर्षहरुमा अनुदान पाउनेहरुको अभिलेखको प्रमाण पेश गर्नु पर्ने देखिन्छ । पालिकाले कार्यक्रम कार्यान्वयन म्यानुयल प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

४६.२ **रैथाने बाली प्रवर्द्धन कार्यक्रमः-** प्रदेश तथा स्थानिय तहमा सशर्त वित्तीय हस्तान्तरित कृषि विकास कार्यक्रम संचालन सम्बन्धी कार्यविधि २०८१ दफा २४ को ३ (क) (आ) मा रैथाने बालि अनुदान अन्तर्गत रैथाने बालिको लागि क्षेत्र विस्तार प्रोत्साहन अनुदान सम्बन्धि व्यवस्था छ। पालिकाले संघीय सरकारबाट हस्तान्तरित चालु गो. भौ. नं. २१९ – ०८२।०२।११ मा कोदो बालिको क्षेत्र विस्तारको ४ वडामा कुल १३४ किसानको ३९-७-५ कुल क्षत्रफलमा प्रति कठ्ठा रु. ६०० को दरले रु. ४५६३००। कृषकलाई रकम भुक्तानी गरेको छ। यस सम्बन्धी देखिएको व्यहोराहरु,

•आफ्नो वा लिजमा लिएको कम्तिमा पछिल्लो तिन वर्ष खेती नगरि बाँझो रहेको जमिनमा सो नदेखिएको,

•बाली लगाएको ४५ दिन पछि प्राविधिकले स्थलगत अनुगमन गरी बाली लगाएको क्षेत्रफल एकिन गरी अनुदानको लागि सिफारिश गर्नुपर्नेमा अनुमगन गरी प्रतिवेदन पेश गरेको देखिएन,

•विगतमा अनुदान प्राप्त गरेको हो वा होईन सो सम्बन्धि अभिलेख नहुदा दोहोरो पर्न सक्ने हुदा विगतका अनुदान लाभग्राहीहरुको अभिलेख पालिकासँग छैन ।

•अनुदान लाभग्रहीको नाम सहित भुक्तानी पाएको रकम खुल्नेगरी स्थानिय तहको वेभसाईटमा अद्यावधिक गर्नुपर्नेमा नगरेको पाइयो ।

पालिकाले अनुदान ग्रह्यताको लागि कार्यविधिमा उल्लिखित व्यवस्थाहरु पालना नगरी हस्तान्तरण गरेको अनुदान रकम सम्बन्धित कृषकले पाएको हो भन्न सकिने आधार देखिएन । पालिकाले अनुगमन गरी अनुदान ग्राह्यताको आधार सहितको खर्च पुष्ट्याई हुने आधार पेश गर्ने अन्यथा असुल गरी संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,५६,३०० |

४६.३ **मकै प्रवर्द्धन कार्यक्रम-** १३०-२०८१।११।२८ संघीय सशर्त अनुदान शिर्षकबाट मकैको विउ खरिद गरी वितरण गर्न पालिकाले सुचिकृत विभिन्न फर्महरुबाट दरभाउ माग गरी लागत अनुमान तयार तथा स्वीकृत नगरी सबै भन्दा कम दरभाउ पेश गर्ने फर्मबाट खरिद गर्ने निर्णय गरी श्री माँ दुर्गा एग्रोप्राइजेजबाट १६ लिटरको 2 in one ९० पिस स्प्रे ट्याङ्की (इलेक्ट्रोनिक) को लागि रु. ४०५०००।०० र श्री दुर्गा सिड्स सेन्टरबाट प्रति प्यकेट ४ किलो भएको १७५ प्याकेट TMMH 806 मकैको विउको लागि रु. ६३००००।०० समेत जम्मा रु. १०३५०००।०० को मकैको विउ खरिद गरी वितरण गरेकोमा देखिएको व्यहोरा देहाय बमोजिम रहेको छ ।

पालिकामा यस वर्ष मकैबाली प्रवर्द्धनमा मकैको विउ वितरणमा ५०% अनुदानको कार्यक्रम सञ्चालन गरी रु. १०३५०००।०० को ९० पिस इलेक्ट्रोनिक स्प्रे ट्याङ्की र १७५ प्यकेट TMMH 806 मकैको विउ खरिद गरी ९० जना लाभग्राहीहरुलाई स्प्रे ट्याङ्की र ९३ जना लाभग्राहीलाई मकैको विउ वितरण गरेकोमा लाभग्राहीको छनौट विधि, मापदण्ड, आधार, मूल्याङ्कन, उक्त कार्यक्रमको लागि तोकिए बमोजिमको लागत अनुमान र उत्पादन ब्लकमा बाली उत्पादन र उत्पादित उपजको बजारीकरणमा सहयोग पुग्ने खालका क्रियाकलापहरु हुनुपर्दछ । पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त

उपलव्धी मापन गर्न स्थानीय अनुदान नीति तय गरेको छैन् । अनुगमनलाई प्रभावकारी बनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ । लाभग्राही छनौटमा मापदण्ड नबनाई विगत वर्षहरुमा अनुदान प्रदान गरेको लाभग्राहीलाई समेत यस वर्ष पनि उक्त अनुदान प्रदान गरेको देखिएकोले पालिकाले आवश्यक मापदण्ड तयार गरी उपयुक्त लाभग्राहिको छनौट गरी कार्यक्रम सञ्चालन गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

४७ **लघु उद्यम विकास कार्यक्रम:**

लघु उद्यम विकास कार्यक्रम अन्तर्गत रु. १० लाख ६० हजार विनियोजन भएकोमा रु.१० लाख ५५ हजार खर्च भएको देखियो। उक्त स्रेस्ता परिक्षण गर्दा देखिएका व्यहोरा निम्न छन:

४७.१ **कार्यक्रम बाँडफाँड**- गरिबी निवारणका लागि लघु उद्यम कार्यक्रम सञ्चालन निर्देशिका,२०७७ को बजेट तर्जुमा दायरा तालिका १ मा भएअनुसार बजेट बाँडफाँट गरी सोही निर्देशिकाको अनुसुची-३ अनुसार कार्यक्रम सञ्चालन गर्नुपर्ने व्यवस्था छ। । पालिकाले बजेट व्यवस्थापन गरेतापनि लघु उद्यममा सामाजिक परिचालन, उद्यमशीलता विकासको लागि तालिम शीर्षक, सिप विकास तालिम, प्रविधि हस्तान्तरण कार्यक्रमको लागि कुल जम्मा रु १० लाख ५५ हजार कार्यक्रममा बजेट खर्च गरेको देखिन्छ।निर्देशिकाले तोकेनुसार सबै चरणको कार्यक्रम गर्नु पर्ने देखिन्छ।

४७.२ **बाटेको धुप बनाउने तालिमः**- गरिबि निवारणको लागि लद्यु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को दफा ३९(२) बमोजिम तालिमबाट उत्पादित सामान वा वस्तुहरुको व्यवस्थित अभिलेख राखी त्यस्ता उत्पादनहरु प्रशिक्षण अवधिभित्रै परल मुल्यको पचास प्रतिशत छुट मुल्यमा सहभागीलाई नै बिक्री गर्न सकिनेछ । उपदफा ४ बमोजिम शाखाले उपदफा २ बमोजिम बिक्री तथा वितरण हुन नसकेका सामान वा वस्तुहरु सम्भव भएसम्म बिक्रि वितरण वा प्रचार प्रसारका लागि कोसेली घर, सौगात गृह, बिक्रि कक्ष वा प्रदर्शनी स्थलमा पठाउने व्यवस्था मिलाउनु पर्नेछ । त्यसरी पठाउँदा पनि बिक्रि नभएमा वितरण सहित कार्यालयमा बुझाई सात दिनभित्र स्टोर दाखिला गर्नुपर्ने व्यवस्था छ ।संघीय सशर्त चालु गो.भौ.नं. २६३ र ३७७ बाट गरिबि निवारणको लागि लद्यु उद्यम विकास कार्यक्रम अर्न्तगत ४० जना महिलाको लागि ५ दिने बाटेको धुउप बनाउने तालिमको लागि रु.१,७९,१४५/- खर्च लेखेको छ । उत्पादिन कुनै पनि सामान बिक्रि नभएको तथा उक्त उत्पादित सामान स्टोर दाखिला गरेको छैन। निर्देशिका बमोजिमको प्रकृया पुरा नगर्ने जिम्मेवार पादाधिकारीलाई जिम्मेवार बनाई पालिकाले उत्पादित सामान तोकिए बमोजिम व्यवस्थापन गर्नुपर्दछ ।

४७.३ **प्रविधि हस्तान्तरणः**- गरिबी निवारणको लागि लद्युउद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ बमोजिम प्रविधि हस्तान्तरणमा २० प्रतिशत लागत सहभागिता हुनुपर्ने व्यवस्था छ । पालिकाले १४ वटा वंगुर खोर सफा गर्ने हाइ प्रेशर मेशिन रु. १४००००/- मा खरिद गरी गरेकोमा लाभग्राहीबाट रु. ४००००/०० सहित पालिकाबाट रु. १४००००। लागत सहभागी गराई हस्तान्तरण गरेको देखिन्छ। High pressure machine कुल १४ थान १४ जना लाभग्राहीलाई हस्तान्तरण गरेकोमा सो उपयोगको अवस्थाको सम्बन्धमा पालिकाले अनुगमन गरेको छैन। पालिकाले प्रविधि हस्तान्तरण कार्यक्रमको लाभ लागत विश्लेषणको आधारमा पालिका र लाभग्राहीको जिवस्तरमा भएको प्रभावकारीता मापन गरी सो को आधारमा अनुदानको निरन्तरता गर्नुपर्दछ।

४७.४ **कार्यक्रमको प्रक्रिया तथा रेकर्ड व्यवस्थापन:** लघु उद्यम कार्यक्रमबाट लाभान्भित भएका व्यक्तिहरु तथा सञ्चालित कार्यक्रमको अभिलेख राख्न उद्योग वाणिज्य तथा आपूर्ती मन्त्रालयले gesimis.moics.gov.np प्रणाली प्रयोगमा ल्याएको छ।यस प्रणालीमा लघु उद्यमी तालिम तथा विकास सम्बन्धी चरण चरणका विवरणहरु अद्यावधिक गर्नुपर्ने व्यवस्था छ। पालिकाले लघु उद्यम सम्बन्धी उद्यमशिलताको विकास सम्बन्धी तालिम, उद्यम व्यवसाय सञ्चालन गर्न सहयोग पुर्याउने र नयाँ लघु उद्यमी सृजना गर्ने उद्ध्येका साथ उद्यमशिलता विकास तालिम प्राप्तकाबाट ४० जनालाई बाटेको धुप बनाउने सम्बन्धि सिपमुलक तालिम प्रदान गरेको भएतापनि लाभग्राहीको छनौटको आधार स्पष्ट पारेको छैन। साथै अनुगमन गरी कार्यक्रमको उपलब्धीको मुल्याङ्कन गरेको छैन।लाभग्राहीहरुको अभिलेख तथा जिविकोपार्जनको लागि व्यवसाय संचालन गरेको अभिलेख gesimis.moics.gov.np सिस्टममा अद्याविध गरेको छैन।

पालिकाले सिप विकास तालिममा उद्यशीलता विकास तालिम नलिएका र जेसीएमआईएस सफ्टवेयर तथ्याङ्क अद्यावधिक नभएका व्यक्तिहरु समावेश गरी तालिम सञ्चालन गरेकोले निर्देशिकामा भएको व्यवस्था पालना भएको छैन। पालिकाले निर्देशिकामा भएको व्यबस्था अनुसार नियिमत अनुगमन अनुमगन गरी यस्ता विषयमा सुधार गर्नुपर्दछ ।

## ४८ प्रधानमन्त्री रोजगार कार्यक्रमः-

४८.१ स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्वेश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ५ वटा मध्ये ५ वटा वडामा २६ वटा योजना सञ्चालन गरी यस वर्ष २४० जनालाई ४१.५४ दिनसम्म दिनको ६१०० दिन रोजगारी तथा तालिम उपलव्ध रोजगारी तथा तालिम उपलव्ध गराई रु.४०,७२,९७५।- श्रमिक ज्याला खर्च गरेको छ। यस वर्ष पालिका अन्तर्गत नेपाल सरकारबाट संचालन भएको कार्यक्रम श्रमिकको अभावले गर्दा पालिकामा संञ्चालन नभएको पालिकाले जनाएको छ। पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वियन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन।तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ।

| क्र.सं. | आयोजनाको नाम | रोजगारी पाएको श्रमिक संख्या | रोजगारीमा संलग्न भएको दिन | रोजगारीमा संलग्न जम्मा भएको दिन | ज्यालामा भुक्तानी भएको रकम रु. | श्रोत |
|---|---|---|---|---|---|---|
| १ | गुम्बालाईनमा रहेको सिचाई बोर्डीङ देखी बोडर डील सम्मको खेतमा कुलो निर्माण र मर्मत। | १४ | २० | २८० | १८७०४० | नेपाल सरकार |
| २ | आठघरे देखी सर्प दन्त हुदै साबिक छ र ट को दुबै साईड पट्टीको बाटो सरसफाई। | १४ | ३५ | ४९० | ३२७३२० | नेपाल सरकार |
| ३ | हुलाकी राजमार्ग सडक देखी गाउँपालिका जाने बाटो दाया बाया दुबै तर्फ सरसफाई। | १४ | ५ | ७० | ४६७६० | नेपाल सरकार |
| ४ | मिल्के श्रेष्ठ को घर देखी गुम्बालाईन हुदै हुलाकी राजमार्ग सडक सम्म दाया बाया दुबै तर्फ बाटो सरसफाई। | १४ | १० | १४० | ९३५२० | नेपाल सरकार |
| ५ | सामुदायीक स्थलहरु र सर्वजनिक ठाउँहरु सरसफाई। | १४ | ३० | ४२० | २८०५६० | नेपाल सरकार |
| ६ | वडा नं। छ भरिका सामुदायीक तथा सर्वजनिक स्थलहरु मर्मत तथा सरसफाई। | ७ | ३० | २१० | १४०२८० | नेपाल सरकार |
| ७ | छघरे देखी प्रधान टोल सम्मको दुबै साईड बाटो सरसफाई। | ७ | ३० | २१० | १४०२८० | नेपाल सरकार |
| ८ | गड्डुवालाईनमा रहेको भाईरल पार्क मर्मत तथा सरसफाई। | ७ | ४० | २८० | १८७०४० | नेपाल सरकार |
| ९ | अमुवा खोलामा ड्डबन्धन। | ८ | १० | ८० | ५१६२३ | विश्व बैंक |
| १० | सामुदायिक भवन र सर्वजनिक स्थलहरुमा मर्मत तथा सरसफाई। | ८ | २० | १६० | १०६८८० | विश्व बैंक |
| ११ | अमुवा सिंचाई कुलो मर्मत तथा सरसफाई। | ८ | २० | १६० | १०६८७२ | विश्व बैंक |
| १२ | हुलाकी सडकको दाया बाया दुबै साईड नाला झाडी मर्मत तथा सरसफाई। | ८ | ३५ | २८० | १८७०४० | विश्व बैंक |
| १३ | चौतारा देखी अमुवा पोष्ट सम्म दाया बाया दुबै साईडको बाटो मर्मत तथा सरसफाई। | ८ | १५ | १२० | ८०१६० | विश्व बैंक |
| १४ | सामुदायीक स्थलहरु र सर्वजनीक ठाउँहरु सरसफाई। | ८ | ३५ | २८० | १८७०४० | विश्व बैंक |
| १५ | हुलाकी राजमार्ग सडक देखी इच्छानगर जाने बाटो मर्मत तथा सरसफाई। | ८ | ३० | २४० | १६०३२० | विश्व बैंक |
| १६ | वाड नं। २ भरिका हुलाकी राजमार्ग सडकको दुबै साइड तर्फ झाडी सरसफाई। | ८ | ३५ | २८० | १८७०४० | विश्व बैंक |
| १७ | वाड नं।३ भरिका हुलाकी राजमार्ग सडकको दाया बाया दुबै तर्फ मर्मत तथा सरसफाई। | १० | ३० | ३०० | २००४०० | विश्व बैंक |
| १८ | सिकारीबास सिंचाई कुलो निर्माण तथा मर्मत। | १० | ३० | ३०० | २००४०० | विश्व |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | बैंक |
| १९ | सिकारीबास जाने बाटो सरसफाई। | १० | १० | १०० | ६६८०० | विश्व बैंक |
| २० | सामुदायीक स्थलहरु र सर्वजनिक ठाँउहरु मर्मत तथा सरसफाई। | १० | २० | २०० | १३३६०० | विश्व बैंक |
| २१ | वाड नं।३ भरिका भित्री सडकहरु सरसफाई | १० | १० | १०० | ६६८०० | विश्व बैंक |
| २२ | वडा नं। ४ भरिका सोलर फेन्स मर्मत तथा सरसफाई। | ७ | ५० | ३५० | २३३८०० | विश्व बैंक |
| २३ | वडा नं। ४ भरिका हुलाकी राजमार्ग सडकको दाया बाया दुबै तर्फ बाटोमा रहेका झाडी तथा नाला मर्मत र सरसफाई। | ७ | ५० | ३५० | २३३८०० | विश्व बैंक |
| २४ | वडा नं। ५ मा रहेको सोलर फेन्स मर्मत तथा सरसफाईमुवा। | ७ | ४० | २८० | १८७०४० | विश्व बैंक |
| २५ | वडा नं। ५ भरिका हुलाकी सडक दुबै साईड दाया बाया झाडी तथा नाला मर्मत र सरसफाई। | ७ | ४० | २८० | १८७०४० | विश्व बैंक |
| २६ | सुवर्णपुर डाँडा देखी बाघमोर्चा पुल सम्म दुबै साईड बाटो सरसफाई। | ७ | २० | १४० | ९३५२० | विश्व बैंक |
| | | २४० | | ६१०० | ४०७२९७५ | |

४८.२ **रोजगार रणनीतिः**-पालिकाले पालिका भित्रका जनशक्तिलाई रोजगारमा समावेश गर्ने गरी रोजगार रणनीति निर्माण गर्नुपर्ने प्रधानमन्त्री रोजगार कार्यक्रम बमोजिम रोजगारी रणनीति (२०८१।०८२-२०८५।०८६) निर्माण गरेको देखिन्छ । पालिकाले पञ्चवर्षिय रोजगार रणनीति निर्माणको लागि श्री दुबो स्किल डेभलपमेन्ट प्रा.लि. विशेषज्ञ परामर्शबाट पञ्चवर्षिय रोजगार रणनीति निर्माण गरेको छ। रोजगार रणनीति निर्माणको लागि श्री दुबो स्किल डेभलपमेन्ट प्रा.लि. (६१९७९२८२२) सँग सम्झौता गरी रु.९८,०००/- खर्च गरी पञ्चवर्षिय रोजगार रणनीति निर्माण गरेको छ। रोजगार रणनीति भावी कार्यक्रमलाई सहयोग गर्नुपर्नेमा परामर्शदाताले निर्माण गरेको रोजगार रणनीति (०८१।८२-०८५।८६) रहेकोमा परार्मदाताले योजना २०८२।०३।२० मा कार्यालयलाई पेश गरेको देखिन्छ। परामर्शदाताले आर्थिक वर्षको अन्त्यमा पेश गरेको पञ्चवर्षिय रोजगार रणनीति पेश भएको झण्डै १ वर्ष कार्यन्वयन नभई समाप्त भएको छ । रोजगारमा रुपान्तरण हुने गरी नतिजाउन्मुख र वस्तुपरण तथा वास्तविक रुपान्त्रण हुने गरी रोजगारी रणनीति उल्लेखित क्रियाकलाप संञ्चालन एवं स्रोतको सदुपयोग हुनेगरी प्रतिवेदन कार्यान्वयन गर्नुपर्दछ ।

४९ **शैक्षिक गुणस्तर**-

४९.१ सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारको नीति तथा कार्यक्रम,२०७५ अनुसार सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार नीति तथा कार्यक्रम कार्यान्वयन गर्दा स्थानीय सरकारको अग्रणी भुमिका हुने व्यवस्था अनुरुप सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार मार्फत नागरिकको छनौटको विद्यालयको रुपमा विकास गरी समाजमा सामुदायिक विद्यालयको ख्याति स्थापीत गर्न स्थानीय तहले बाल विकास केन्द्रहरूको पुनर्वितरण तथा सञ्चालनमा सुधार, पाठ्यक्रम तथा पाठ्यसामग्रीमा समसामयिक सुधार, प्रधानाध्यापकहरूको ब्यवस्थापकीय एवम् नेतृत्व क्षमता बढाउने, शिक्षक छनौट प्रक्रियामा सुधार, शिक्षक तालिम तथा पेसागत विकासलाई सुदृढीकरण, शिक्षक प्रशंसा तथा प्रोत्साहनको व्यवस्था गरी उत्प्रेरणा अभिवृद्धि, शिक्षकको वृत्ति विकास प्रणालीमा परिवर्तन, विद्यार्थी मुल्यांकन प्रणालीमा सुधार, विद्यालय र नागरिकबीच सुमधुर सम्बन्ध, सहयोग र सहकार्य तथा प्राविधिक तथा व्यावसायिक शिक्षामा सुधार जस्ता कुराहरुलाई समेटि शैक्षिक गुणस्तर मापन मापदण्ड तयार गरी लागु गर्नुपर्नेमा सो सम्बन्धी कुनै पनि

कार्य गरेको देखिएन। यसमा सुधारका लागि पालिकाको ध्यान जानु पर्दछ । साथै सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर स्थितिको नियमित रुपमा अनुगमन गरी सो को एक प्रति प्रतिवेदन शिक्षा तथा मानवस्रोत केन्द्र पठाउने र सोको कार्यान्वयन गरी बिद्यालयमा शैक्षिक गुणस्तर सुधार गर्नेपर्ने ब्यवस्था छ । पालिकाले आ.वा.२०८१।८२ मा बिद्यालयको शैक्षिक गुणस्तरको बारे अनुगमन गरेको प्रतिवेदन पालिकासँग देखिएन। पालिकाले आफनो अन्तर्गतका बिद्यालयहरुको शैक्षिक गुणस्तर सुधारतर्फ ध्यान दिनुपर्ने देखिन्छ।

४९.२ **एस ई ई नतिजा विश्लेष्णः** सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर स्थितिको नियमित रुपमा अनुगमन गरी सो को एक प्रति प्रतिवेदन शिक्षा तथा मानवस्रोत केन्द्र पठाउने र सोको कार्यान्वियन गरी बिद्यालयमा शैक्षिक गुणस्तर सुधार गर्नेपर्ने ब्यवस्था छ । पालिकाले आ.व.२०८१।८२ मा बिद्यालयको शैक्षिक गुणस्तरको अनुगमन गरेको प्रतिबेदन कार्यालयसंग देखिएन। पालिकाले आफनो अन्तर्गतका बिद्यालयहरुको शैक्षिक गुणस्तर सुधारतर्फ ध्यान दिनुपर्ने देखिन्छ। पालिका अन्तर्गतका विद्यालयहरुको २०८१ को एस.ई.ई परीक्षामा समुदायिक तथा संस्थागत तर्फको गरी जम्मा ७७१ विद्यार्थी सहभागि भएकोमा नतिजाका आधारमा सामुदायिक विद्यालयको नतिजा विश्लेषण देहाय बमोजिम रहेको छ ।

| सि.नं. | जि.पि.ए. | सहभागि विद्यार्थी | उर्तीण विद्यार्थी सं. | | उर्तीण | | उर्तीण प्रतिशत | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | संस्थागत | सामुदायिक | संस्थागत | सामुदायिक | सामुदायिक | संस्थागत | |
| १ | ३.६१–४.०० | ३ | ० | ३ | ० | ४३७ | ५७ | | ३ |
| २ | ३.२१–३.६० | ७५ | ० | ७५ | | | | | ७५ |
| ३ | २.८–३.२ | ८४ | ० | ८४ | | | | | ८४ |
| ४ | २.४–२.८ | १३५ | ० | १३५ | | | | | १३५ |
| ५ | २.०–२.४ | १४० | ० | १४० | | | | | १४० |
| पास | | ४३७ | ० | ४३७ | | | | | ४३७ |
| ६ | NG | ३३४ | ० | ३३४ | | | | | ३३४ |
| जम्मा | | ७७१ | ० | ७७१ | | | | | ७७१ |

तालिका अनुसार ३.६१-४.०० जिपिए ल्याउने सामुदायिक विद्यालयको विद्यार्थी ३ जना, ३.२१-३.६० जिपिए ल्याउने सामुदायिक विद्यालयको विद्यार्थी ७५ जना, २.८-३.२ जिपिए ल्याउने सामुदायिक विद्यालयको विद्यार्थी ८४ जना र २.४-२.८ जिपिए ल्याउने सामुदायिक विद्यालयको विद्यार्थी १३५ जना उत्तिर्ण भएको देखिन्छ। यसरी सामुदायिक विद्यालयबाट नन ग्रेडेड विद्यार्थी संख्या ३३४ र संस्थागत तर्फ एस ई ई परीक्षा दिने विद्यालय नै नभएको देखिन्छ। यसरी पालिकाले सामुदायिक विद्यालयको ५७ प्रतिशत मात्र रहेको पास प्रतिशत सुधार गरी गुणस्तर बृद्धि गर्ने तर्फ ध्यायन दिनुपर्ने देखिन्छ।

५० **सशर्त शिक्षा तर्फः-**

स्थानीय तहमा शिक्षा तर्फको ससर्त अनुदान कार्यान्वियन हुने कार्यक्रमसँग सम्वन्धित कार्यक्रम कार्यान्वियन कार्यविधि, २०८१।८२ अनुसार हुनेगरी शिक्षा तर्फको रु. १३ करोड ४५ लाख ९१ हजार बजेटका कार्यक्रममा रु. १२ करोड ६९ लाख ४३ हजार निकासा भुक्तानी गरेको देखिन्छ। यसमा १६ कार्यक्रम रहेकोमा शिक्षा तर्फ ४ कार्यक्रमहरु पूशर्ण रुपमा र १२ कार्यक्रमहरु आंशिक संचालन भएको छ। तलव भत्ता, दिवा खाजा, निशुल्क पाठ्य पुस्तक वितरण, विधालय संचालन तथा व्यवस्थापन अनुदान विद्यालय शैक्षिक गुणस्तर नियन्त्रण, कार्य सम्पादनमा आधारित प्रोत्साहन, छात्रवृति, स्यानिटरी प्याड वितरण लगायतका कार्यक्रम संचालन भएकोमा पालिकाले विद्यार्थी सत्यापन, दिवा खाजामा हाजिरी प्रमाणित पेश नगरेको र शिक्षकको अभिलेख अध्यावधिक नगरी विद्यालयमा रकम निकासा गरेकाले यथार्थ खर्च यकिन गर्न सकियन। यस सम्बन्धमा देखिएका व्यहोरा निम्न लिखित रहेका छन।

५०.१

**शिक्षकको अभिलेखः-** कार्यक्रम कार्यान्वयन कार्याविधि,२०८१ को क्रियाकलाप १.१.३.३ र १.१.३.४ मा पालिकाले तलव भत्ता अनुदान निकासा गर्दा पालना गर्नुपर्ने क्रियाकलाप उल्लेख गरेको, शिक्षा सेवा आयोगबाट नियुक्ती वा बढुवाको लागि सिफारीस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्यावधिक गरि राख्नुपर्ने, पालिकाले शिक्षकको दरवन्दी अभिलेख, काजमा आएका, काजमा गएका, सरुवा भई आएका तथा गएका, सेवानिबृत भएका, बिदामा रहेका, नयाँ नियुक्त भएका, राहत कोटा र दरवन्दीमा कार्यरत, शिक्षक सम्बन्धी विवरण, मृतक र अवकाशको विवरण आदिको बारेमा नियमावलीमा व्यवस्था भए बमोजिमको अभिलेख तयार गरेको देखिएन। विद्यालय स्तरमा संचालन हुने कार्यक्रम कार्याविधि पुस्तिका २०८१।८२ अनुसार स्थानीय तहले हाल कार्यरत शिक्षकको तलब भत्ता सम्बन्धी विवरण खर्च लेख्नुपर्ने र विद्यालयबाट प्राप्त माग विवरण अनुसार श्रोत केन्द्रहरुले त्रैमासिक तलवको माग फारम तयार गरी निकासा विवरण तयार गर्नुपर्ने र सोही अनुसार निकासा दिनुपर्ने व्यवस्था छ । कार्यालयले कार्यक्रम कार्याविधि पुस्तिकाको व्यवस्था अनुसारका उक्त अभिलेखहरु पुर्णरुपमा अध्यावधिक नभएकाले विद्यालयहरुलाई निकासा भएको शिक्षकहरुको तलव, पाठ्यपुस्तक, छात्रवृत्ति लगायत अन्य निकासाको यथार्थता विश्लेषण गर्न सकिएन।

५०.२ **विद्यालयगत निकासा रजिष्ट्ररः-** कार्यान्वयन पुस्तिकामा उल्लिखित कार्यक्रम कार्यान्वयन प्रकृया र प्रगति सुचक भिडान हुने गरी विद्यालयगत निकासा रजिष्ट्रर राखी निकासा नियन्त्रण गर्नु पर्दछ। पालिकाले निकासा रजिष्ट्रर र प्रगति सुचक अध्यावधिक गरेर राखेको छैन। यस वर्ष पालिकाले २१ विद्यालयलाई कुल रु. १२ करोड ६२ लाख ६ हजार निकासा गरेको देखिन्छ।विद्यालयलाई वास्तविक रुपमा निकासा दिनु पर्ने र भुक्तानी दिएको रकमबारे यथार्थ विवरण प्राप्त गर्न कठिन हुने भएकाले विद्यालयगत निकासा रजिष्ट्रर खाता अद्यावधिक गरी राख्नु पर्दछ।

५०.३ **शिक्षक विद्यार्थी अनुपातः-** स्थानीय तह अन्तर्गत सामुदायिक विद्यालयहरुमा दरवन्दी अनुसार शिक्षकको पदपूर्ति भइ नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ। शिक्षा नियमावली, २०५९ परिच्छेद १५, दफा ७७ (१) अनुसार तराईका जिल्लामा ५० विद्यार्थीमा १ शिक्षक हुने व्यवस्था छ । पालिकावाट उपलव्ध विवरण अनुसार २१ विद्यालयहरु संचालनमा रहेकोमा शिक्षक दरवन्दी वाल विकास र राहत बाहेक १७७ रहेकोमा १५७ कार्यरत भएको देखियो। पालिकाले पेश गरेको IEMIS अभिलेख अनुसार कूल विद्यार्थी संख्या ३४८६ रही शिक्षक विद्यार्थी अनुपात १:११ देखिएकोले पालिकाले विद्यालयहरु एक आपसमा गाभी कार्यक्रम कार्यान्वयन कार्याविधिमा तोकिए बमोजिम विद्यालय शिक्षक विद्यार्थी अनुपात कायम हुनुपर्दछ।

**(विस्तृत विवरण बेरूजु दफा ५०.३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

५०.४ **प्रति विधार्थी लागतः-** पालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०८१।८२ को प्रति विधार्थी लागत देहाय बमोजिम रहेको छ।

| बजेट | खर्च | विद्यार्थी संख्या | प्रति विधार्थी लागत |
|---|---|---|---|
| १३,५४,९१,०००। | १२,६९,४३,९२३। | ३४८६ | ३६४१५ |

यस वर्ष शिक्षा तर्फ रु. १३ करोड ५४ लाख ९१ हजार बजेट व्यवस्था भएकोमा रु.१२ करोड ६९ लाख ४३ हजार खर्च भएको देखिन्छ । पालिकाको सामुदायिक विद्यालय तर्फको २१ वटा विद्यालयमा कुल जम्मा ३४८६ विद्यार्थी संख्या रहेकोमा प्रति विद्यार्थी लागत रु. ३६४१५।०० रहेको छ। पालिकाले शैक्षिक गुणस्तर वृद्धी गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ।

५१ **छात्रावृत्तिः-**

५१.१ कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१।८२ को क्रियाकलाप नं. ७.२.१.१ अनुसार गैरआवासीय छात्रा छात्रवृत्ति र दलित छात्रवृत्ति रकम निकासा गर्दा सत्यापन प्रमाणित गरी तोके अनुसार छात्रवृत्ति प्रदान गर्ने निर्णय र नामनामेसी सहितको वितरण भरपाई समावेश गर्नु पर्ने व्यवस्था छ।

पालिकाले सत्यापन प्रमाणित नगरी एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली (IEMIS)-२०८१ को तथ्याङ्क अनुसार २१ विद्यालयलाई प्रतिविद्यार्थी रु.४००।०० को दरले कुल ५७६ विद्यार्थीलाई रु. २,३०,४००। गैरआवासीय छात्रा र दलित छात्रवृत्ति र रु. ५००।०० को दरले ७५ सिमान्तकृत विद्यार्थालाई रु. ३७५०० सहित कुल रु. २६७९०० अनुदान निकासा गरेको देखिन्छ । पालिकाले कार्यक्रम कार्यान्वयन कार्यविधि अनुसार विद्यालयगत लक्षित समुह (मुसहर, डोम, दुसाद, माझी, धानुक) विद्यार्थीको पहिचान गरी छात्रवृति वितरण गर्नुपर्नेमा सो नगरेको देखियो। पालिकाले छात्रावृति कार्यक्रमको प्रभावकारिता सहितको अनुगमन गरी सत्यापन गरेर मात्र निकासा गर्नुपर्नेमा नगरेको र वितरण विल भर्पाई समेत पुर्ण अध्यावधिक गरी पेश भएन। पालिकाले कार्यक्रम कार्यान्वयन कार्यविधिको पुर्ण रुपमा पालना गरी सबै वर्गको छात्रा छात्रहरुले छात्रवृत्ति पाउने सुनिश्चित गर्नुपर्दछ ।

५१.२ **संस्थागत विद्यालयको छात्रवृत्ती:-** शिक्षा नियमावली २०५९को नियम १५१ मा विद्यालयले प्रत्येक कक्षामा प्रथम र द्वितिय हुने विधार्थीलाई क्रमस सतप्रतिशत र पचास प्रतिशत शुल्क मिनाहा गरी जेहेनदार छात्रबृत्ति उपलव्ध गराउनुपर्ने, संस्थागत विद्यालयले कुल विधार्थी संख्याको कम्तिमा दश प्रतिशत गरिव, जेहेनदार, अपाङ्ग, महिला, दलित र जनजाती विधार्थीलाई छात्रबृत्ति उपलव्ध गराउनुपर्ने र छात्रबृत्ति उपलव्ध गराउनु अघि विद्यालयले छात्रबृत्तिका लागि निवेदन दिन विद्यालयलाई सुचना प्रकाशन गर्नु पर्ने व्यवस्था छ। पालिकाले आफ्नो क्षेत्रका ३ विद्यालयको ६९२. विद्यार्थी संख्या रहेकोमा अनुगमनगरी यस्ता छात्रवृत्ति कार्यक्रमको कार्यान्वयनको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागी यसरी छात्रवृत्ति पाउने विद्यार्थीको नाम, ठेगाना र रकम पालिकाको र सम्वन्धित विद्यालयको वेभसाइटबाट सार्वजनिकरण गर्नु गराउनु पर्दछ।पालिकाले यो व्यवस्था पालना भए नभएको अनुगमन गरी कार्यान्वियन गरे नगरेको अनुगमन गर्नुपर्ने व्यवस्था भएपनि अनुगमन गरेको छैन। पालिकाले नियमावलीको व्यवस्था बमोजिम अनुगमन गर्नुपर्दछ ।

## ५२ विद्यालय संचालन तथा व्यवस्थापन:-

५२.१ **मसलन्द र ईन्टरनेट खर्चः-** कार्यक्रम कार्यान्वियन कार्यविधि, २०८१।८२ को क्रियाकलाप नं.२.७.१३.१० अनुसार मसलन्द र ईन्टरनेट जडान लगायत क्रियाकलाप सञ्चालनका लागि एकमुष्ठ अनुदानको रुपमा मसलन्द खर्च वापत वार्षिक कक्षा १-५रु.१५०००।,कक्षा १-८ रु.२००००।, कक्षा १-१० रु.२५०००। र १-१२ रु.३००००।का दरले निकासा दिन सकिने व्यवस्था छ। ईन्टरनेट वापत वार्षिक कक्षा १-५ रु.१२०००।, कक्षा १-८ रु.१५०००। र कक्षा १-१० र १-१२ रु.२०,०००।का दरले निकासा दिन सकिने व्यवस्था छ ।

पालिकाले २१ विद्यालयलाई विद्यालय संचालन तथा व्यवस्थापन कार्यको लागि मसलन्द रु.४,२०,०००। र ईन्टरनेट जडान वापत कुल रु. ३,१२,०००। गरी कुल रु. ७,३२,०००।निकासा गरेकोमा अन्तिम लेखापरीक्षण अवधिसम्म विल भर्पाई, जिन्सी दाखिला र कार्यान्वयन अवस्था पेश गरेको देखिएन। पालिकाले कार्यविधिमा उल्लेख भएबमोजिमको अनुगमन गरी वास्तविक खर्च भएको सुनिश्चितता गरेर मात्र अनुदान रकम निकासा गर्नुपर्दछ।

५२.२ **विद्यालय सुधार योजनाः-** कार्यक्रम कार्यान्वियन कार्यविधि, २०८१।८२ को क्रियाकलाप नं. २.७.१३.१० अनुसार विद्यालय सुधार योजनाको लागि आधारभुत तहमा सञ्चालित विद्यालयलाई रु.१५,०००।०० र माध्यमिक तहमा सञ्चालित विद्यालयलाई रु.२०,०००।०० का दरले निकासा दिन सकिने व्यवस्था छ। पालिकाले २१ विद्यालयलाई विद्यालय सुधार योजना तयार गर्नको लागि रु.३,४५,०००।- निकासा भुक्तानी गरेकोमा सबैको सुधार योजना निर्माण गरी प्रगती सुचकको अभिलेख सलंग्न गरेको छैन । कार्यक्रम कार्यन्वयन कार्यविधि अनुसार विद्यालय सुधार योजना निर्माण गरी आर्थिक वर्ष २०८१।८२ भित्रमा पालिकामा पेश गरेतापनि सोको पुर्ण रुपमा अनुसरण गरेको देखिएन। अत पालिकाले विद्यालयबाट सुधार योजना अनुसार कार्यक्रम कार्यन्वयन गराई प्रगति सुचक तयार गर्नुपर्ने देखिन्छ ।

५२.३ **लेखापरीक्षण खर्चः-** कार्यक्रम कार्यान्वियन कार्यविधि, २०८१।८२ को क्रियाकलाप नं.२.७.१३.१० अनुसार सामाजिक तथा आर्थिक लेखापरीक्षण, विद्यार्थी परिचयपत्र व्यवस्थापन, विद्यालय तथ्याङ्क व्यवस्थापन, बुलेटिन प्रकाशन र लगायत क्रियाकलाप सञ्चालनका लागि एकमुष्ठ अनुदानको रुपमा आधारभुत तहमा सञ्चालित विद्यालयलाई प्रति विद्यालय रु.१०,०००। र माध्यमिक तहमा सञ्चालित

विद्यालयलाई प्रति विद्यालय रु.१५,०००। का दरले र निकासा दिन सकिने व्यवस्था छ । पालिकाले ६ माध्यमिक विद्यालयलाई रु. ९०,०००। र १५ वटा आधारभुत विद्यालयलाई रु.१,५०,०००। गरी सो कार्यको लागि जम्मा रु. २,४०,०००। निकासा भुक्तानी गरेकोमा देहायबमोजिमको विद्यालयले लेखापरीक्षण प्रतिवेदन पेश गरेको छैन। कार्यान्वयन पुस्तिकामा उल्लिखित व्यवस्था अनुसारको लेखा परीक्षण प्रतिवेदन तयार गरी सोको सुझाव कार्यान्वयन गर्नुपर्दछ।

५२.४ **प्राविधिक विद्यालय ल्याव सामाग्री सहयोगः-** कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१।८२ को क्रियाकलाप नं.२.७.१३.१० अनुसार शिक्षा तथा मानव श्रोत विकास केन्द्रबाट प्राविधिक धार सञ्चालन अनुदान प्राप्त गर्ने गरी निर्णय भई सञ्चालनमा रहेका प्राविधिक धारका विद्यालयको लागि प्रयोगशालाको स्तरोन्नति गर्न प्रति विद्यालय रु. २ लाख रकम उपलब्ध गराउने र सो रकम विद्यालयले नियमित रुपमा ल्याब सञ्चालन गर्न मर्मत, मस्भार एंव सामाग्रीको व्यवस्था गरी शिक्षक एंव विद्यार्थीको प्रयोगको व्यवस्था मिलान खर्च गर्ने व्यवस्था छ। पालिकाले श्री ने.रा.प्रा.मा.वि. दिपकनगर ठोरी-१. रामनगरी लाई गो.भौ. नं. ६३- २०८१।०९।३० बाट प्राविधिक विषय ल्याव सामाग्री सहयोग अनुदान वापत रु.२,००,९००। निकासा गरेको छ। पालिकाबाट अनुदान खर्चको अनुगमन गरेको छैन। विद्यालयले खरिद गरेको सामाग्रीको अभिलेख विवरण र विद्यालयगत जिन्सी दाखिला गराएको प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,००,९०० |

५२.५ **अनुगमनः-** कार्यक्रम कार्यान्वयन कार्याविधि, २०८१।८२ अनुसार सामुदायिक विद्यालयलाई निकासा दिएकोमा अनुदान रकम विद्यालयले तोकिएको कार्यमा खर्च भए नभएको सम्बन्धमा पालिकाले अनुगमन गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले सामुदायिक विद्यालय अनुगमन गर्न मापदण्ड तयार गरेको पाइयन। पालिकाले कार्यान्वयन पुस्तिका अनुसार शैक्षिक अवस्था सुधारमा निकासा खर्च उपयोग भएको सुनिश्चितता हुने अनुगमन मापदण्ड तयार गरी कार्यान्वयन पर्दछ।

५३ **विद्यालय शैक्षिक गुणस्तर सुदृढीकरण एंव कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदानः**

५३.१ **वुककर्नर र प्रति विधार्थी लागत:-** कार्यक्रम कार्यान्वयन कार्यविधि-२०८१/८२ को क्रियाकलाप नं २.७.१३.५० मा प्रति विधार्थी वालविकास व्यवस्थापन र सिकाई सामाग्रीका लागि रु.५००. कक्षा १ मा नयाँ भर्ना विद्यार्थी पोर्टफोलियो निर्माण रु.१००, बुक कर्नर व्यवस्थापनमा १-५ सम्म रु.१५०, ६-१० सम्म रु.२०० र ११-१२सम्म रु.२५० का दरले दिन सक्ने र सो रकमवाट विद्यालय व्यवस्थापन समितिको निर्णय वमोजिम रकमको परिधि भित्र रहेर विद्यालय सुधार योजना कार्यान्वयन शैक्षिक सामाग्री व्यवस्थापन, मर्मत संभार, सोलार, ल्याव, फर्निचर जस्ता विषयमा खर्च गर्न सक्ने व्यवस्था छ ।

पालिकाले २१ विद्यालयलाई वालविकास ४३८ विद्यार्थीलाई रु.२१९०००।,कक्षा १-५का ११५९लाइ रु.१,७३,८५०।,६-१०का १३४०लाइ रु.२,६८,०००। र ११-१२ को ३३० को ८२,५००। गरी रु. ८,१४,२५०। निकासा गरेको छ। उक्त रकम निर्देशिकाले तोके बमोजिमको सत्यापन प्रमाणित नगरी निकासा गरेकाले यथार्थ अवस्था पहिचान गर्न सकिएन। पालिकाले विद्यालयमा नियमित अध्ययन गर्ने विद्यार्थीको मात्र सत्यापन प्रमाणित गरेको आधारमा मात्र निकासा गर्नुपर्दछ। कार्यक्रम कार्यान्वयन कार्यविधिमा भएको व्यवस्था बमोजिम क्रियाकलाप तथा सामाग्रीमा खर्च गरेको रु. ८,१४,२५०। विल भरपाई र जिन्सी आम्दानी दाखिला, विद्यार्थी सत्यापन प्रमाणित र अनुगमन गरी विद्यार्थी संख्या यकिन गरेर मात्र निकासा गर्नुपर्दछ।

५३.२ **शिक्षण सिकाई थप सामाग्री छपाई र वितरणः-** कार्यक्रम कार्यान्वयन कार्यविधि,२०८१।८२ को क्रियाकलाप नं.२.७.१३.१३ अनुसार विधालय शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्य सम्पादनमा आधारित प्रोत्साहन कार्यक्रम अन्तर्गत कक्षा १-३ मा पाठ्यक्रम विकास केन्द्रबाट विकास भएका भाषा तथा तथा गणित क्षेत्रमा थप सिकाई छपाई तथा वितरण गर्न प्रति विद्यालय वार्षिक तिन हजारका दरले प्रति कक्षा १ सेट स्वअध्ययन सामाग्री छपाई गरी विद्यालयलाई वितरण गर्नुपर्ने व्यवस्था रहेको छ। यस वर्ष विद्यालयले प्रति विद्यालय रु. ९००० का दरले २१ विद्यालयलाई २१ सेट शिक्षण सामाग्री रु.१,८९,०००। को जनक छापाखाना (भ्याट नं. ३००१००३५६) बाट २१ सेट गणित शिकाइ सामाग्री खरिद गरी भुक्तानी गरी पालिकाले विद्यालयमा वितरण गरेको छ। पालिकाले छपाई वा खरिद गरिएका स्वअध्ययन सामाग्री विद्यालयमा वितरण गरी लक्षित वर्गले उपयोग सुनिश्चित गर्नुपर्दछ।

५३.३ **उत्कृष्ट व्यवस्थापन भएका विद्यालयलाई प्रोत्साहन अनुदानः-** कार्यक्रम कार्यान्वियन कार्यविधि,२०८१।८२ को क्रियाकलाप नं.२.७.१३.१३ अनुसार विद्यालय शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्य सम्पादनमा आधारित प्रोत्साहन कार्यक्रम अन्तर्गत स्थानिय तहले शैक्षिक, व्यवस्थापकिय सुधार, सुशासनमा उत्कृष्ट कार्य गरेका उत्कृष्ट विद्यालय छनोट गर्दा कम्तीमा आधारभूततर्फ १०० विद्यार्थी र माध्यमिकतर्फ २०० विद्यार्थी भएका विद्यालयमध्ये सामाजिक परीक्षण मापदण्ड २०७८ ले तोकेको विधि,प्रकृया र पद्धतीबमोजिम प्राप्त गरेको समष्टिगत अङ्कको आधारमा प्रथम र द्धितिय हुने विद्यालयलाई क्रमशः तीन लाख र दुई लाख निकासा दिने र अनुदानबाटकार्यक्रम कार्यन्वयन कार्यविधि अनुसार खर्च गर्ने,आवधिक प्रगति प्रतिवेदन पालिका र शिक्षा तथा मानव विकास केन्द्रको विद्यालय शिक्षा मापदण्ड निर्धारण शाखामा नियमित रुपमा पठाउने र पालिकाले प्रस्तावअनुसारको अनुदान रकमको उपयोगका सम्बन्धमा नियमित अनुगमन गर्नुपर्ने व्यवस्था छ ।

सामाजिक परीक्षण मापदण्ड,२०७८ ले तोकेको विधि, प्रकृया र पद्धतीको पालना नगरी पालिकाले श्री ने.रा.मा.वि. ओडार लाई रु. ३०००००।, श्री ने.रा.आ.वि. निर्मलबस्ती लाई रु. १०००००। र श्री सखुवाटी ने.रा.प्रा.वि. लाई रु. १०००००। गरी कुल रु. ५०००००। निकासा गरेकोमा श्रेस्ताको साथमा कुनै पनि खर्च पुष्टी हुने कागजत, विल भर्पाई संलग्न छैन।अत विद्यालयले प्रस्तावना अनुसार कार्यक्रम पुष्टि हुने माईन्युट, खर्च विल भर्पाई पुष्टि हुने प्रगती विवरण र सो को अनुगमन प्रतिवेदन प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,००,००० |

५३.४ **विद्यालयमा पुस्तकालय, प्रयोगशाला तथा ICT व्यवस्थापन अनुदानः** राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम कार्यान्वियन कार्यविधि,२०७६ दफा ५ (क),(ख) र (ग) मा भएको व्यवस्था तथा कार्यक्रम कार्यान्वियन कार्यविधि, २०८१।८२ को क्रियाकलाप नं. २.७.१३.१३ को बूँदा नं. ९.५ (क) अनुसार विद्यालय छनोटको प्रक्रिया पुरा गरी (ग) अनुसार छनोट भएका विद्यालयलाई एकमुष्ट रू.६,५०,००० ICT तथा पुस्तकालय व्यवस्थापन अनुदान उपलब्ध गराउने र उक्त अनुदान लाइब्रेरीका आवश्यक फर्निचरहरू, पाठ्यपुस्तक, शिक्षक निर्देशिका तथा सन्दर्भ सामग्रीहरू व्यवस्था गर्न कुल बजेटको २५% सम्म सार्वजनकि खरिद ऐनअनुसार गर्नुपर्ने व्यवस्था छ।

उक्त व्यवस्था बमोजिम पालिकाले श्री मा.वि. विजयबस्ती लाई गो.भौ.नं. १५३-२०८२।०३।०९ बाट कुल रु. ६,५०,०००।०० अनुदान दिएकोमा खर्च पुष्ट्याई हुने विवरण पेश गरेको छैन। विद्यालयले कार्यविधिमा उल्लेख भएबमोजिमको ICT ल्याव ब्यवस्थापन गरेको प्रमाण, अनुगमन प्रतिवेदन सहित कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६,५०,००० |

५३.५ **प्राविधिक धार तर्फको विद्यालयलाई शैक्षिक अनुदानः-** कार्यक्रम कार्यान्वियन कार्यविधि, २०८१।८२ को क्रियाकलाप नं.२.७.१३.५० मा प्रति विद्यार्थी लागतका आधारमा सिकाइ सामग्री तथा डिजिटल सिकाइ सामग्री व्यवस्थाका लागि विद्यालयलाई अनुदान शिर्षकको बूँदा नं. २.७ मा प्राविधिक धार सञ्चालित कक्षा (९-१२) सम्म चलेका विद्यालयलाई शिक्षण सिकाइ सामग्री तथा ल्याव असिस्टेन्टका लागि पारिश्रमिक, उपकरण तथा प्रयोगात्मक सामाग्री व्यवस्थापन तथा व्यवहारीक अभ्यासका लागि प्रति विद्यार्थी रू.१५००० अनुदान दिने व्यवस्था छ ।यस सम्बन्धमा स्थानीय तहले अनुदान वितरण गर्नुपूर्व साविकको शिक्षा विभाग तथा हालको शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट प्राविधिक धार सञ्चालन अनुदान प्राप्त गर्ने निर्णय भएका अनुसूची ११ मा उल्लेखित विद्यालयहरू तोकिएको मापदण्ड अनुसार सञ्चालन भए नभएको अनुगमन गर्ने, यस प्रकृतिका विद्यालयमा अध्ययनरत कक्षा ९-१२ सम्मका विद्यार्थी सङ्ख्या यकिन गरी शिक्षण सिकाइ सामग्री, ल्याव असिष्टेण्टका लागि पारिश्रमिक, उपकरण तथा प्रयोगात्मक सामग्री व्यवस्थापन तथा व्यवहारिक अभ्यासका लागि प्रति विद्यार्थी रू. १५,०००/- का दरले हुन आउने रकम एकमुष्ट रूपमा विद्यालयलाई अनुदान दिने व्यवस्था रहेकोमा पालिकाले पशु विज्ञान धारको लागि श्री ने.रा. प्राविधिक माध्यमिक विद्यालय दिपकनगर लाई रू.१५,४५,००० निकासा दिएको छ। यस सम्बन्धमा देखिएको व्यहोरा देहायनुसार छन्-

अनुदान प्राप्त विद्यालयले प्राथमिकताको आधारमा देहायबमोजिमको खर्च गर्नुपर्दछ।

**क.**प्राविधिक धारको विद्यार्थीको लागि प्रा.वि. तृतिय तहको सेवा सुविधा दिने एक जना ल्याव असिस्टेन्ट नियुक्ती गर्नुपर्ने व्यवस्था रहेकोमा विद्यालयले ल्याव असिस्टेन्ट नियुक्ती गरेको नियुक्तीपत्र तथा सम्झौताको म्याद थप प्रमाणको देखिएन।

**ख.**प्राविधिक धार अन्तर्गत अध्ययनरत विद्यार्थीले तोकिएको कक्षामा व्यवहारिक अभ्यास गर्न व्यवहारिक अभ्यास कार्यान्वयन निर्देशिका,२०७३, प्राविधिक तथा व्यवसायिक माध्यमिक शिक्षामा गरिएको देवै ढाँचा अर्थात १० पछि ३ महिना, कक्षा ११ पछि ३ महिना र कक्षा १२ पछि ६ महिनाको व्यवहारिक अभ्यास वा कक्षा १२ पछि १२ महिनाको व्यवहारिक अभ्यास गराउने व्यवस्था छ। यसको व्यवस्थापन तपशिलअनुसार गर्नेः

**१.विद्यार्थी निर्वाह खर्चः** OJT मा सहभागी हुने विद्यार्थीको लागि प्रतिमहिना १ हजारको दरले रकम सम्बन्धित विद्यार्थीको बैंक खातामा उपलब्ध गराउनुपर्नेमा विद्यालयले OJT गराएको पाईएन।

**२.आन्तरिक अनुगमन सहजिकरणः** सम्बन्धित विद्यालयका प्रशिक्षकहरूबाट आन्तरिक अनुगमन सहजीकरणको लागि बढीमा ३ महिनाका लागि १ पटक, ६ महिनाका लागि ३ पटक गर्नुपर्नेमा सो भएको देखिएन।

**३.वाह्य अनुगमन मूल्याङ्कनः** व्यावहारिक अभ्यासका लागि निर्धारित ढाँचा अनुसार वर्षमा एकपटक बाह्य अनुगमन मूल्याङ्कन गर्नुपर्नेमा सो पनि नभएको, साथै बचत रकमबाट ल्यावमा प्रयोग हुने दैनिक सामग्रीका अतिरिक्त विद्यार्थीका लागि पाठ्यपुस्तक/पाठ्यसामग्री लगायतका शिक्षण सिकाइ सामग्री व्यवस्थापनमा विद्यालयले खर्च गर्नुपर्नेमा विद्यालयले उक्त अनुदानबाट उल्लेखित कुनै पनि काम नगरेको पाइयो।

संघीय सशर्त अनुदानबाट प्रत्येक वर्ष आउने बजेट आर्थिक वर्षको अन्त्यसम्म खर्च नभए सम्बन्धित सरकारलाई फिर्ता गर्नुपर्ने व्यवस्था अनुसार खर्च भए नभएको यकिन गरी उक्त रकमको देहायका विद्यालयहरूबाट खर्चको विरण सहितको कार्य सम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने अन्यथा असुल गरी संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रू.

| क्र.सं. | विद्यालयको नाम | प्राविधिक धार | निकासा रकम |
|---|---|---|---|
| १ | श्री ने. रा . प्राविधिक माध्यमिक विद्यालय दिपकनगर | बालि विज्ञान | १५४५००० |
| | कुल जम्मा | | १५४५००० |

| प्रमाण पेश नगरेको | १५,४५,००० |
|---|---|

५३.६ **नमुना विद्यालयको शैक्षिक तथा व्यवस्थापकिय योजना अनुदानः-** कार्यक्रम कार्यान्वयन कार्यविधि,२०८१।८२ को क्रियाकलाप नं.२.७.१३.१३ मा नमुना विद्यालयको शैक्षिक तथा व्यवस्थापकिय योजना कार्यान्वयनका लागि २०८० सम्म विज्ञान विषय बाहेक विषय सञ्चालित नमुना विद्यालयमा १००० सम्म विद्यार्थी भए प्रति विद्यालय १० लाख अनुदान निकासा दिने व्यवस्था छ। उक्त व्यवस्था बमोजिम पालिकाले आ.व. २०८१।०८२ मा IEMIS को तथ्याङ्क अनुसार ११० जना विद्यार्थी भएको श्री सरस्वती ने.रा.आ.वि. ब्रह्मनगर लाई रु. १०,००,०००। अनुदान एकमुष्ट निकासा गरेकोमा खर्च पुष्ट्याई हुने विवरण पेश गरेको छैन। विद्यालयले कार्यविधि बमोजिम नमुना विद्यालयको शैक्षिक तथा व्यवस्थापकिय योजना बमोजिम कार्यसम्पादन गरेको प्रमाण, अनुगमन प्रतिवेदन सहित कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रु.

| प्रमाण पेश नगरेको | १०,००,००० |
|---|---|

५३.७ **अनुगमनः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८(१) अनुसार जिम्मेवार व्यक्ति आफ्नो जिम्मामा आएको सरकारी नगदीको हकमा सोही दिन वा त्यसको भोलिपल्ट र जिन्सी मालसामान भए सात दिनभित्र यथास्थानमा दाखिला गरी श्रेस्ता खडा गर्नुपर्ने छ। कार्यक्रम कार्यान्वयन कार्याविधि, २०८१ अनुसार विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान कार्यक्रममा विज्ञान प्रयोगशाला, विधालय भवन निर्माण, प्रोत्साहन अनुदान र एकमुष्ट अनुदान लगायतका कार्य गर्न विद्यालयलाई निकासा दिन सकिने व्यवस्था छ । यस वर्ष विद्यालयहरुले कार्यक्रम कार्याविधि पुस्तिका अनुसार प्राप्त रकमबाट खरिद गरिएका मालसामानहरुको उपयोगको स्थिति, मालसामान दाखिला, प्रोत्साहन खर्च लगायतको कार्यको अनुगमन गरी पालिकाले खर्च यथार्थ भए नभएको विस्वस्त हुनुपर्ने देखिन्छ ।

५४ **अंग्रजी, गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदानः-**

कार्यक्रम कार्यान्वयन कार्यविधि,२०८१ को क्रियाकलाप नं २.७.१३.४० मा अंग्रेजि,गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान अन्तर्गत शिक्षण सिकाई अनुदान व्यवस्थापन कार्यविधि, २०७७ तथा दरवन्दी मिलानको प्रतिवेदन अनुरुप कुनै पनि दरवन्दी वा राहत अनुदान भएका गणित, अंग्रेजी र विज्ञान विषय शिक्षक व्यवस्थापनका लागि शुन्य दरवन्दी भएका आधारभुत तह नि मा वि तह (६-८) लाई न्युनतम १ शिक्षक प्रति विद्यालय र मावि तह (९-१०) लाई क्रमश ०,१ र २ वटा दरवन्दी भएकोमा क्रमश ३,२ र१ शिक्षकलाई १२ महिनाको शिक्षकको अनुदान निकासा शिक्षक भर्ना भएपछि उपलब्ध गराउने उल्लेख छ ।

पालिकाले माध्यमिक विद्यालय तहको ३ शिक्षकका १२ महिनाको तलब, चाढपर्व र पोषाक खर्च वापत रु. ११ लाख ३५ हजार ९१४ र नि.मा.वि. तहको ४ शिक्षकका १२ महिनाको तलब, चाढपर्व र पोषाक खर्च वापत रु. ११ लाख ५५ हजार ९५० सहित कुल जम्मा रु. ३४ लाख ४ ५हजार ६३७ निकासा गरेकोमा रु. ९९९०।बढी निकासा भएको पाईयो। पालिकालबाट बढी निकासा भएको विद्यालय यकिन गरी निकासा भएको रकम रु. ९९९०। सम्बन्धित भुक्तानीको लागि सिफारिस गर्ने र भुक्तानी देनेबाट असुल गरी संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु.

| सि.नं. | विद्यालयको नाम | शिक्षक संख्या | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | नि.मा.वि (६-८) | तलव स्केल | कुल भुक्तानी | मा.वि.(९-१०) | तलव स्केल | जम्मा |
| १ | श्री ज्ञान ज्योती मा.वि. घ्याङ्गडाँडा | | | | ३ | ४३६८९ | |
| २ | श्री गृष्म रा.आ.वि. रामनगर | १ | ३४७३० | ४६१४९० | | | |
| ३ | श्री ब्रह्मापुरी आ.वि. | १ | ३४७३० | ४६१४९० | | | |
| ४ | श्री सरस्वती आ.वि. ब्रम्हानगर | १ | ३४७३० | ४६१४९० | | | |
| ५ | श्री ने.रा. आ.वि. निर्मलबस्ती | १ | ३४७३० | ४६१४९० | | | |
| | वार्षिक निकासा हुनुपर्ने | | | १८४५९६० | | १७१३८७१ | |
| | निकासा भएको | | | १८५५९५० | | १५८९६८७ | |
| | बढी निकासा भएको | | | ९९९० | | | |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९,९९० |

५५ **स्यानेटरी प्याड खरिद, भण्डारण र वितरण:-**

स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को वुदाँ ४ मा पालिकाले खरिद गरेको स्यानेटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानेटरी प्याड त्रैमासिक, चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ।

पालिकाले सिलबन्दी दरभाउपत्र आह्वान गरी पि.एस. मल्टीप्रपोज प्रा.लि. (६०६८०३७४२) बाट (भौ.नं. २०८२।०३।२४ मा) १२१४०। प्याकेट प्रति प्याकेट ८ piece भएको सेनिटरी प्याड रु. ८२।०० (मु.अ.कर समेत) का दरले रु. ९९५५२९।०० (मु अ कर समेत) मा खरिद गरेको छ। पालिकाले ९८१ जना छात्राको संख्या र खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा पालिकाले आर्थिक वर्षको अन्त्यतिर खरिद गरेको छ। खरिद गरिएको प्याडको गुणस्तर परीक्षण प्रतिवेदन संलग्न छैन। हस्तान्तरण भईसकेको प्याडको विद्यालयगत मौज्दात, विद्यालयगत भण्डारणको अवस्था र विद्यार्थीले वुझिलिएको भरपाई लगायतको अभिलेख पालिका सँग छैन। वितरण गरिएको प्याडको व्यवस्थापनको अवस्था तथा प्याडहरु सम्बन्धित छात्राहरुले पाए नपाएको तथा सहि सदुपयोग भएको सुनिश्चितताको लागि पालिकाबाट अनुगमन प्रतिवेदन संलग्न नरहेकोले प्याडको सहि सदुपयोग भएकोमा आश्वस्त हुन सकिएन। अत पालिकाले अघिल्लो वर्षको सेनिटरी प्याडको मौज्दात, वितरण गरिएको प्याडको भरपाई, विद्यार्थीले बुझिलिएको भरपाई र प्याडको विद्यालयगत मौज्दात सहितको अनुगमन प्रतिवेदन पेश गर्नुपर्दछ ।

५६ **दिवा खाजा**

कार्यक्रम कार्यान्वयन कार्यविधि,२०८१/८२ को क्रियाकलाप नं.२.७.११.१ अनुसार IEMIS र सत्यापनमा भएको प्रारम्भिक वालविकास देखि कक्षा ५ सम्मको विद्यार्थी संख्यालाई आधार मानेर प्रति विद्यार्थी दैनिक रु.१५ का दरले पहिलो त्रैमासिक वजेट निकासा गर्नुपर्ने र दोस्रो त्रैमासिकदेखि विद्यालय पुरा समय चलेको दिन विद्यालयका प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिका अध्यक्षवाट विद्यार्थीको संख्यात्मक विवरण र हाजीरी प्रमाणित गराइ स्थानीय तहमा संकलन गरी संख्या यकिन भए पश्चात मात्र थप निकासा दिनुपर्ने व्यवस्था छ। पालिकाले दिवा खाजा मापदण्डलाई प्रभावकारी बनाई कार्यान्वयन गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ। यस वर्ष विभिन्न किस्तामा पेश्की फर्स्यौट गरेकोमा नमुना छनौट गरी परीक्षण गर्दा देखिएका व्यहोराहरु देहाय वमोजिम छन।

५६.१ **कार्यक्रम कार्यान्वयन पुस्तिकाको पालना अवस्था:-** कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१।८२ को क्रियाकलाप सि.नं.२.७.११.१ आधारमा दिवा खाजा मापदण्ड तथा कार्यक्रम सहजीकरण पुस्तिका,२०७६ को मापदण्ड अनुसार हुने गरी विद्यालयले दिवा खाजा खुवाएको देखिने गरी विद्यार्थी हाजिरी र सो अनुसार भरपाई समावेश गरी दिवा खाजा खर्च निकासा गरी अनुगमन समेत गर्नु पर्दछ। पालिकामा रहेका २१ विद्यालयलाई दिवा खाजामा यस वर्ष रु. ४१,५०,४५५।सत्यापन गरी विद्यर्थी संख्या र उपस्थित विद्यार्थीको हाजिरी संख्या यकिन गरी निकासा गर्नुपर्नेमा सो नगरी निकासा गरेको छ। यसबाट निकासा भएको दिवा खाजा रकम ठिक छ छैन भन्ने सम्बन्धमा आश्वश्त हुन सकिएन। पालिकाले नमुना छनौट गरी परीक्षण गरिएका विद्यालयलाई विद्यार्थीको संख्यात्मक विवरण, सत्यापन प्रमाणित, हाजिरी प्रमाणित, विद्यालय व्यवस्थापन समितिमा प्रमाणितका साथै औषत १८० दिन नबढाई अनुगमन गरी खर्च सुनिश्चित भएर मात्र निकासा गर्नुपर्दछ।

५६.२ **दिवाखाजा बढी भुक्तानीः-** कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०/८१ अनुसार विद्यालयको वास्तविक तथ्यांकलाई आधार मानी IEMIS मा भएको तथ्याकलाई सत्यापन, हाजिरी प्रमाणित र विधालय व्यवस्थापन समितिको अध्यक्ष वा तोकेको समितिको अध्यक्षले गरेको सिफारिसलाई अनुगमन गरेरमात्र निकासा गर्नु पर्नेमा पालिकाले देहायका विद्यालयलाई सत्यापन नगरी र विद्यालयको मागको आधारमा दिवा खाजा वापतको रकम रु.१ करोड ८६ लाख १७ हजार ७०० निकासा गरेको छ। नमुना छनौटका आधारमा विभिन्न विद्यालयले पेश गरेको दिवा खाजा हाजिरी , पाठ्यपुस्तक निकासा संख्या र विद्यार्थीको हाजिरी माग गरी गरिएको परीक्षणमा निम्नानुसार विद्यालयको बढी निकासा भएको रकम र अन्य विद्यालयको समेत पालिकाले हाजिरी प्रमाणित र सत्यापन अनुगमन गरेर यकिन गरी बढी निकासा भएको रु. २७९००।असुल गरी संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु.

| विद्यालयको नाम | कक्षा | पा.पु.भरपाई | असार हाजिरी | फरक | दर | दिन | जम्मा |
|---|---|---|---|---|---|---|---|
| श्री मा वि विजय बस्ती | ३ | ५ | १६ | ११ | १५ | ६० | ९९०० |
| | ४ | १४ | २३ | ९ | १५ | ६० | ८१०० |
| | कुल | | | | | | १८००० |
| विद्यालयको नाम | कक्षा | पा.पु विल/माग | असार हाजिरी | | | | |
| श्री ने.रा.मा वि ओडार | ४ | १४ | १५ | १ | १५ | ६० | ९०० |
| | ५ | ८ | १२ | ४ | १५ | ६० | ३६०० |
| | जम्मा | | | | | | ४५०० |
| | कक्षा | पा.पु भरपाई | असार हाजिरी | | | | |
| श्री ने.रा.प्राविधिक मा वि | ३ | ११ | १३ | २ | १५ | ६० | १८०० |
| | ५ | २२ | २६ | ४ | १५ | ६० | ३६०० |
| | जम्मा | | | | | | ५४०० |
| कुल जम्मा | | | | | | | २७९०० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २७,९०० |

५६.३ **प्रमाण पेश गर्नुपर्नेः**- कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१।८२ को क्रियाकलाप सि.नं.२.७.११.१ आधारमा दिवा खाजा मापदण्ड तथा कार्यक्रम सहजीकरण पुस्तिका,२०७६ को मापदण्ड अनुसार हुने गरी विद्यालयले दिवा खाजा खुवाएको देखिने गरी विद्यार्थी हाजिरी र सो अनुसार भरपाई समावेश गरी दिवा खाजा खर्च निकासा गरी अनुगमन समेत गर्नु पर्दछ। पालिकामा देहायाबमोजिमको विद्यालयलाई तेस्रो किस्तामा दिवा खाजा वापत यस वर्ष रु. ५९६०७०। निकासा गरेकोमा सत्यापन गरी विद्यर्थी संख्या र उपस्थित विद्यार्थीको प्रमाणित हाजिरी संख्या, विद्यालय व्यवस्थापन समितिको निर्णय र प्रमाणित गरेको खर्च विवरण, विल र भरपाई यकिन गरी पेश भएको छैन । खर्च पुष्टि हुनेगरी दिवा खाजा खुवाउने व्यवस्थापन समितिको निर्णय, सत्यापन गरी विद्यार्थी संख्या प्रमाणित भएको प्रतिवेदन, उपस्थित विद्यार्थीको प्रमाणित हाजिरी संख्या र दिवा खाजाको खर्च विवरण, विल र भरपाई सहितको प्रमाण पेश गर्नुपर्ने रु.

| क्र.स. | विद्यालयको नाम | तेस्रो |
|---|---|---|
| १ | श्री ने.रा.ब्रह्मपुरी आ.वि. ब्रह्मनगर | ४८०५५ |
| २ | श्री बाल प्रतिभा प्रा.वि. सुवर्णपुर | ३०५४० |
| ३ | श्री गृश्म रा.आ.वि. रामनगर | ४५९०० |
| ४ | श्री ज्ञानबाटिका मा.वि. सुवर्णपुर | ९९०० |
| ५ | श्री कृष्ण ने.रा.प्रा.वि. तीनघरे | ३९३६० |
| ६ | ने.रा.प्रा.वि. सिकारीबास | ३४७५० |
| ७ | श्री ने.रा.प्रा.वि. सरस्वतीनगर | ३२८९५ |
| ८ | श्री नेराआवि बनशक्ति टाउनप्लान | २७५४० |
| ९ | श्री ने.रा.प्रा.वि. हनुमाननगर | ४२४८५ |
| १० | श्री ने.रा.प्रा. पाठशाला रोजीनगर | ३५६९० |
| ११ | श्री सरस्वती ने.रा.आ.वि. ब्रह्मनगर | ९७०८० |
| १२ | श्री शान्ति प्रा.वि. चमरीटोल | ९६९४५ |
| | जम्मा | ५४११४० |

( ✂ ..... कार्यालयले बेरुजु फस्र्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-७** को निर्णयले रू **५४,९३०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,४१,१४० |

५७ **निशुल्क पाठ्यपुस्तकः-**

५७.१ कार्यक्रम कार्यान्वयन कार्यविधि,२०८१।०८२ को क्रियाकलाप नं.२.४.६.१ मा विद्यालयलाई पाठ्यपुस्तक बापतको रकम तेस्रो त्रैमासिक भित्र अनुदान दिने, यसरी अनुदान दिँदा पहिलो पटकमा विद्यार्थी संख्याको ७५ प्रतिशत संख्यालाई मात्र अनुदान दिने र शैक्षिक सत्र २०८१ को विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणका आधारमा यकिन गरी नपुग हुने रकम मात्र थप २५ प्रतिशतबाट अनुदान दिने र विद्यार्थीले शैक्षिक सत्रको सुरुवात मै पुरा सेटमा नयाँ पाठ्यपुस्तक पाए नपाएको अनुगमन गरी उपलब्धताको सुनिश्चितता गर्ने कार्य पालिकाको हुने व्यवस्था रहेको छ।

पालिका अन्तर्गतका २१ विद्यालयहरुलाई निःशुल्क पाठ्यपुस्तक वापतको गो.भौ.न १९३-०८१।१।१६ बाट रु. १६,०२,६१०। र असार महिनामा थप गो.भौ.न ३२७ - ०८२।०३।२३ बाट रु.५,१५,५४३। निकासा सहित जम्मा रु. २१,१८,१५३। अनुदान

निकासा गरेकोमा हालसम्म अनुगमन नगरेकोले निकासा भएको रकमको सहि सदुपयोग भएको छ भन्न सक्ने अवस्था देखिएन। पालिकाले नयाँ शैक्षिक सत्रमा भएको भर्नाको विवरण, पाठ्य पुस्तक खरिद र वितरणको विवरण, निकाशामा सत्यापन प्रमाणित, विधालयको वितरण भर्पाई, बैशाख/जेठ महिनाको हाजिरी, निशुल्क पाठ्यपुस्तक अनुदानको एकिकृत अभिलेख तयार गरेर प्रमाणित र अभिलेखिकरण गर्नुपर्नेमा गरेको देखिएन।कार्यविधिको कार्यान्वयन गर्नुपर्दछ ।

५७.२ **पाठ्यपुस्तक अनुदान बढी भुक्तानी:-** कार्यक्रम कार्यान्वयन कार्यविधि,२०८१।८२ को को क्रियाकलाप नं.२.४.६.१ मा तोकिए बमोजिम निकासा भुक्तानी गर्नु पर्ने व्यवस्था छ। पालिकाले सत्यापन प्रमाणित बेगर विद्यालयलाई एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली (IEMIS) को २०८१ को तथ्याङ्कको आधारमा पाठ्यपुस्तक अनुदान निकासा भुक्तानी देखियो। कार्यविधि अनुसार सत्यापन गराएर मात्र पहिलो पटक EMIS संग सत्यापन भिडान गरी विद्यार्थी संख्याको ७५ प्रतिशत संख्यालाई मात्र अनुदान दिने र शैक्षिकको विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरदि र वितरण गरेको भर्पाईको आधारमा यकिन गरी नपुग हुने रकम मात्र थप २५ प्रितशतबाट अनुदान दिने र विद्यार्थीले शैक्षिक सत्रको सुरुवात मै पुरा सेटमा नयाँ पाठ्यपुस्तक पाए नपाएको अनुगमन गरी उपलब्धताको सुनिश्चितता गर्ने कार्य पालिकाको हुने व्यवस्था रहेको छ। पालिकाले यस वर्ष निशुल्क पाठ्यपुस्तकमा २१ विद्यालयहरुलाई रु. २१,१८,१५३। निकासा गरेको छ।लेखापरीक्षणको क्रममा देहायका विद्यालयहरुको हाजिरी रजिष्टर परिक्षण गर्दा वास्तविक विद्यार्थी संख्या भन्दा देहायबकोजिको बढी संख्यामा वितरण गरिएको रु. ८८,४७४। सम्बन्धित विद्यालयहरुबाट असुल गरी अन्य विद्यालयको समेत पालिकाले सत्यापन गरी बढी भुक्तानी भए/नभएको यकिन गरी संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने देखिएको रु.

**(विस्तृत विवरण बेरूजु दफा ५७.२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| असुल गर्नुपर्ने | ८८,४७४ |
|---|---|

५७.३ **भरपाई पेश नभएको:-** पालिकाबाट प्राप्त जानकारी अनुसार देहायका विद्यालयहरुले लेखापरीक्षण अवधि सम्म पनि पाठ्यपुस्यक वितरण गरेको आवश्यक कागजात तथा प्रमाण पेश नगरेकोले सम्बन्धित विद्यालयहरुले विल, भरपाई र अनुगमन सहितको प्रतिवेदन पेश गर्नुपर्ने अन्यथा विद्यालयहरुबाट उक्त रकम असुल गर्नुपर्ने रु

| क्र.स. | विद्यालयको नाम | पहिलो ७५% | दोश्रो २५% | कुल जम्मा |
|---|---|---|---|---|
| १ | श्री बाल प्रतिभा प्रा.वि. सुवर्णपुर | ७,९९८ | ५९११ | १३,९०९ |
| २ | श्री ने.रा.प्रा.वि. हनुमाननगर | १५,७१९ | ७,०७२ | २२,७९१ |
| ३ | श्री सरस्वती मा.वि. गौतमनगर | २५३२२७ | १०५६१४ | ३५८,८४१ |
| ४ | श्री मा.वि. विजयबस्ती | १५१३६३ | ३६,९८० | १८८,३४३ |
| | जम्मा | | | ५८३८८४ |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-७** को निर्णयले रू **१३,५३६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-७** को निर्णयले रू **३१६,८२७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-८** को निर्णयले रू **२४९,०६८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-८** को निर्णयले रू **२०,६९३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-७** को निर्णयले रू **८,९६९** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-७** को निर्णयले रू **३१,३०५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-७** को निर्णयले रू **३,८९७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-७** को निर्णयले रू **५०,३३३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,८३,८८४ |

५८ **लेखापरीक्षण प्रतिवेदनः-**

कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।८१ मा सम्पूर्ण विद्यालयले गरेका आम्दानी तथा खर्चको समयमै लेखापरीक्षण गराउने र सो को प्रतिवेदनको १ प्रति सम्बन्धित पालिकामा पठाउनुपर्ने व्यवस्था रहेको र अन्तरसरकारी वित्त व्यवस्थापन ऐन,२०७४ को दफा २८ बमोजिम अनुदानको रकम जुन प्रयोजनको लागि प्राप्त भएको हो सोही प्रयोजनको लागि प्रयोग गर्नुपर्ने र दफा ९ (२) बमोजिम सशर्त अनुदानको रकम तोकिएको शर्तको अधिनमा रही खर्च गर्नुपर्ने व्यवस्था छ । लेखापरीक्षणको क्रममा विद्यालयहरुले २०८१।८२ को लेखापरीक्षण प्रतिवेदन पेश नगरेको पाईयो । विद्यालयले पेश गरेको २०८०।८१ को लेखापरीक्षण प्रतिवेदनबाट विभिन्न ११ वटा विद्यालयको छनौट गरी परीक्षण गर्दा विद्यालयलाई प्राप्त अनुदान खर्च नभई बाँकी रहेको संघीय सञ्चित कोष फिर्ता गर्नुपर्नेमा सो गरेको पाईएन । देहाय बमोजिमका विद्यालयहरुको आर्थिक वर्ष २०८०।८१ को खर्च नभई बाकी रहेको अनुदान रकम रु. ४८१४०। र अन्य विद्यालयहरुको समेत यकिन गरी संघीय सञ्चित कोष दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४८,१४० |

५९ **सशर्त स्वास्थ्य तर्फः-**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा पच्चिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचारपत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ। उपभोक्तालाई सहज सेवा,औषधि तथा सामानको पहिचान, सोको छनौट र प्रक्षेपण तथा खरिद र जिन्सी व्यवस्थापन समेत विषय समेटेर तिनै तहले कार्यान्वियन गर्न सक्ने गरी संघीय स्वास्थ्य सेवा विभाग,आपूर्ति व्यवस्था महाशाखाले औषधिजन्य मालसामान खरिद तथा आपूर्ति व्यवस्थापन सहजीकरण पुस्तिका,२०७४ जारी गरेको छ। यस वर्ष आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाको लागि संघीय सशर्त तर्फ रु. १६ लाख ३९ हजार बजेट विनियोजन भएको छ। पालिकाले विनियोजित रकमको विभिन्न भौचरहरुबाट रु. १५ लाख ७७ हजारको खरिद कार्य सम्पन्न गरेको छ । कम्पनीले प्रकाशित गरेको मुल्य सुची अनुसार खरिद गरेको जनाएको छ। औषधि खरिद गर्दा स्वास्थ्य मन्त्रालय, औषधि व्यवस्था विभाग तथा विश्वस्वास्थ्य संगठन र आयुर्वेद विभागले निर्धारण गरेका गुणस्तरका मापदण्ड आवश्यक हुने व्यहोरालाई समावेश गरी आवश्यक औषधि, मेडिकल उपकरण तथा औषधि प्रतिशपर्धात्मक तवरले खरिद गर्नु पर्दछ । पालिकाले आकस्मिक अवस्थामा खरिद गर्न सकिने प्रावधान राखी खरिद ऐनको प्रावधान विपरित सशर्त र पालिकाबाट छुट्टा छुट्टै बजेट राखी टुक्रा पारेर खरिद गर्नु नियमसम्मत देखिएन। खरिद ऐनको प्रावधान वमोजिम प्रतिष्पर्धात्मक तवरले खरिद गर्नुपर्दछ ।

५९.१ **स्वास्थ्य कर्मचारी व्यवस्थापनः-** स्थानीय सरकार सञ्चालन ऐन,२०७४ तथा निजामती सेवा ऐन,२०४९ को दफा ७ ख १ अनुसार स्थायी कर्मचारीको तलवी प्रतिवेदन सम्बन्धीत जिल्लाको कोष तथा लेखा नियन्त्रक कार्यालयबाट पारित गराई तलव खुवाउने व्यवस्था छ। त्यस्तै दफा ७ ख अनुसार तलवी प्रतिवेन पारित नगाराई तलव खुवाएमा त्यस्तो तलव खुवाउने पदाधिकारीबाट असुल गराउनु पर्ने प्रावधान छ। यस पालिका अन्तर्गत स्वास्थ्य तर्फ कार्यरत ७ कर्मचारीका लागि (२३ करारको समेत) तलावी प्रतिवेदन पारित नगरी तलव भत्ता वापत रु. १,८९,३४,४४८। (सशर्ततर्फ) भुक्तानी दिएको छ। तलवी प्रतिवेदन पारित नगराई खर्च लेखेको, विवरण अद्यावद्यिक नगरेको देखिएको हुदा बढी ग्रेड भुक्तानी भएको छैन भन्न सकिएन। निजामति सेवा ऐन,२०४९ बमोजिम दरबन्दी अनुसार कर्मचारी पदपुर्ती र व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ। पालिका अन्तर्गत स्वास्थ्य तर्फको दरबन्दी तेरिज तयार गरेको देखिएन। पालिकाले

स्वास्थ्य तर्फका कर्मचारीहरुको दरवन्दी एकिन गरी ऐँन बमोजिम स्विकृत दरबन्दीमा कर्मचारी व्यवस्थापन गरिनुपर्दछ।दरवन्दी एकिन बिना कर्मचारीलाई तलव भत्ता भुक्तानी दिने र तलवी प्रतिवेदन पास नगरी ग्रेड भिडान विना तलव भत्ता दिने परिपाटी नियन्त्रण गर्नुपर्दछ।

५९.२ **पारिश्रमिक करः-** आयकर ऐन, २०५८ को दफा ८७ मा पारिश्रमिक कर योग्य आयमा पहिलो १ लाखमा १० प्रतिशत त्यस पछिको २ लाखमा २० प्रतिशत र ७ लाख ५० हजार देखि २० लाखसम्म ३० प्रतिशतका दरले पारिश्रमिक कर लाग्ने व्यवस्था छ । कुनै आय वर्षमा ऐनको दफा ५० बमोजिम छनौट गर्ने कुनै दाम्पतीको करयोग्य आयमा अनुसुची १ को उपदफा (४) र (४क) बमोजिम पहिलो २ लाखमा १० प्रतिशत त्यस पछिको ३ लाखमा २० प्रतिशतका र ११ लाख देखि २० लाख सम्म ३० प्रतिशतको दरले पारिश्रमिक कर लाग्ने व्यवस्था छ। कार्यलयको कर्मचारीहरुको बार्षिक तलब भत्ता, प्रोत्साहन भत्ता तथा अन्य सुविधा बापतको रकममा देहाय बमोजिम पारिश्रमिक कर रु. ४३९२६। दाखिला गरेको नदेखिएकोले दाखिला हुनपर्ने रु

| सि.नं. | पद | नाम | कर योग्य वार्षिक आय | छुट | खुद कर योग्य आय | वार्षिक कर |
|---|---|---|---|---|---|---|
| १ | सहायक पाँचौ | प्रेम कुमारी थिङ्ग्स्या | ६४२६६० | ६००००० | ४२६६० | ४२६६ |
| २ | अधिकृत सातौं | शुभनारायण साह | ७४४५५४ | ६००००० | १४४५५४ | १४४५५ |
| ३ | अधिकृत छैटौं | मुकेश कुमार झा | ७१९५७३ | ६००००० | ११९५७३ | ११९५७ |
| ४ | अधिकृत सातौं | धर्मराज बहादुर थापा | ७३२४८४ | ६००००० | १३२४८४ | १३२४८ |
| | जम्मा | | | | | ४३९२६ |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८३-१-६** को निर्णयले रु **३,२३५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ४३,९२६ |
|---|---|

५९.३ **औषधि खरिदः-** नगरपालिकाले ६१ प्रकारका औषधिजन्य र सर्जिकल सामनाको लागि संघीय सशर्त चालुको भौ.नं. ६७ - ०८१।०९।१४ बाट रू.९,९५,३६९, २३४-०८२।०२।२० र ३१२ - ०८२।०३।२३ बाट रू. ६२५४७५ र १९९९६०। समेत गरी रू. १८,२०,८०४ को इलाईट मेडिहेल्थ कन्सर्न प्रा.लि. र मेडिसेल्स मेडिको फर्मा बाट औषधि तथा हेमन्त आयुर्वेद फर्मा सर्जिकलबाट विभिन्न फर्महरुसँग दररेट माग गरी सोझै सामाग्री खरिद गरी भुक्तानी दिएको छ। यस सम्बन्धमा देखिएको अन्य व्यहोराहरु निम्नानुसार छनः

•सार्वजनिक खरिद नियमावली, २०६४ को नियम (११) अनुसार कुनै पनि सार्वजनिक निकायले मालसामान खरिद गर्नु पूर्व लागत अनुमान तयार गर्नुपर्नेमा पालिकाले लागत अनुमान तयार नगरी दररेट मागको आधारमा औषधि खरिद गरेको,औषधी खरिद गर्दा आवश्यकता विश्लेषण गरेको र खरिद योजना बनाएको, आवश्यकताको आधारमा परिमाण यकिन नगरी पालिकाले औषधि खरिद गरी वितरण गरेको भनिए पनि वितरण तथा हस्तान्तरण, पालिकाले खरिद गरेको औषधि elmis मा प्रविष्टि गरेको विवरण पेश गरेको, आपूर्ति हुने औषधि WHO/GMP सर्टिफाइड हुनुपर्ने व्यवस्था रहेकोमा खरिद गरिएको औषधिको गुणस्तर परीक्षण प्रतिवेदन श्रेस्ताको साथ संलग्न नरहेको, औषधिको म्याद समाप्त मिति खुलाई उल्लेख गर्नुपर्ने र न्युनतम १८ महिना म्याद अवधि बाँकी रहनुपर्ने कानूनी व्यवस्था रहेकामा सो विषय सम्झौतामा उल्लेख नगरेको, औषधीको आपूर्ति पछि भुक्तानी अघि गुणस्तर अनुसारको सामान भए नभएको मूल्याङ्कन समितको प्रतिवेदनको आधारमा यकिन गरी भुक्तानी दिनुपर्नेमा खरिद सम्झौतामै गुणस्तर र स्पेशिफिकेसन नतोकिएकोले गुणस्तर परीक्षण सम्बन्धी कार्य गरेको, निःशुल्क वित्तरणको लागि भनी औषधीको प्रत्येक स्ट्रिप र बोतलमा उल्लेख गरी कारोवार गरेको, आपूर्ति भएका औषधी एवंम् सर्जिकल समान स्टोर दाखिला हुनु अघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गरेको, औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई

आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेकोले जिल्लाबाट कति औषधि प्राप्त भयो यकिन, पालिकाले खरिद गरेको र अनुदानबाट प्राप्त भएको औषधिको छुट्टा-छुट्टै अभिलेख राखेको देखिएन ।

•औषधिको खर्च घटाउदा माग फारामको आधारमा घटाउनु पर्नेमा एकमुष्ट घटाउने गरेको, खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुनेगरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी मागको आधारमा स्वास्थ्य चौकीहरुमा हस्तान्तरण गरेको प्रमाणको आधारमा खर्च घटाउनु पर्दछ।

नमुना छनौटका आधारमा गरिएको परिक्षणमा कुनै पनि खरिदमा ब्याच नं, उत्पादन मिती र अवधि उल्लेख नभएको, निशुल्क वितरण गर्ने भन्ने छाप नलगाईएको, सोझै खरिद गरिएको, निकासा समेत पाम्स मार्फत गरीसकेको र ELMIS मार्फत खरिद, दाखिला र हस्तान्तरण नगरेकोको खरिद गरिएको औषधी खरिद भएको नभएको यकिन गर्न सकिएन । पालिकाले ELMIS मा खरिद, दाखिला एंव हस्तान्तरण गर्नुपर्दछ ।

५९.४ **किशोर किशोरी तथा प्रजनन रुग्णता स्वास्थ्य सेवाः-** नवशिशु कार्यक्रम निर्देशिका २०७८ मा कार्यक्रम सम्पन्न पश्चात सम्बन्धित पालिकाले कार्यक्रमको प्रतिवेदन र प्रमाणीकरण गरेको अभिलेख स्वास्थ्य कार्यालय र प्रदेश निर्देशनालय र परिवार कल्याण महाशाखामा पठाउनुपर्ने व्यवस्था छ।पालिकाले गो भौ नं. ३७०- २०८२।०३।२९ बाट यस वर्ष किशोर किशोरीको यौन तथा प्रजनन रुग्णता स्वास्थ सम्बन्धी शिविर कार्यक्रम गरी रु. ११६०००।० खर्च गरेकोमा सोको प्रतिवेदन सम्बन्धित निकायमा पठाएको देखिएन।शिविर सञ्चालन पछि किशोर किशोरीको यौन साक्षरता र शिक्षामा भएको सुधार र गरेको दुरगामि अभिलेख पालिका सँग छैन। अतःनियमानुसार पालिकाले कार्यक्रमको प्रतिवेदन सम्बन्धित निकायमा पठाउनुपर्दछ।

५९.५ **राष्ट्रिय भिटामिन ए कार्यक्रमः-** बैशाख ६ र ७ र कार्तिक २ र ३ गते भिटामिन ए तथा जुकाको औषधि आम वितरण अभियान अन्तर्गत महिला सामुदायिक स्वास्थ्य स्वंयम सेविकाले लक्षित उमेरका ६ देखि ५९ महिनाका बालबालिकालाई भिटामिन ए तथा १ वर्पदेखि ५ वर्षसम्मका बालबालिकाहरुलाई जुकाको औषधि खुवाउने रहेको देखिन्छ। पालिकाले गो. भौ नं. ८५ र २९९ बाट भिटामिन ए तथा जुकाको औषधि वितरणको लागि कुल रु. ११००००। खर्च गरेको देखिन्छ। पालिकामा कुल ६ देखि ५९ उमेर समुहको बालबालिका ११७१ रहेकोमा प्रगति सुचकको रुपमा भिटामिन ए ११७१ लाई खुवाउने लक्ष्य लिएकोमा ११५१ जनालाई र जुकाको औषधि १०३३ जनालाई खुवाउने लक्ष्य भएकोमा १०१७ जनालाई खुवाएको देखिन्छ। यसबाट लक्ष्य अनुसार प्रगति देखिएतापनि पालिकामा पालिकामा कुल वालबालिकाको संख्या कति छन् र अभियानमा सहभागि हुन छुटेका कति छन् सो अभिलेख तथा प्रतिवेदन छैन।साथै कार्यक्रम सम्पन्न भएपछि १ हप्ताभित्र कार्यसम्पन्न प्रतिवेदन सम्बन्धित स्थानीय तहमा बुझाउनुपर्नेमा सो नबुझाएको देखियो।अत पालिकाले आफ्नो क्षेत्रभित्र कुल बालबालिकाको संख्या यकिन गरी कार्यक्रम संचालन गरी कार्यविधि अनुसार प्रतिवेदन पेश गर्नुपर्दछ।

## ६० सामाजिक सुरक्षा भत्ता

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्यक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अधावद्यिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय तहको हुने व्यवस्था छ । पालिकाले यस वर्ष सामाजिक सुरक्षा भत्ता वितरणका लागि जम्मा रु ९,५१,३५,५६५.०० विद्युतीय भुक्तानी प्रणाली मार्फत् बैंकमा पठाईएको पाइयो ।

६०.१ पालिकाले सामाजिक सुरक्षा अन्तर्गत यस वर्ष सबै समुहका गरी २३६० जना लाभग्राहीलाई रु. ९,५१,३५,५६५.०० खर्च गरेकोमा देखिएका व्यहोराहरु निम्नानुसार छन् :

**फरक विवरण :** पालिकाले CGAS मार्फत उपलब्ध गराएको सामाजिक सुरक्षाको निकासा तथा खर्च रु. ९,५०,८२,६४९.०० देखिएकोमा VRSP-MIS System मार्फत उपलब्ध गराएको विवरण अनुसार जम्मा निकासा रु.९,५१,३५,५६५.०० देखिन्छ । सामाजिक सुरक्षा भत्ता वितरणमा CGAS र VRSP-MIS System बीच फरक रकम रु. ५२,९१६।- रहेको छ । पालिकाले

आई.पि.एफ.एम.एस प्रणालीमा फरक पर्नुमा लाभग्राहीको खाता नम्बर, नाम, नागरिकता नम्बर म्याच नगरेको र खाता निष्कृय भईसकेको लगायतका कारण जनाएको छ । पालिकाले दुवै प्रणालीबीच एकरुपता हुनेगरी आर्थिक विवरण तयार गर्नुपर्दछ ।

**(विस्तृत विवरण बेरूजु दफा ६०.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

६०.२ **निस्कृय खाता :** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं २३ र २४ मा बैंक मार्फत भत्ता वितरण गर्दा बैंकले स्थानीय तहबाट प्रणाली मार्फत फर्वाड फिड बमोजिमको लाभग्राहीको विवरण प्राप्त गर्ने र प्राप्त विवरणको आधारमा सम्बन्धित लाभग्राहीको खातामा रकम जम्मा गर्नुपर्ने र खाता सञ्चालन गर्ने बैङ्क तथा वित्तीय संस्थाले यस प्रकारका खाताहरु मध्ये निष्कृय खाताको विवरण प्रत्येक श्रावण महिनाभित्र सम्बन्धित स्थानीय तहका साथै विभागलाई दिनुपर्ने व्यवस्था रहेकोमा लेखापरीक्षणको क्रममा विवरण माग गर्दा पेश नभएकोले थप विश्लेषण गर्न सकिएन। पालिकाले कार्यविधिमा व्यवस्था भए बमोजिम निष्कृय खाताको विवरण माग गरी निष्कृय खाताका लाभग्राहीहरुमध्ये वास्तविक लाभग्राहीहरु सम्बन्धमा सम्बन्धित वडाबाट यकिन गरी लाभग्राही नभएको अवस्थामा खातामा निस्कृय रहेको रकम नियमानुसार असुल गरी संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्दछ।

एक आर्थिक वर्षमा एक पटक पटक पनि रकम नझिकेका लाभग्राहीको विवरणः कार्यविधिको दफा २६(३) मा एक आर्थिक वर्षमा एकपटक पनि रकम नझिकेका लाभग्राहीको विवरण सेवा प्रदायक बैंकबाट अनुसूची-११ बमोजिमको ढाँचामा प्राप्त गरी त्यस्ता लाभग्राहीका सम्बन्धमा स्थानीय तहले आवश्यक छानविन गरी कुनै लाभग्राहीको मृत्यु भएको वा कुनै कारणले भत्ता प्राप्त गर्न योग्य नभएको पाईएमा सम्बन्धित बैंकबाट लगत कट्टा हुने मिति सम्मको रकम सम्बन्धित हकवालालाई भुक्तानी गरी सो मिति भन्दा पछिको रकम फिर्ता गरी संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने उल्लेख छ । पालिकाले बैंकबाट विवरण प्राप्त गरेको देखिएन । कार्यविधिमा भएको व्यवस्था बमोजिम सेवाप्रदायक बैंकबाट अनुसूची-११ बमोजिमको ढाँचामा विवरण प्राप्त गरी लाभग्राही विवरण अद्यावधिक गर्नुपर्दछ ।

**लगत कट्टाको अभिलेख :** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं ११ मा मृत्यू भएमा, बसाइँ सरी गएमा, एकल वा विद्यवा महिलाले विवाह गरेमा, बालबालिकाको हकमा पाँच बर्ष (साठी महिना) उमेर पूरा भएमा, नवीकरण नगरेमा, एक आर्थिक बर्षको कुनै पनि किस्ता रकम नबुझेमा बा बैंक मार्फत वितरण भएकोमा लगातार एक बर्षसम्म खाता निष्क्रिय भएमा वा अयोग्य व्यक्तिले भत्ता प्राप्त गरेको प्रमाणित भएमा त्यस्ता लाभग्राहीको नाम सम्बन्धित स्थानीय तहको मूल अभिलेखबाट कट्टा गर्नुपर्ने तथा लगत कट्टा गरी एको व्यहोरा अभिलेखमा स्पष्ट जनाई सम्बन्धित स्थानीय तहको वडाका सचिब वा निजले तोकेको जिम्मेवार पदाधिकारीले प्रमाणीत गर्नुपर्ने व्यवस्था छ। लेखापरीक्षणको क्रममा मुल अभिलेख खाता र आर्थिक वर्ष २०८१।८२ को लगत कट्टाको विवरण माग भएकोमा मृत्यु भएका, वसाईसराई भए गएका तथा आएका नागरी कहरुको अभिलेख प्रणालीमा जनाएको विवरण मात्र तयार गरेको छ । पालिकाले मुल अभिलेख खाता र लगत कट्टाको स्पष्ट अभिलेख नभएकाले कार्यविधिको बुँदा नं. १२ बमोजिम लगत कट्टा गर्नुपर्ने लाभग्राहीको लगत कट्टा भए नभएको र लगत कट्टा गर्नुपर्ने व्यक्तिलाई समेत भुक्तानी भएको छैन भनी एकीन गर्न सकिएन। आगामी दिनमा पालिकाले कार्यविधिको पालिना गर्दै सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीको विवरण अध्यावधिक गरी भत्ता वितरण गर्नुपर्दछ ।

६०.३ **लाभग्राहीको अभिलेखः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को बुँदा नं १० मा भत्ता पाउने लाभग्राहीको फोटो सहितको मूल अभिलेख नियमावलीको अनुसूची-३ बमोजिम लक्षित समूह अनुसार छुट्टाछुट्टै अद्यावधिक गरी स्थानीय तह र प्रत्येक वडा कार्यालयमा राख्नुपर्ने व्यस्था छ । सो बमोजिम पालिकाले अभिलेख राखेको देखिएन । साथै सामाजिक सुरक्षा सम्बन्धी सूचनालाई व्यवस्थित गर्न राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागले व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन सूचना प्रणाली कार्यान्वियनमा ल्याएको छ । उक्त प्रणालीमा सम्बन्धित स्थानीय तहले लाभग्राहीको विवरण प्रविष्टि गरी फोटो सहितको पुरा विवरण अभिलेख राखी अद्यावधिक राख्नुपर्दछ ।

**वितरणको समिक्षा:** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद- ७ दफा ३१ मा भत्ता प्राप्त गर्ने व्यक्तिको विवरण स्थानीय तहले सम्बन्धित गाउँसभा वा नगरसभामा पेश गर्नुपर्ने, स्थानीय तहले सञ्चालन गरेको कार्यक्रमको चौमासिक वा वार्षिक रुपमा समिक्षा गर्दा सामाजिक सुरक्षा भत्ता कार्यक्रममा भएको निकासा तथा खर्चको पनि समिक्षा गर्नुपर्ने व्यवस्था छ । पालिकाले सञ्चालन

गरेको कार्यक्रमको चौमासिक वा वार्षिक रुपमा समिक्षा गर्दा सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धी यस कार्यविधि बमोजिमको समिक्षा गरेको पाइएन । कार्यविधिको पालना गर्नेतर्फ कार्यलयले ध्यान दिनुपर्दछ।

**पारदर्शिता कामय गर्नेः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३२(२) बमोजिम स्थानीय तहले भुक्तानी गरेको रकम र बुझी लिने व्यक्तिको नामावली स्थानीय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्ने र उपदफा-३ बमोजिम भत्ता प्राप्त गर्ने लाभग्राहीको नामावली सम्बन्धित स्थानीय तहको वेभसाइटमा राख्ने व्यवस्था छ। पालिकाले लाभग्राहीको नामावली सार्वजनिक गर्नुको साथै वेभसाइटमा प्रकाशन गरेको छैन ।

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : ठोरी (सुवर्णपुर) गाउँपालिका, पर्सा , ठोरी गाउँपालिका , पर्सा

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| २,८१२,८४० | ९,४७५,००० | १९,६६२,३३३.९२ | ० | ० | १००,००० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | ३२,०५०,१७३.९२ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्यौंट गरी संपरीक्षण भएको रकम रु.** | ७५२,७९३ |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | ३१,२९७,३८०.९२ |

स्थानीय तह :

| **गत बर्षको जिम्मेवारी** | | २४६९७९१९ | |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | २७३६७९८८० | **चालु खर्च** | २४०७२६२५९ |
| **प्रदेश सरकारबाट अनुदान** | १३०९५००० | **पूँजीगत खर्च** | १०३५७४२४७ |
| **राजश्व बाँडफाँट** | ९०६५११७९ | **वित्तीय/अन्य व्यवस्था** | १४०५३०२८१ |
| **आन्तरिक आय** | ४२६७३११.० | | |
| **अन्य आय** | १०११५३७६० | | |
| **कुल आय** | ४८२८४७१३०.० | **कुल खर्च** | ४८४८३०७८७ |
| **बाँकी मौज्दात** | | २२७१४२६२ | |

## अनुसूची - २

## बेरूजु दफा ३ सँग सम्बन्धित विवरण - अनुसूची -३

| शीर्षक | चालु आ.ब. | | | | | | गत आ.ब. | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | अनुमान | | | यथार्थ प्राप्ति | | | यथार्थ प्राप्ति | | |
| | संघीय सरकार | प्रदेश सरकार | जम्मा अनुमान | संघीय सरकार | प्रदेश सरकार | जम्मा प्राप्त | संघीय सरकार | प्रदेश सरकार | जम्मा प्राप्त |
| समानिकरण अनुदान | ९१३००००००.० | ६२९५०००.० | ९७५९५०००.० | ८३७७६८८०.० | ६२९५०००.० | ९००७१८८०.० | ८५३७४०००.० | ६४४८०००.० | ९१८२२०००.० |
| शसर्त अनुदान पुँजीगत | ७३२५०००.० | ८००००००.० | १५३२५०००.० | ६४७७९२०.० | ५७१८६१०.० | १२१९६५३०.० | ६८९५७३२.० | ०.० | ६८९५७३२.० |
| शसर्त अनुदान चालु | १७८३७८०००.० | ०.० | १७८३७८०००.० | १६८२२८५४१.७ | ०.० | १६८२२८५४१.७ | १६७०२४८१७.७ | ०.० | १६७०२४८१७.७ |
| विषेश अनुदान पुँजीगत | ६००००००.० | ०.० | ६००००००.० | ३९३९२८१.० | ०.० | ३९३९२८१.० | ०.० | २९८७३३७.० | २९८७३३७.० |
| विषेश अनुदान चालु | ०.० | ३००००००.० | ३००००००.० | ०.० | ०.० | ०.० | ८४८२४३६.० | ०.० | ८४८२४३६.० |
| समपुरक अनुदान पुँजीगत | ०.० | २००००००.० | २००००००.० | ०.० | ०.० | ०.० | ४९७२९१८.० | ०.० | ४९७२९१८.० |
| | २८३००३०००.० | १९२९५०००.० | ३०२२९८०००.० | २६२४२२६२२.७ | १२०१३६१०.० | २७४४३६२३२.७ | २७२७४९९०३.७ | ९४३५३३७.० | २८२१८५२४०.७ |

## बेरूजु दफा ५०.३ सँग सम्बन्धित विवरण - अनुसूची -४

| क्र.सं. | विद्यालयको नाम र ठेगाना | शिक्षक दरबन्दी | पदपुर्ति | पदपुर्तिमध्ये करार | राहत | उ मा वि अनुदान | प्राविधिक | विद्यालय कर्मचारी | स्वंयसेवक | बालविकास | जम्मा | विद्यार्थी संख्या | प्रति शिक्षक विद्यार्थी संख्या |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | श्री ने.रा.प्रा. पाठशाला रोजीनगर | ४ | ४ | ० | ० | | | १ | | २ | ६ | १९ | ३ |
| २ | श्री ने.रा.प्रा.वि. सरस्वतीनगर | ४ | ४ | ० | ० | | | १ | | २ | ६ | ४१ | ७ |
| ३ | श्री नेरा प्राबिधि मा.वि. दिपकनगर | २३ | २३ | ० | ६ | २ | ८ | ३ | १ | ३ | ४३ | ३८७ | ९ |
| ४ | श्री ने.रा.प्रा.वि. हनुमाननगर | ४ | ४ | ० | १ | | | १ | | २ | ७ | ४७ | ७ |
| ५ | श्री कृष्ण ने.रा.प्रा.वि. तीनघरे | ३ | ३ | ० | ० | | | १ | | २ | ५ | ४३ | ९ |
| ६ | श्री सरस्वती मा.वि. गौतमनगर | १९ | १९ | २ | ५ | २ | | २ | | २ | २८ | ५१७ | १८ |
| ७ | श्री ने.रा.प्रा.वि. इच्छानगर | ३ | ३ | १ | १ | | | १ | | २ | ६ | ७० | १२ |
| ८ | श्री नेराआवि बनशक्ति टाउनप्लान | ७ | ७ | १ | ४ | | | १ | | २ | १३ | ४० | ३ |
| ९ | श्री गृश्म रा.आ.वि. रामनगर | ७ | ७ | १ | १ | | | १ | १ | २ | ११ | ९२ | ८ |
| १० | श्री ने.रा.मा.वि. ओडार | १७ | १७ | ४ | ६ | २ | | २ | २ | २ | २९ | २८८ | १० |
| ११ | श्री ने.रा.ब्रह्मपुरी आ.वि. ब्रह्मनगर | ७ | ७ | ० | ५ | | | १ | २ | २ | १६ | ११८ | ७ |
| १२ | श्री सरस्वती ने.रा.आ.वि. ब्रह्मनगर | ७ | ७ | १ | ४ | | | १ | १ | २ | १४ | ११० | ८ |
| १३ | ने.रा.प्रा.वि. सिकारीबास | ३ | ३ | ० | १ | | | १ | | २ | ६ | ३८ | ६ |
| १४ | श्री ने.रा.आ.वि. निर्मलबस्ती | ७ | ७ | १ | १ | | | १ | २ | ४ | १४ | १६६ | १२ |
| १५ | श्री ज्ञानज्योती मा.वि. घ्याँङ्गडाँडा | १२ | १२ | ० | ५ | | | २ | १ | ३ | २१ | ३९१ | १९ |
| १६ | श्री मा.वि. विजयबस्ती | १७ | १७ | ३ | ३ | २ | | ३ | १ | ३ | २६ | ३०० | १२ |
| १७ | श्री ने.रा.प्रा.वि. बागमोर्चा | ३ | ३ | १ | १ | | | १ | | २ | ६ | ५१ | ९ |
| १८ | श्री ज्ञानबाटिका मा.वि. सुवर्णपुर | १७ | १७ | ४ | ३ | | | ३ | | २ | २२ | ४०२ | १८ |
| १९ | श्री बाल प्रतिभा प्रा.वि. सुवर्णपुर | ३ | ३ | १ | १ | | | १ | | १ | ५ | ३५ | ७ |
| २० | श्री सखुवाटी ने.रा.प्रा.वि. | ५ | ५ | ० | ३ | | | १ | | ३ | ११ | २१३ | १९ |
| २१ | श्री शान्ति प्रा.वि. चमरीटोल | ५ | ५ | ० | १ | | | १ | | ३ | ९ | ११८ | १३ |
| जम्मा | | १७७ | १७७ | २० | ५२ | ८ | ८ | | ११ | | ३०४ | ३४८६ | ११ |

**बेरूजु दफा ५७.२ सँग सम्बन्धित विवरण - अनुसूची -५**

| विद्यालयको नाम | कक्षा | पा.पु विल/ माग | भरपाई | फरक | रकम दर | कुल जम्मा |
|---|---|---|---|---|---|---|
| श्री सरस्वती ने.रा.आ.वि. ब्रह्मनगर | २ | १२ | ९ | ३ | ५५७ | १६७१ |
| | ३ | १२ | ९ | ३ | ५८१ | १७४३ |
| | ५ | २१ | १६ | ५ | ६३४ | ३१७० |
| | ६ | १२ | ८ | ४ | ७०८ | २८३२ |
| | जम्मा | | | | | ९४१६ |
| श्री ने.रा.आ.वि. निर्मलबस्ती | १ | १५ | १२ | ३ | ५२१ | १५६३ |
| | ३ | १५ | ११ | ४ | ५८१ | २३२४ |
| | ५ | २१ | १८ | ३ | ६३४ | १९०२ |
| | ६ | २३ | २० | ३ | ७०८ | २१२४ |
| | ८ | १३ | १० | ३ | ८८२ | २६४६ |
| | जम्मा | | | | | १२८६५ |
| श्री सखुवाटी ने.रा.प्रा.वि. | १ | ३५ | ३० | ५ | ५२१ | २६०५ |
| | २ | २३ | २० | ३ | ५५७ | १६७१ |
| | ३ | २४ | २० | ४ | ५८१ | २३२४ |
| | ५ | ३३ | २० | १३ | ६३४ | ८२४२ |
| | जम्मा | | | | | १४८४२ |
| श्री ने.रा.ब्रह्मपुरी आ.वि. ब्रह्मनगर | १ | ११ | ६ | ५ | ५२१ | २६०५ |
| | २ | १० | ५ | ५ | ५५७ | २७८५ |
| | जम्मा | | | | | ५३९० |
| श्री ने.रा.मा.वि. ओडार | ६ | १२ | १० | २ | ७०८ | १४१६ |
| | ७ | २० | १५ | ५ | ७४८ | ३७४० |
| | ९ | ५५ | ४९ | ६ | ७७० | ४६२० |
| | १० | २१ | १९ | २ | ९२४ | १८४८ |
| | जम्मा | | | | | ११६२४ |
| श्री नेरा प्राबिधि मा.वि. दिपकनगर | १ | १० | ७ | ३ | ५२१ | १५६३ |
| | २ | १० | ३ | ७ | ५५७ | ३८९९ |
| | ३ | १७ | ११ | ६ | ५८१ | ३४८६ |
| | ४ | २७ | ११ | १६ | ५९६ | ९५३६ |
| | ५ | २७ | २२ | ५ | ६३४ | ३१७० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | ६ | ३२ | २५ | ७ | ७०८ | ४९५६ |
| | ७ | ३२ | २४ | ८ | ७४८ | ५९८४ |
| | जम्मा | | | | | ३२५९४ |
| श्री गृश्म रा.आ.वि. रामनगर | ३ | १३ | १० | ३ | ५८१ | १७४३ |
| कुल जम्मा | | | | | | ८८४७४ |

## बेरूजु दफा ६०.१ सँग सम्बन्धित विवरण - अनुसूची - ६

| सामाजिक सुरक्षा भत्ता वितरण | पहिलो त्रैमासिक | | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक | चौँथो त्रैमासिक | | जम्मा वितरण रकम |
|---|---|---|---|---|---|---|---|
| | वितरण संङ्ख्या | वितरण रकम | वितरण रकम | वितरण रकम | वितरण संङ्ख्या | वितरण रकम | |
| अन्य जेष्ठ नागरिक भत्ता | १४९८ | १७९३४६६० | १७९५२००० | १७९७२००० | १५४५ | १८४२९२४० | ७२२८७९०० |
| जेष्ठ नागरिक भत्ता (दलित) | ९९ | ७७६७२० | ८०५९८० | ८२७२६० | १०० | ७८७३६० | ३१९७३२० |
| जेष्ठ नागरिक एकल महिला | १५० | ११९७००० | ११९७००० | ११७६८२१ | १२७ | १००८१४० | ४५७८९६१ |
| विधवा | ३०६ | २४३१२४० | २४७११४० | २५४२९६० | ३२७ | २५८८१८० | १००३३५२० |
| पूर्ण अपाङ्गता भत्ता | ४० | ४५०८७० | ४८६७८० | ५०२७४० | ४४ | ५१८७०० | १९५९०९० |
| अति अशक्त अपाङ्गता भत्ता | ९४ | ५९३७१२ | ६०००९६ | ५८०९४४ | ९३ | ५८३०७२ | २३५७८२४ |
| दलित बालबालिका | ११० | १७०९६८ | १७०४५३ | १८६०४० | १२४ | १९३४८९ | ७२०९५० |
| जम्मा | २२९७ | २३५५५१७० | २३६८३४४९ | २३७८८७६५ | २३६० | २४१०८१८१ | ९५१३५५६५ |

# सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।

- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चिततताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।

- संघ र प्रदेशबाट प्राप्त अनुदानमध्ये खर्च नभई वर्षान्तमा बाँकी रहेको मौज्दात आर्थिक वर्ष समाप्तिपश्चात् समेत फिर्ता हुँदा खर्चमा यथार्थता नदेखिएकोले सोमा सुधार गर्नुपर्दछ ।
- स्थानीय तहहरूमा रहेका भारी यन्त्र उपकरणहरू निःशुल्करूपमा समेत प्रयोग गरेको कारण ती उपकरणबाट प्राप्त आम्दानी भन्दा सञ्चालन खर्च बढी रहेको देखिन्छ। अतः यस्ता उपकरण प्रयोगको शुल्क तोकी प्रयोग गरेको लगबुकको आधारमा शुल्क असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- आन्तरिक लेखापरीक्षण नुहने, भएकोमा प्रतिवेदन नदिने, प्रतिवेदनमा उल्लिखित बेहोरा कार्यान्वियन नहुने, आन्तरिक लेखापरीक्षकलाई फरक जिम्मेवारीमा खटाउने गरेकोले आन्तरिक लेखापरीक्षण प्रभावकारी देखिँदैन। आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउनुपर्दछ।
- पालिकामा निर्माणाधीन आधारभूत अस्पताल र कार्यालय भवन समयमै निर्माण सम्पन्न गर्नुपर्दछ । पालिकामा सञ्चालित आधारभूत अस्पतालको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी पालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ।